नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नु परेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।
कामना न्यूज पब्लिकेसन्स्
कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं
सम्पर्क : ९८०१००३७३७, ०१-४२६११७९
एक्सटेन्सन: १११/११२ (९ बजेदेखि ६ बजेसम्म)

नेपाल समाचारपत्र
नेपाली मनको नेपाली पत्रिका
NEPAL SAMACHARPATRA

शुक्रबार, माघ ५ २०७४ | Friday, January 19, 2018 | www.newsofnepal.com | नेसं ११३८ हिलाथ्व २ | वर्ष २४, अंक ९ | पृष्ठ १२ | मूल्य रु. १०/–

### अस्थायी राजधानी घोषणापछिको असर

# आन्दोलनले उग्ररूप लिँदै

**नेपाल समाचारपत्र**
काठमाडौं

बुधबार बसेको मन्त्रिपरिषद्को बैठकले प्रदेशको अस्थायी राजधानी तोकेपछि त्यसका विरुद्ध ठाउँठाउँमा आन्दोलन शुरू भएको छ। सरकारले तोकेको राजधानी नमान्ने भन्दै प्रधानमन्त्रीको पुतला दहन गर्नेदेखि सरकारी कार्यालयमा आगो लगाउने, अनिश्चितकालीन बन्द गर्नेजस्ता क्रियाकलाप शुरू भएको छ।

प्रदेश नम्बर ७ मा सबैभन्दा उग्र विरोधका कार्यक्रम भएका छन् भने आन्दोलनकारी र प्रहरीबीच भएको झडपमा परी दर्जनभन्दा बढी घाइते भएका छन्। त्यहाँ प्रधानमन्त्री पत्नी आरजु देउवाले सञ्चालन गरेको गैरसरकारी संस्थामा आक्रमण गरी आगजनी गरेका छन्। त्यस्तै धनकुटामा प्रदेश नम्बर १ को राजधानी हुनुपर्ने माग गर्दै गरेको आन्दोलनका क्रममा झडप हुँदा दर्जनौं आन्दोलनकारी घाइते भएका भएका छन्।

डोटीबाट स्थानीय संवाददाता विमल विष्टले पठाएको समाचारमा प्रदेश नम्बर ७ को राजधानी दीपायल माग गर्दै आक्रोशित डोटीका आन्दोलनकारीले कांग्रेस नेतृ एवम् प्रधानमन्त्री शेरबहादुर देउवाकी पत्नी आरजु राणाको गैरसरकारी संस्था ग्रामीण विकास एकता केन्द्र (रुडुक)को कार्यालय जलाएका छन्। जिल्ला सदरमुकाम सिलगढीको तल्लो बजारमा रहेको कार्यालयको भवन निजीघर भएकाले उक्त संस्थाका फर्निचरहरू र साइनबोर्ड बाहिर निकालेर तोडफोड गरी जलाइदिएका हुन्।



दीपायलबाट राजधानी कैलाली खोस्नमा मुख्य हात राणाको भएको भन्दै आन्दोलनकारीले रुडुकमा तोडफोड र आगजनी गरेका हुन्। आन्दोलनकारीले अन्तर्राष्ट्रिय गैरसरकारी संस्था गुड नेवर्स इन्टरनेसनलको गाडीमा समेत तोडफोड गरेका छन्। तोडफोडबाट बा१च४५४८ नम्बरको गाडीमा क्षति भएको जिल्ला प्रहरी कार्यालय डोटीले जनाएको छ।

त्यसैगरी दाङ संवाददाता नरेन्द्र केसीका अनुसार प्रदेश मुकाम दाङमा तोक्नुपर्ने माग गर्दै दाङमा शुरू गरिएको अनिश्चितकालीन हड्ताल जारी रहेको छ।

(क्रमशः पृष्ठ ९ मा)

### सशस्त्रमा ५ एआईजी थप्ने निर्णय

# हतारको निर्णयले उब्जाएको तीव्र असन्तुष्टि

दीपक रिजाल, काठमाडौं

सरकारले सुरक्षा निकायलाई संघीय ढाँचामा लैजाने नाममा पछिल्लो समय गरेको एउटा निर्णयले सबैलाई चकित पारेको छ। मुलुकको सीमालगायत महत्त्वपूर्ण क्षेत्रको सुरक्षा प्रदान गर्दै आएको सशस्त्र प्रहरी बलमा थप गर्न लागिएको सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षकको ५ वटा दरबन्दीका बारेमा गरिएको निर्णयले सुरक्षा निकायका पदाधिकारीलाई मात्र होइन, सबैलाई चकित पारेको हो।

सशस्त्र प्रहरी बललाई पनि नेपाल प्रहरीकै जस्तो संघीय ढाँचामा लैजाने भन्दै गृह मन्त्रालयद्वारा गरिएको निर्णयले सो संगठनभित्र तीव्र असन्तुष्टि सृजना गरेको छ। गृह मन्त्रालयद्वारा पुस २७ को मितिमा जारी एआईजीको दरबन्दी बढाउनेसम्बन्धी निर्णयमा प्रदेश मन्त्रालयको सचिवमा राजपत्राङ्कित प्रथम श्रेणी रहने निर्णय भएमा प्रदेश प्रमुखका रूपमा सशस्त्र प्रहरी नायब महानिरीक्षक हुने गरी पद मिलान गर्ने उल्लेख छ। यस्तै उक्त निर्णयमा हाल बढुवाका लागि थप गरिएका ५ एआईजीको पदलाई स्वतः फाजिलमा राख्ने गरी स्वीकृति दिने उल्लेख गरिएको छ।




सीमा सुरक्षाको प्रमुख जिम्मेवारी पाएको सशस्त्र प्रहरी बलको दरबन्दी करिब ३७ हजारको हाराहारीमा रहेको छ। सो संगठनमा यसअघि ६ सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक रहेकामा अब संघीयता कार्यान्वयन गर्ने नाममा ११ पुर्‍याउन लागिएको छ। सो संगठनको अन्य दरबन्दी मिलान नगरी एआईजी र केही एसपीको मात्रै दरबन्दी बढाएपछि सशस्त्र प्रहरीभित्र तीव्र असन्तुष्टि बढेको छ।

सरकारले प्रदेश मन्त्रालयमा रहने सचिव विशिष्ट श्रेणी कि प्रथम श्रेणीको भन्नेबारे कुनै निर्णय नै नगरेको अवस्थामा मुख्यसचिव लोकदर्शन रेग्मी, गृहसचिव मोहनकृष्ण सापकोटा र सशस्त्र प्रहरी महानिरीक्षक सिंहबहादुर श्रेष्ठले दुनियालाई हसाउने खालको निर्णय गराएको चर्चा भएको छ।

गृह मन्त्रालयद्वारा तयार पारिएको र मन्त्रिपरिषद्बाट स्वीकृत उक्त निर्णयअनुसार एआईजीमा बढुवा हुने सूचीमा रहेका जानकी भट्टराई, सुबोध अधिकारी, षडानन्द चौधरी, निराक्रमविक्रम शाह र सुरज श्रेष्ठ रहेका छन्।

बढुवाका लागि गृह सचिव र सशस्त्र प्रहरी महानिरीक्षक सम्मिलित बढुवा समितिले मंगलबार बढुवाको सूचना निकालेर बिहीबारसम्म बढुवाको सूचीमा रहेकालाई कागजात पेस गर्न निर्देशनसमेत दिएको छ। बढुवाको सूचीमा रहेका डीआईजीहरूले बढुवाका लागि चाहिने सबै कागजात पेस गरिसकेका छन्।

७५ हजार स्वीकृत दरबन्दी रहेको नेपाल प्रहरीमा १३ जना एआईजीको संख्या बढी भएको भन्दै आलोचना भइरहेका बेला गृह मन्त्रालयले ३७ हजारको हाराहारीमा दरबन्दी रहेको सशस्त्र प्रहरी बलमा ११ जना एआईजी बनाउने निर्णयले सरकारको चौतर्फी आलोचना भएको छ।

(क्रमशः पृष्ठ ९ मा)

# नेतृत्वको चर्को आलोचना

रामकृष्ण चापागाईं, काठमाडौं

राष्ट्रियसभा निर्वाचनको सन्दर्भमा छलफल गर्न बसेको कांग्रेस केन्द्रीय कार्यसमिति बैठकमा केन्द्रीय सदस्यहरूले नेतृत्वको चर्को आलोचना गरेका छन्। सभापति शेरबहादुर देउवाले निर्वाचन हारको समीक्षा अर्को बैठकमा गरौं भन्दै राष्ट्रियसभा निर्वाचनमा केन्द्रित हुन आग्रह गरे पनि केन्द्रीय सदस्यहरूले हारको समीक्षा गर्दै नेतृत्वको आलोचना गरेका हुन्।

बैठकमा सरकारले प्रदेशको अस्थायी राजधानी र प्रदेश प्रमुखको नियुक्तिको लागि सिफारिसप्रति असन्तुष्टि प्रकट गरेका छन्। बिहीबारबाट शुरू भएको केन्द्रीय समिति बैठक आज शुक्रबार पनि जारी रहने छ। बैठकमा बोल्ने अधिकांश केन्द्रीय सदस्यहरूले कांग्रेस नेतृत्व रणनीतिकरूपमा अघि बढ्न चुकेको भन्दै हालै सम्पन्न निर्वाचनमा पराजित हुनुको मुख्य कारण नेतृत्वकै कमजोरी भएको औंल्याएका छन्।

केन्द्रीय सदस्य दीपक गिरीले सरकारले तोकेको राजधानीप्रति असन्तुष्टि जनाउँदै बैठक नै बहिष्कार गर्नुभएको छ। केन्द्रीय सदस्य कमला पन्तले जानकारी दिएअनुसार नेता गिरीले ५ नम्बर प्रदेशको राजधानी दाङलाई नबनाएको भन्दै सरकारको नेतृत्व गरिरहेका सभापति देउवाको चर्को आलोचना गर्नुभएको थियो। प्रदेशको राजधानी बनाउन आएको सुझावलाई समेत लत्याएर सरकारले प्रदेश राजधानी तोकेको भन्दै केन्द्रीय सदस्य गिरीले बैठकमा आक्रोस पोख्नुभएको थियो।

**कांग्रेस केन्द्रीय समितिको बैठक**
- केन्द्रीय सदस्य गिरीद्वारा बैठक बहिष्कार
- आरोप प्रत्यारोपले बैठक प्रभावित

सरकारले तोकेको प्रदेशराजधानीप्रति असन्तुष्ट भई सडकमा ओर्लिएका जनतालाई कसैले रोक्न नसक्ने गिरीको भनाइ थियो। बैठकमा बस्न सभापति देउवाले गरेको आग्रहलाई समेत बेवास्ता गर्दै केन्द्रीय सदस्य गिरी बैठकबाट बाहिरिनुभएको थियो।

बैठकमा सरकारले नियुक्तिका लागि सिफारिस गरेको प्रदेश प्रमुखको आलोचना गर्दै केन्द्रीय सदस्य कल्याण गुरुङले प्रदेश प्रमुखलाई मण्डलेको संज्ञा दिनुभएको थियो। बैठकमा नेतृत्वको कार्यप्रति आलोचना गर्दै केन्द्रीय सदस्यहरूले कार्यसम्पादन समिति र संसदीय समिति विघटन गर्नसमेत सभापति देउवालाई दबाब दिएका थिए।

केन्द्रीय सदस्य अर्जुननरसिंह केसीले आफू संसदीय समिति र कार्यसम्पादन समितिको सदस्य भए पनि समानुपातिकतर्फको सूचीसमेत हेर्न नपाएको गुनासो पोख्नुभएको थियो। पार्टी नेतृत्वले केन्द्रीय समितिको बैठकको निर्णय विपरीत आफूखुसी निर्णय गर्दै अघि बढेकाले विधिसम्मत पार्टी सञ्चालन गर्न पनि केन्द्रीय सदस्यहरूले नेतृत्वलाई सुझाव दिएका थिए।

केन्द्रीय सदस्य चन्द्र भण्डारीले त पार्टी नेतृत्व राजनीतिक भ्रष्टाचारमा लागेको भन्दै सभापति देउवाले गुटगत राजनीति गरेको सङ्केत गर्दै पार्टीलाई एकताबद्ध बनाएर अघि बढ्न नेतृत्व असफल भएको बताउनुभएको थियो।

(क्रमशः पृष्ठ ९ मा)

हामी नेपालहरुमा जुनसुकै क्षेत्रमा पनि काम गरेर देखाउन सक्ने अवस्था छ र सफल पनि हुन सकिन्छ।
नयाँ प्रविधि र नयाँ क्षेत्रहरुमा हामी जानैपर्छ।
मुख्यतः हामीमा प्रतिवद्धता, लगनशीलता, आँट र साहस् चाहिन्छ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

# तयारी तीव्र

सुनील महर्जन, काठमाडौं

यही माघ २४ गतेका लागि राष्ट्रियसभाको निर्वाचनको कार्यतालिका सार्वजनिक गरिसकेको निर्वाचन आयोगले त्यसको तयारी तीव्र बनाएको छ।

यसैक्रममा आयोगले बिहीबार निर्वाचन अधिकृत, सहायक निर्वाचन अधिकृत र जिल्ला निर्वाचन अधिकारीका लागि 'निर्वाचन सञ्चालन र व्यवस्थापन प्रशिक्षण' कार्यक्रम आयोजना गरेको थियो।

प्रशिक्षणमा आयोगका सहसचिव नवराज ढकालले 'राष्ट्रियसभा सदस्य निर्वाचनको सैद्धान्तिक पक्ष', सहसचिव सुशील कोइरालाले 'राष्ट्रियसभा सदस्य निर्वाचनको कानुन, निर्वाचन तालिका र आचारसंहिता' र सहसचिव दिनेशकुमार घिमिरेले 'मतदान र मतगणनालगायत'का विषयमा प्रशिक्षण दिनुभएको थियो। प्रशिक्षणमा मोरङ, धनुषा, ललितपुर, कास्की, दाङ, सुर्खेत र डोटीका जिल्ला न्यायाधीशसहित २३ जनाको सहभागिता रहेको थियो।

**सन्दर्भ राष्ट्रियसभा निर्वाचन**

आयोगले यसअघि नै दलहरूसँग निर्वाचनका लागि उम्मेदवारको मनोनयनको औपचारिक पत्रमा प्रयोग गरिने हस्ताक्षरको नमुना मागिसकेको छ। उक्त निर्वाचनमा भाग लिन २१ दलले आयोगमा नाम दर्ता गरेका छन्।

(क्रमशः पृष्ठ ९ मा)



वैज्ञानिक र विशेषज्ञहरूले २० वर्षको दौरानमा न्युयोर्क, लन्डन, सिकागो, बोस्टन, बर्लिन र ओलम्पिकमा आयोजित भएको ९ सयभन्दा बढी म्याराथनमा ४७ लाख समापन समयको विश्लेषण गरेका हुन्।

# ग्लोबल वार्मिङ्को असर दौडमा



फिरोज राजोपाध्याय

ग्लोबल वार्मिङ्को नकारात्मक असर विश्वभरि फैलिरहेको छ। यसको नराम्रो असर हाम्रो मानव जीवनमा यति धेरै भइसकेको छ कि यसले गर्दा कठिन स्थिति आएको छ। यसको ठूलो असर खेलकुदमा पनि हुने वैज्ञानिकहरुले अनुमान लगाएका छन्। वैज्ञानिकले भनेअनुसार म्याराथन र छोटो वा लामो दूरीको दौडमा कुनै नयाँ विश्व कीर्तिमान बन्ने छैन। उनीहरुले नयाँ कीर्तिमान बन्ने कम सम्भावना हुनुका कारण यही ग्लोबल वार्मिङ्लाई ठम्याएका छन्।

दौडमा शारीरिकरूपमा बलियो हुनुपर्ने हुन्छ। प्रदर्शनमा सुधार ल्याउन शारीरिक क्षमताले दिँदैन। किनभने कुनै पनि तापमानमा मानव शरीरले सबैभन्दा राम्रो प्रदर्शन गर्ने क्षमता ग्लोबल वार्मिङ्ले गर्दा त्यो माथि पुगिसकेको छ। अहिले जति पनि म्याराथन र दौडमा जति कीर्तिमान राखेका छन्। त्यसलाई शारीरिक क्षमताले तोड्न नसक्ने भइसकेको छ। डोपिङ या अन्य प्रविधिको सहयोग भएमा मात्र नयाँ-नयाँ कीर्तिमान बन्दै जाने वैज्ञानिकहरुले निष्कर्ष निकालेका छन्।

वैज्ञानिक र विशेषज्ञहरुले २० वर्षको दौरानमा न्युयोर्क, लन्डन, सिकागो, बोस्टन, बर्लिन र ओलम्पिकमा आयोजित भएको ९ सयभन्दा बढी म्याराथनमा ४७ लाख समापन समयको विश्लेषण गरेका हुन्। त्यसमा यो तथ्य अगाडि आयो कि म्याराथनमा लागेको समय बढेर गएको छ। त्यसैले अहिले विश्वमा बढिरहेको तापमानले गर्दा खेलाडीले आफ्नो सर्वश्रेष्ठ प्रदर्शन गर्न सक्दैनन्।

यसै वर्ष लन्डनमा आयोजित एथ्लेटिक्स वर्ल्ड च्याम्पियनसिपमा एउटा मात्र कीर्तिमान बन्नु पनि वैज्ञानिकहरुले यही ग्लोबल वार्मिङ्लाई कारण ठहराएका छन्। त्यो पनि ५० किलोमिटरको दौडमा कीर्तिमान निर्धारण भएको थियो। २०१६ रियो ओलम्पिकमा पनि दुई वटा पुरानो कीर्तिमानमा सुधार भएका छन्। दक्षिण अफ्रिकाका वेड वैन निकर्कले पुरुषतर्फको ४ सय मिटर दौडमा र इथियोपियाका अलमाज अयानाले महिलातर्फ १० हजार मिटर दौडमा नयाँ कीर्तिमान राखेका थिए। अरू इभेन्टमा नयाँ कीर्तिमान बनेनन्।

### नयाँ कीर्तिमान हुँदैन

सन् २००७ मा फ्रान्सको इन्स्टिच्युट आफ स्पोर्टस् बायोमेडिकल रिसर्च एन्ड एपिडेमियोलोजीका शोधकर्ताहरुले पहिलो ओलम्पिकदेखि अहिलेसम्मको ओलम्पिक कीर्तिमानबारे अध्ययन गरे। यसमा के कुरा आयो भने मान्छेको शरीरबाट प्राकृतिकरूपले जतिले कीर्तिमान राख्न सके त्यति राखिसकेका छन्। खेलाडीले ९९ प्रतिशत गरिसकेका छन् कि अब नयाँ कीर्तिमान बनाउन ज्यादै कठिन कार्य हो।

### डोपिङ्को डर

म्याराथनमा मौसम र शरीरबाहेक पनि अरू विभिन्न तीन प्रमुख शारीरिक तत्त्व हुन्छन्। वैज्ञानिकका अनुसार ती तीन तत्त्व धावकको सहनशीलता, उनीहरुको अक्सिजनबाट ऊर्जा निकाल्ने क्षमता तथा ऊर्जा जम्मा गर्ने शरीरको क्षमता हुन्। वैज्ञानिकहरुले भनेअनुसार समयको साथ यी तीन तत्त्वले धावकको स्तरमा गिरावट आउनेछ। यसलाई आकार दिन उनीहरुले डोपिङ्को सहारा लिने पक्का छ भनी उल्लेख गरिएको छ। यो डोपिङ गर्ने भनेको खेलकुदमा अमानवीय र अनुशासनहीन पनि हो। भविष्यमा यसैको खतरा हुने उनीहरुले बताएका छन्।

## ‘बोल्ट जस्ता धावक आउनुपर्छ’

यसै सन्दर्भमा खेलकुद विज्ञ दिवाकरलाल अमात्यले पनि ग्लोबल वार्मिङ्ले असर त गर्छ तर अरू कारण पनि दर्शाउनुभएको छ। अमात्यले नेपाल समाचारपत्रलाई बताउनुभयो- ‘तापमान वृद्धिले पक्कै पनि खेलाडीको प्रदर्शनमा असर पर्छ। जति तापमान बढ्छ त्यति नै खेलाडीको क्षमतालाई निस्क्रिय बनाउँछ। दौड भएकाले यसमा खेलाडीले राम्रो प्रदर्शन गर्न केही चिसो हुनु आवश्यक छ।’ उदाहरणका लागि बर्लिनमा भएको वर्ल्ड च्याम्पियनसिपमा कुनै कीर्तिमान बनेन।

अमात्यले यसबाहेक खेलाडीको प्रदर्शन उच्च बिन्दुमा पुगिसकेकाले पनि नयाँ कीर्तिमान बन्ने कमै सम्भावना रहेको बताउनुभयो। उहाँले भन्नुभयो- ‘जति पनि कीर्तिमान बन्यो त्यो एउटा उच्च बिन्दुमा पुगिसकेको छ। यसलाई तोड्न उसेन बोल्ट जस्ता धावक आउनुपर्छ। नत्र सकिँदैन।’

नेपालको सन्दर्भमा यसको के प्रभाव हुन्छ भनेर सोद्धा उहाँले बताउनुभयो- ‘नेपाली धावक-धाविकाको प्रदर्शन माथि उठ्न सकेको छैन। मुख्यतया नेपालमा ट्र्याक पनि राम्रो छैन। नेपाली खेलाडीको प्रदर्शन मात्र किन एसियाका खेलाडीले पनि ओलम्पिक र वर्ल्ड च्याम्पियनसिपमा राम्रो गर्न सकिरहेका छैनन्।’




# सीआईईएस सूचीको शीर्षमा नेयमार




कविरस शर्मा

ब्राजिलका नेयमार जुनियर विश्वको सबैभन्दा महँगा फुटबलर हुनुका साथसाथै मोस्ट भ्याल्युएबल फुटबलर पनि बनेका छन्। गत साता अन्तर्राष्ट्रिय खेल जगत्को विश्लेषण गर्ने स्विजरल्यान्डको संस्था सीआईईएस (इन्टरनेसनल सेन्टर फोर स्पोर्टस स्टडिज) ले एउटा सूची जारी गरेको थियो। जसमा ब्राजिलियन खेलाडी नेयमारले पहिलो स्थान ओगट्न सफल भएका हुन्। यस्तै अर्जेन्टिनाका लियोनल मेसी दोस्रो र इंग्ल्यान्डका ह्यारी केन तेस्रो स्थानमा रहेका छन्। जब कि पोर्चुगलका स्टार क्रिस्टियानो रोनाल्डो मोस्ट भ्याल्युएबल फुटबलर सूचीको ४९औं स्थानमा चिप्लिएका छन्। उक्त सूचीमा परेका क्लियन बाप्पे सबैभन्दा कम उमेरका खेलाडी बनेका छन्।

सीआईईएस मोस्ट भ्याल्युएबल फुटबलरको सूची हरेक वर्षको जनवरीमा जारी गरिन्छ। जसमा युरोपका ३१ उच्च डिभिजनको घरेलु लिगमा खेल्ने फुटबलरलाई उनीहरुले गरेको प्रदर्शनको आधारमा स्थान दिइन्छ। प्राय: इंग्लिस प्रिमियर लिग, स्पेनिस ला लिगा, इटालियन सिरी ए, जर्मन बुन्डेसलिगा र फ्रेन्च लिग वान गरी युरोपका ५ उत्कृष्ट क्लब पहिलो प्राथमिकतामा पर्ने गर्दछन्। लिगमा गरिएको प्रदर्शन, खेलाडीको उमेर, करार अवधि र ट्रान्सफर भ्याल्यु (स्थानान्तरण रकम) लाई प्रमुख आधार बनाई सूची तयार पारिन्छ।

यसपटक २५ वर्षीय नेयमार सबैभन्दा बढी करार रकम, कम उमेर र आफ्नो प्रदर्शनका कारण सूचीको शीर्ष स्थानमा परेको हो। बार्सिलानाबाट फ्रान्सेली क्लब पीएसजी भित्रँदा उनको करार २ सय २२ मिलियन युरोमा भएको थियो। तर, हालै जारी गरिएको सूचीको आधारमा भने उनको ट्रान्सफर भ्याल्यु २ सय १३ मिलियन युरो तोकिएको छ।

अर्कातिर नेयमारको पूर्वक्लब बार्सिलोनाबाट खेल्ने अर्जेन्टिनाका लियोनल मेसीको ट्रान्सफर भ्याल्यु २ सय २.२ मिलियन युरो तथा टोटनहयाम हट्सपोरका ह्यारी केनको ट्रान्सफर भ्याल्यु १ सय ९४.७ मिलियन तोकिएको छ। ह्यारी केन र मेसी सन् २०१७ को युरोपियन लिगका सर्वाधिक गोलकर्तासमेत हुन्। मेसीबाहेक बार्सिलोनाबाट खेल्ने ९६ मिलियन युरोका गोलरक्षक मार्क आन्द्रे टेर स्टेगेन र १ सय १ मिलियन युरो ट्रान्सफर भ्याल्युका डिफेन्डर सामुएल उम्टिटी क्रमश: गोलरक्षक र डिफेन्डरका रूपमा सबैभन्दा अगाडि छन्।

गत डिसेम्बरमा रियल मेड्रिडका स्टार क्रिस्टियानो रोनाल्डो सन् २०१७ को फुटबलर अफ द इयर चुनिए। यसका बाबजुद उनी यस सूचीको ४९औं स्थानमा पुगेका छन्। यद्यपि सीआईईएसले भने सो सूची पूर्ण वैज्ञानिक विश्लेषणको आधारमा तयार पारेको ठोकुवा गरेको छ। ३२ वर्षीय रोनाल्डो सूचीको उत्कृष्ट ५० भित्र पर्ने ३० वर्ष नाघेका एक्लो फुटबलर हुन्। उनी उक्त सूचीको उत्कृष्ट १ सयभित्र पर्ने खेलाडीमध्ये सबैभन्दा पाकासमेत बनेका छन्। उत्कृष्ट सयभित्र उनीसँगै ३० वर्ष नाघ्नेमा इटालियन सिरी ए क्लब रोमाका एडिन जेको र म्यानचेस्टर सिटीका डेभिड सिल्भा रहेका छन्। रियल मेड्रिडसँग उनको करार सन् २०२१ सम्म रहेको छ। तर, बढी उमेरका कारण उनको ट्रान्सफर भ्याल्यु ८०.४ मिलियन युरोभन्दा बढी राखिएको छैन। तथापि उनको प्रदर्शन अझै पनि चरमोत्कर्षमा नै रहेको छ। उनी सन् २०१७ को फिफा उत्कृष्ट पुरुष खेलाडी र बालोन डे ओर अवार्डका विजेतासमेत हुन्। जारी सूचीको उत्कृष्ट ५० मा उनले मोनाकोबाट खेल्ने फाबिन्हो ताभारेसलाई मात्र पछि पारेका छन्।

जारी सूचीमा इंग्लिस प्रिमियर लिगका ५ खेलाडी शीर्ष १० भित्र परेका छन्। १ सय ९४.७ मिलियन युरोसहित तेस्रो स्थानमा परेका टोटेनह्याम हटस्पोरका ह्यारी केनलगायत छैटौंमा डेले अल्ली (१ सय ७१.३ मिलियन युरो), सातौंमा केभिन डे ब्रुएने (१ सय ६७.८ मिलियन युरो), आठौंमा रोमेलु लुकाकु (१ सय ६४.४ मिलियन युरो) र दसौं स्थानमा पाउल पोग्बा (१ सय ४७.५ मिलियन युरो) रहेका छन्।

यस्तै फ्रान्सका १९ वर्षीय क्लियन बाप्पे चौथो स्थानमा छन्। सूचीको उत्कृष्ट ५० मा पर्ने उनी सबैभन्दा कान्छो उमेरका खेलाडीसमेत हुन्। १ सय ९२.५ मिलियन युरो ट्रान्सफर भ्याल्यु तोकिएको बाप्पे फ्रान्सेली क्लब पीएसजीमा आबद्ध छन्। पाँचौं स्थानमा भने इटालियन सिरी ए च्याम्पियन युभेन्टस्का २४ वर्षीय पाउलो डिबाला रहेका छन्। उनको ट्रान्सफर भ्याल्यु १ सय ७४.६ मिलियन युरो तोकिएको छ। यसै गरी स्पेनिस क्लब एट्लेटिको मेड्रिडका फ्रेन्च स्ट्राइकर एन्टोनी ग्रिजम्यान १ सय ५०.२ मिलियन युरो ट्रान्सफर भ्याल्युसहित नवौं स्थानमा छन्। युरोपको पाँचमध्ये अर्को ठूलो लिग जर्मन बुन्डेसलिगा क्लब बायर्न म्युनिखबाट खेल्ने पोल्यान्डका रोबर्ट लेवान्डोस्की भने सूचीको २१औं स्थानमा छन्। उनको ट्रान्सफर भ्याल्यु १ सय ७ मिलियन युरो रहेको छ।

# छमछमीबाट बाहिरिइन् नेहा

नेपाल टेलिभिजनको मेगा डान्स रियालिटी शो रियो *छमछमी*-३ बाट यो हप्ता काठमाडौंकी नेहा तामाङ बिदा भएकी छन्। काठमाडौंबाट अडिसन दिई *टप* ८ सम्म पुगेकी नेहाले यो राउन्डमा दर्शकको उल्लेखनीय भोट पाउन नसकेपछि बाहिरिन पुगिन्। आफ्नो प्रस्तुतिमा निर्णयकबाट बारम्बार वाहवाही बटुली अघिल्ला हप्तादेखि नै भोटका आधारमा उनी लगातार पाँचौं हप्तासम्म *बटम* ३ मा रही डेन्जर *जोन*मा पर्दै आएकी थिइन्। यसै कारण पनि उनी शोमा डेन्जर *जोन* क्विनका रूपमा परिचित थिइन्। *टप* ८ को अन्त्यमा निर्णायकले परिणमको खामबन्दी नतिजा खोल्दा अघिल्लो हप्ताको प्रस्तुतिको आधारमा उनले प्राप्त गरेको भोट उनलाई अगाडि लैजान काफी भएन।

सोही राउन्डमा हेटौंडाका सरोज राना प्रजाले भने सबभन्दा बढी भोट प्राप्त गर्ने प्रतिस्पर्धीको रूपमा चौधरी ग्रुपको तर्फबाट विशेष गिफ्ट ह्याम्पर प्राप्त गरे। शोमा नेपाली फिल्मकी प्रथम नायिका भुवन चन्दको उपस्थितिले थप रोमाञ्चकता थपेको थियो। शोको प्रतिस्पर्धाबाट बिदा लिँदै नेहाले सम्पूर्ण दर्शक र भोट दातालाई धन्यवाद दिइन्। आफ्ना नशा-नशामा नृत्य दौडिएकाले आगामी दिनमा यही क्षेत्रमै लागिरहने र यसैमा आफ्नो भविष्य रहेको उनले बताइन्। *टप* १ राउन्डसम्मको सहभागिको रूपमा रहँदा कोरियोग्राफर र निर्णायकहरूबाट धेरै फर्ममा नृत्य सिक्ने राम्रो अवसर पाएको उनले बताइन्। शोबाट बाहिरिँदै गर्दा उनले एलजीको ३२ इन्चको स्मार्ट टिभी पुरस्कारका रूपमा प्राप्त गरेकी छिन्।

प्रतियोगितामा अब ४ जना पुरुष र ३ जना महिला प्रतिस्पर्धी मैदानमा छन्। यसअघिका सातामा भोटका आधारमा *टप* १२ मा रहेका प्रतिस्पर्धीमध्ये धरानका आतिश जैरू, कोहलपुरका रोशन विश्वकर्मा, बुटवलका अविनाश हमाल र विराटनगरका मनीष कटुवाल शोबाट बाहिरिसकेका छन्।

यो रियालिटी शोमा प्रथम हुनेले डयाट्सनको रेडी गो कार, द्वितीय हुनेले ५ लाख रुपियाँबराबरको एलजी होम एपलाइन्सेस, तृतीय हुनेले ३ लाख रुपियाँ बराबरको एलजी होम एपलाइन्सेस र *टप* १० भित्र स्थान बनाउने अन्य ७ जना प्रत्येकले ३२ इन्चको एलजी स्मार्ट टिभ पुरस्कारस्वरूप प्राप्त गर्नेछन्। *टप* १२ देखि नै भोटिङ राउन्डका रूपमा दर्शकको निर्णय (भोट) लाई आधार बनाई *टप* ५ राउन्डसम्म सञ्चालन हुनेछ र अन्तिम ५ प्रतिस्पर्धीले ग्रान्ड फिनालेमा आफ्नो प्रस्तुति दिनेछन्। ग्रान्ड फिनालेको विजेताको निर्णयसमेत दर्शकको भोटिङकै आधारमा हुनेछ। हरेक बुधबार बेलुकी ८:४० बजे नेपाल टेलिभिजनबाट प्रसारण हुँदै आएको *रियो छमछमी*-३ सोही दिन राति ११:३० बजे र बिहीबार दिउँसो २:२० बजे पुनः प्रसारण हुनेछ। रियो छमछमी-३ को प्रायोजन चौधरी ग्रुपको पेय उत्पादन रियोले गरेको छ।



# प्रतिभाको प्रित भिडियोमा



गितारको तालमा सबैलाई भुलाउने शिल्पीको रूपमा चिनिएका संगीतकार अनिल शाही नवोदित गायिका प्रतिभा शाहसँगै गायकका रूपमा प्रस्तुत भएका छन्।

*मेरो मनले* बोलको नयाँ गीतको म्युजिक भिडियोमा अनिल शाहीलाई गायकका रूपमा मात्र होइन मोडलका रूपमा पनि देख्न सकिन्छ। शाही कुशल संगीतकार र गितारवादक हुन् भन्ने सबैलाई थाहा छ, तर अब उनी गायकका रूपमा पनि आएका छन्। यसको म्युजिक भिडियोमा अनिलका साथमा जुना सन्दास र अर्जुन गौतमले मोडलिङ गरेका छन्।

*मेरो मनले तिम्रो प्रित चोर्‍यो भने मलाई माफ गरिदिनु* बोलको गीतले संगीतकार शाही सुमधुर स्वरका गायक पनि हुन् भन्ने पुष्टि गरिदिएको छ। नवीन श्रेष्ठको गीतमा संगीत अनिल स्वयंको छ। *मेरो मनले* गायिका प्रतिभा शाहको पहिलो प्रस्तुति हो। बेलायतको म्यानचेस्टरमा बस्ने प्रतिभा पेसाले नर्स हुन्। नर्सिङ अभ्यासकै क्रममा डेढ दशकअघि बेलायत पुगेकी प्रतिभा शास्त्रीय संगीतमा पोख्त छिन्। तर, उनको पहिलो प्रस्तुति भने आधुनिक संगम संगीतमार्फत दर्शक स्रोतमाझ आएको छ। प्रतिभा शाहले निर्माण गरेको यो म्युजिक भिडियोको निर्देशन अनिल शाहीले नै गरेका छन्।









विधाः सर्वोत्कृष्ट चलचित्र
छक्का पञ्जा
Type KFA space 1A & send to 32722
डाइङ क्यान्डल
Type KFA space 1B & send to 32722
गाजलु
Type KFA space 1C & send to 32722
जात्रा
Type KFA space 1D & send to 32722
के म तिम्रो होइन र
Type KFA space 1E & send to 32722

विधाः सर्वोत्कृष्ट निर्देशक
सुवर्ण थापा - बाटोमुनिको फूल-२
Type KFA space 2A & send to 32722
दीपेन्द्र के खनाल - चपली हाइट-२
Type KFA space 2B & send to 32722
हेमराज बीसी - गाजलु
Type KFA space 2C & send to 32722
आकाश अधिकारी - के म तिम्रो होइन र
Type KFA space 2D & send to 32722
निश्चल बस्नेत - लुट-२
Type KFA space 2E & send to 32722

विधाः सर्वोत्कृष्ट अभिनेता
दयाहाङ राई - वीरविक्रम
Type KFA space 3A & send to 32722
अनमोल केसी - गाजलु
Type KFA space 3B & send to 32722
विपीन कार्की - जात्रा
Type KFA space 3C & send to 32722
निखिल उप्रेती - निर्भय
Type KFA space 3D & send to 32722
सौगात मल्ल - शब्द
Type KFA space 3E & send to 32722

विधाः सर्वोत्कृष्ट अभिनेतृ
प्रियंका कार्की - छक्का पञ्जा
Type KFA space 4A & send to 32722
सृजना सुब्बा - डाइङ क्यान्डल
Type KFA space 4B & send to 32722
वर्षा राउत - जात्रा
Type KFA space 4C & send to 32722
केकी अधिकारी - लभ सासा
Type KFA space 4D & send to 32722
नीता ढुंगाना - निर्भय
Type KFA space 4E & send to 32722

विधाः सर्वोत्कृष्ट खलपात्र
ध्रुव कोइराला - बाजिगर
Type KFA space 5A & send to 32722
अर्पण थापा - वीरविक्रम
Type KFA space 5B & send to 32722
दीपकराज गिरी - छक्का पञ्जा
Type KFA space 5C & send to 32722
कमलमणि नेपाल - जात्रा
Type KFA space 5D & send to 32722
कामेश्वर चौरासिया - पलाँस
Type KFA space 5E & send to 32722

विधाः सर्वोत्कृष्ट हास्य कलाकार
केदार घिमिरे - छक्का पञ्जा
Type KFA space 6A & send to 32722
रवीन्द्र झा - जात्रा
Type KFA space 6B & send to 32722
दयाहाङ राई - लुट-२
Type KFA space 6C & send to 32722
सलोन बस्नेत - गाजलु
Type KFA space 6D & send to 32722
बुद्धि तामाङ - छक्का पञ्जा
Type KFA space 6E & send to 32722

विधाः सर्वोत्कृष्ट संगीतकार
ताराप्रकाश लिम्बु - वीरविक्रम/हारें हारें
Type KFA space 7A & send to 32722
राजनराज शिवाकोटी - छक्का पञ्जा/पूर्व-पश्चिम रेल
Type KFA space 7B & send to 32722
कालिप्रसाद बासकोटा - लुट-२/ठमेल बजार
Type KFA space 7C & send to 32722
अर्जुन पोखरेल - निर्भय/यो दुनियाँ
Type KFA space 7D & send to 32722
वसन्त सापकोटा - राधा/छपक्कै
Type KFA space 7E & send to 32722

विधाः सर्वोत्कृष्ट पार्श्व गायक
ताराप्रकाश लिम्बु - वीरविक्रम/हारें हारें
Type KFA space 11A & send to 32722
राजनराज शिवाकोटी - छक्का पञ्जा/पूर्व-पश्चिम रेल
Type KFA space 11B & send to 32722
कृष्ण काफ्ले - छक्का पञ्जा/सुन न चम्पा
Type KFA space 11C & send to 32722
प्रताप दास - के म तिम्रो होइन र/पागल
Type KFA space 11D & send to 32722
युवराज चौलागाईं - पलाँस/तिमी साथमा
Type KFA space 11E & send to 32722
स्वरूपराज आचार्य - शब्द/हरपल
Type KFA space 11F & send to 32722

विधाः सर्वोत्कृष्ट पार्श्व गायिका
जलजला परियार - बाटोमुनिको फूल-२/केही कदम
Type KFA space 10A & send to 32722
मिलन अमात्य - हाउ फन्नी/यो के हो
Type KFA space 10B & send to 32722
अञ्जु पन्त - किस्मत-२/यी आँखा लैजाउ
Type KFA space 10C & send to 32722
मीना निरौला - लुट-२/ठमेल बजार
Type KFA space 10D & send to 32722
मेलिना राई - राधा/छपक्कै
Type KFA space 10E & send to 32722

विधाः लक्स पपुलर च्वाइस अवार्ड
वर्षा राउत
Type KFA space 8A & send to 32722
केकी अधिकारी
Type KFA space 8B & send to 32722
प्रियंका कार्की
Type KFA space 8C & send to 32722
ऋचा शर्मा
Type KFA space 8D & send to 32722
सृष्टि श्रेष्ठ
Type KFA space 8E & send to 32722

# विचार

तिमीलाई जुन पुस्तकले सबैभन्दा
बढी सोचमग्न बनाउँछ, त्यही पुस्तक
सबैभन्दा असल पुस्तक हो।
– थियोडोर पार्कट

प्रत्येक दिन जीव मृत्युको मुखमा गैरहेका
छन् तर बाँकी मान्छे अमर हुन चाहन्छन्,
यसभन्दा बढी आश्चर्य के हुन्छ ?
– महाभारत

## सम्पादकीय

नेपाल समाचारपत्र

# मूल गाँठो फुक्यो विवाद नबढाऊ

**सरकारले सातै प्रदेशको अस्थायी राजधानी तोक्नुका साथै प्रदेश प्रमुखको नामसमेत सिफारिस गरेको छ । सरकारले प्रदेशको अस्थायी राजधानी एवं प्रदेश प्रमुखहरु तोकेको लगत्तै निर्वाचन आयोगले पनि प्रदेशसभा समानुपातिकमा विजयी सांसदहरुको नाम घोषणा गरेको छ । त्यसैले मूल गाँठो फुकिसकेकाले अब प्रदेशसभा एवं प्रदेश सरकार गठन र राष्ट्रिय सभाको निर्वाचनको बाटो खुलेको छ । तर प्रदेश राजधानीको माग गर्दै विभिन्न स्थानमा नारा जुलुस गर्ने, सभा गर्ने, ज्ञापनपत्र बुझाउनेजस्ता गतिविधि भइरहेको अवस्थामा सरकारले यसरी एक्कासि प्रदेश राजधानी तोक्दा असन्तुष्टिका लहरहरु भने झनै बढ्ने संकेत देखिएको छ ।**

**प्रदेश नं. ४ को राजधानी पोखरालाई बनाउने भन्ने कुरामा खासै विवाद थिएन तर बाँकी प्रदेशहरुको राजधानी कहाँ बनाउने भन्ने कुरामा विवाद कायमै थियो । विवाद किनारा नलाग्दै प्रदेश राजधानी तोकियो । त्यसैले आफूले चाहेको स्थानमा राजधानी नभएपछि प्रमुख दलका प्रभावशाली नेता एवं सरोकारवालाहरुले विभिन्न बखेडा ननिकाल्लान् भन्न सकिन्न । कतै–कतै असन्तुष्टिका लहर देखिई पनि सके । प्रदेश नं. १ को राजधानी विराटनगर तोकिएपछि धनकुटाका स्थानीयवासीले सरकार विरोधी प्रदर्शन शुरु गरेका छन् भने उता प्रदेश नं. ७ को राजधानी धनगढी भएपछि दीपायल तनावग्रस्त भएको समाचार छ । त्यस्तै प्रदेश नं. ५ को राजधानी दाङ नहुँदा यहाँ अनिश्चितकालीन हड्ताल नै शुरु भएको छ । यता प्रदेश नं. ३ को राजधानी भक्तपुर, धुलिखेल वा ललितपुर हुने चर्चा चलिरहेको बेला यसको राजधानी हेटौंडा तोकिँदा भक्तपुर, काभ्रेपलाञ्चोक र ललितपुर जिल्लावासीहरु आक्रोशित हुनु स्वावाभिक नै हो । तर सुर्खेत र हेटौंडामा भने राजधानी पाएकोमा खुशीयाली मनाइरहेको अवस्था छ । यसरी कतै सरकार विरोधी आन्दोलन त कतै खुशीयाली ! यसले कस्तो रुप लिने हो ? यसै भन्न सकिने स्थिति छैन ।**

**हुन त सरकारले तोकेको ठाउँ नै स्थायी राजधानी हुन्छ भन्ने छैन । यसैलाई राजधानी कायम गर्ने वा अन्य स्थानमा राजधानी बनाउने भन्ने कुरा प्रदेशसभा बैठकको दुई तिहाइ मतले निर्णय गर्नुपर्ने संवैधानिक प्रावधान छ । तर प्रदेशसभाले स्थायी राजधानीका लागि निर्णय नगर्दासम्म भने सरकारले तोकेकै स्थानलाई राजधानी मानेर त्यहींबाट काम–कारबाही गर्नुपर्ने हुन्छ । त्यसैले प्रदेश राजधानीको विषयलाई लिएर अहिले विवाद गर्नुपर्ने देखिँदैन । लामो समयदेखि अशान्त र आक्रान्त बनेको यस मुलुकमा स्थानीय, प्रादेशिक र संविधानसभाको निर्वाचन सम्पन्न भएपछि जनतामा आशाका किरणहरु पलाएका थिए । तर प्रदेशको राजधानी कहाँ बनाउने भन्ने विषयमा चर्काचर्की भइरहेकै अवस्थामा सरकारले अस्थायी राजधानी तोकेपछि असन्तुष्ट पक्षको विरोध गुञ्जिएको हो । कतिपयले त आन्दोलनका कार्य–योजना नै बनाएको हुँदा यस विषयले अझ चर्को रुप लिने सम्भावना देखिएको छ । त्यसैले यस विषयमा सरकार, प्रमुख दलहरु र यसका नेता–कार्यकर्ताहरु अनि स्थानीय सरोकारवालाहरुले बलैमा सचेत हुनुपर्छ । विवाद बढाउनु कसैका लागि पनि हित हुँदैन ।**

# अध्यादेश प्रकरणले उठाएका यक्ष प्रश्न

**डा. ज्ञान बस्नेत**

प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनको समाप्ति भएको केही हप्ता बितिसक्यो तर देशको राजनीति विवाद र शक्तिसंघर्समा नै बितेको छ। कथित नयाँ नेपालको पुराना नेता, नेतृत्व र दलहरुले पुरानै शैली दोहोर्‍याएका छन्। महत्वपूर्ण कुरा के भने, राष्ट्रपतिजस्तो गरिमामय संस्थालाई विवादमा तान्ने काम गरे यिनीहरुले। विवादकै बीचमा पनि राष्ट्रपति विद्यादेवी भण्डारीले अत्यन्तै विवादित बनाइएको राष्ट्रिय सभासम्बन्धी अध्यादेश प्रमाणीकरण गरेकी छिन् तर यसले विभिन्न संवैधानिक, कानुनी र राजनीतिक प्रश्नहरु उब्जाएको छ। नेपालको हकमा राष्ट्रपतिको संवैधानिक सीमा के-के हुने, अधिकार के-के छन्, हुनुपर्ने कस्तो र के हो ?

अध्यादेश प्रमाणीकण नै भैसक्यो। गतिरोध खुल्यो, बाटो खुल्यो। जे भयो राम्रो भयो। संविधानको मर्म पनि यही नै हो। तर कार्तिकको पहिलो हप्तामा नै सरकारले तयार गरेर प्रमाणीकरणको लागि पठाएको अध्यादेशलाई किन यतिका समय रोकेर राखियो ? किन पेन्डिङ गरियो यसलाई ? उद्देश्य के थियो र कसका लागि ? कसको निर्देशनमा थियो राष्ट्रपति कार्यालयको यो हर्कत ? महत्वपूर्ण प्रश्न के छ भने, अध्यादेश त्यही रुपमा लाहाछाप गरिन्थ्यो भने यत्रो राजनीतिक कोकोहोलो केका लागि र किन ? अनि निर्वाचनको परिणामसम्म किन राखियो यसलाई ? राजनीतिक स्थायित्व, थिति र संस्कार बसाउँदै जाने हो भने यी गम्भीर प्रश्नहरुको खोजिनीति र मनन नेपाली जनताले गर्नै पर्छ। राजनीतिक परिपाटी आजैबाट मजबुत गर्दै लानुपर्छ हामीले।

अहिलेको संविधानले राष्ट्रपतिलाई अत्यन्तै गरिमामय र सम्मानित संस्थाको रुपमा राखेको छ। यो अलंकारिक संस्था हो, सरकारलाई सुझाव गर्न सक्छ, राय दिन सक्छ र सरकारले मनन गरे पुग्छ, मान्नु बाध्य छैन। तर सरकारको एजेन्डालाई तल-माथि गर्ने अनि अस्वीकार गर्ने अधिकार यो संस्थालाई छैन। यो कुरा प्रस्टरुपमा बुझ्नलाई राष्ट्रपतिको व्यवस्था गर्ने एक वा दुईवटा संविधानका धाराहरु अध्ययनले मात्रै हुँदैन, हेरेर मात्रै पुग्दैन, समग्रमा संविधान, यसको प्रस्तावना, हामीले अपनाएको शासन पद्धति र अभ्यासहरु अनि राज्य र समाजको उद्देश्य तथा संविधानको आत्मालाई समेत हेरेर व्याख्या गरियो भने अझ प्रस्ट हुन आउँछ। संविधानको परिकल्पना ‘राष्ट्रपतिले गल्ती गर्न सक्दैन’ भन्ने सिद्धान्तमा नै अधारित हो। अधिकार नभएपछि काम पनि गर्नुपर्दैन, काम नगरेपछि गल्ती पनि हुने कुरै भएन। गल्ती नभएपछि कोर्टकचहरीमा पनि फस्नुपरेन। त्यसैले राष्ट्रपतिको काम-कारबाहीलाई अदालतमा प्रश्न उठाउन नपाइने व्यवस्था गरिएको हो, कारण यो गर्नुपर्ने अवस्था नै आउँदैन।

ढिलो नै भए पनि अध्यादेश पारित भयो तर राष्ट्रपतिको गरिमामय भूमिकामा शंका-उपशंका देखियो। कसैको दबाबमा रोक्ने अनि घोर दबाबमै यो डकुमेन्ट पास गरेको देखियो। त्यही स्वरुपमै पारित हुन्थ्यो भने यत्रो नाटक किन र कसको फाइदाका लागि ? देशको यत्रो इनर्जी र समय किन खेर फालियो ? अध्यादेशको प्रकरणले के देखाउँछ भने, राष्ट्रपति कुनै दलगत स्वार्थमा लागेको देखियो भने आफ्नो संवैधानिक भूमिका इमानदारीपूर्वक निभाएको देखिएन। यो दुर्भाग्यपूर्ण हो। यस्तो फेरि कहिल्यै दोहोरिनुहुँदैन। राष्ट्रपतिजस्तो सम्मानित संस्था कुनै पनि राजनीतिक स्वार्थबाट माथि उठ्नुपर्छ।

एउटा महत्वपूर्ण कुरा के उठाउन चाहन्छु भने, राष्ट्रपतिले आफ्नो स्वकीय सचिव र कानुनी सल्लाहकार स्वविवेकले नियुक्ति गर्ने व्यवस्था भए पनि, तलब भत्ता र सुविधाहरु त जनताले तिरेको करबाट नै राज्यले उपलब्ध गराउने हो। यसरी नियुक्ति पाउने राष्ट्रपतिको सल्लाहकारको क्षमता र योग्यता कस्तो हुनुपर्छ ? राज्यले तोक्नुपर्ने हो कि ? यदि पहिले नै व्यवस्था भए पूर्णरुपमा लागू गर्ने हो कि ? सोच्ने समय आयो। स्वकीय सचिव र सल्लाहकारहरुको व्यवस्थापन र मनिटोरिङ कानुनसम्मत ढंगले राष्ट्रपतिको हकमा मात्रै हैन, प्रधानमन्त्रीको कार्यालय र अरु सार्वजनिक कार्यालयहरुमा गरिनुपर्छ।

अर्को एउटा लेख्नै पर्ने कुरा के छ भने, संवैधानिक व्यवस्था र यसका धाराहरु आफू अनुकूल सडकबाट व्याख्या गरेर कथित कानुनविद र स्वघोषित संविधानविद्हरुले कोकोहोलो बनाए। सडक तताए। जनतामा भ्रम छरे यिनले। सत्य बोल्ने चेष्टा गरेनन्। वकिल कम तर पार्टीको प्रवक्ता धेरै भएपछि यही हुने रहेछ। कानुनजस्तो मर्यादित पेसालाई अलिकति भए पनि सम्मानित बनाउने कोशिश गरौं न अब त। सत्य र निष्ठामा रहेर आफ्नो पेसा गरौं सबैले। राज्य र संस्था मात्रै हैन, व्यक्तिले पनि जवाफदेही हुन सिक्नुपर्छ अब। आखिरी कानुन व्यवसायी वकिल भनेको त समाज परिवर्तनको इन्जिनियर अनि न्याय र सत्यको अन्वेषक हैन र ?

केही अरु राजनीतिक प्रसंग पनि जोडौं अब। निर्वाचनको परिणाम घोषणापछाडिका केही परिदृश्यहरु हेर्दा लाग्छ, हामीले हाम्रो २५ वर्ष लामो प्रजातान्त्रिक अभ्यास र उतारचढावमा प्रजातन्त्रको सानोभन्दा सानो कुरा पनि बुझ्न र सिक्न चुके छौं भन्ने देखिन्छ। निर्वाचनपछि नयाँ सरकार आउने र पुरानोले बिदा लिने सामान्य प्रजातन्त्रिक अभ्यास हो। तर यसका पनि आफ्नै प्रक्रियाहरु छन्, विधी छन्। तर वाम गठबन्धनको बहुमत पुष्टि हुनासाथ प्रधानमन्त्री देउवालाई ‘राजीनामा दे’ अनि सत्ता हस्तान्तरणको मार्गप्रशस्त गर’ जस्ता नारा सडकमा लागाइयो, सड्क तताए। अलिकति पनि सम्मान र सुझबुझको राजनीति खोई ? काम चलाउ सरकारले राजीनामा दिरहनुपर्दैन, काम चलाउको हैसियतमा जानु नै राजीनामासरह हो भन्ने झीनो प्रजातान्त्रिक सिद्धान्त कहिले बुझ्ने हामीले, यिनले ?

अनि ‘सत्ता हस्तान्तरणको मार्गप्रशस्त’ भनेको के हो ? भर्खरै प्रमाणीकरण भएको राष्ट्रिय सभाको अध्यादेश र प्रदेशको राजधानी अनि प्रदेश प्रमुख तोक्ने जमर्को जुन देउवा सरकारले गरेको छ, यो पनि त नयाँ सरकारको लागि ठाउँ बनाइदिने कार्य होइन र ? गर्ने यही हैन र ? हरेक कुरालाई यो समाज किन नकारात्मक देख्छ ? देउवा सरकारले तोकेको प्रदेश प्रमुख मन्दैनौं भनेर सडक तताउनु राजनीतिकरुपमा कति व्यावहारिक हो, सोच्नुपर्छ। हाम्रो हकमा यही हो नि सत्ता हस्तान्तरणको प्रक्रिया र लिने स्टेप एउटा काम चलाउ सरकारले। फेरि देउवा सरकारको क्याबिनेटमा माओवादी केन्द्र पनि अहिलेसम्म टाँसिएरै बसेको छ। खोई नैतिकता, थोरै भए पनि ? एमाले अहिलेको कांग्रेसको पोजिसनमा भएको भए के गर्दथ्यो, के बोल्यो ? अध्यादेशलाई संवैधानिक भन्थ्यो कि असवैधानिक ? कुरा सोचनीय छ। हेक्का राख्नुपर्ने कुरा के भने, सत्ता हस्तान्तरणका आफ्नै विधी र नियम छन्। नयाँ आउने सरकारका दाबेदारहरुले पनि केही तयारी गर्नुपर्ने होला। संवैधानिक र कानुनी प्रक्रियाहरु होलान् र छन्। अब त अलिकति सबैले राजनीतिक सुझबुझ, संस्कार र परिपक्वता देखाउनुपर्‍यो, हैन र ? देउवाले ‘राजीनामा’ र ‘सत्ता हस्तान्तरण’ को नाममा आफ्नो अफिस र आवासमा भोटेताल्चा मारेर आफ्नो झिटिगुन्टा टिपेर त पक्कै हिँड्न मिलेन होला ? यस्तै बुझिन्छ नि अहिलेको घटनाक्रम हेर्दा त।

नेपालको राजनीतिमा बितेका केही दशकयता ‘विदेशी शक्तिको चलखेल, विदेशी शक्तिले त्यो गर्न दिएन, ऊ गर्न दिएन’ भनेर प्राय सबै नेताहरुको रोइलो धेरै सुनियो। के हो ‘चलखेल’ भनेको ? को हो विदेशी ? यो हाउगुजी अब बन्द गरियोस्। अतीतमा नजाऔं यो मामलामा हामी। हिजो मात्रै भावी प्रधानमन्त्रीको रुपमा हेरिएका नेता खड्ग ओलीले भन्नभयो कि ‘सरकार बनाउंन नदिन र मलाई प्रधानमन्त्री बन्न नदिन देशी-विदेशी खेल भैराखेको छ।’ केको खेल भनेको ? कसरी खेल्छन् यिनले खेल ? गोटी को हुन् ? रेफ्री पनि चाहियो होला हैन ?

आफ्नो एजेन्डा र आफू वा पार्टी असफल हुँदा सबैले यही देशी-विदेशीको खेलको अस्त्र जनतासमक्ष फाल्ने गरेका छन्। माओवादी केन्द्रको नेताहरुको त यो थेगो नै भएको छ। आफू नसक्ने वा गल्ती गर्ने अनि देशी-विदेशी अदृश्य शक्तिलाई दोष दिने ? के हो यो ? जनता भयभित गर्ने अनि अफू पानीमाथिको ओभानो हुने खेल बन्द गरियोस् अब। हैन भने यो देशी-विदेशी को हुन् ? किन चलखेल गर्छन् हाम्रो मुलुकमा ? टिममा को-को छन्, कस्ता छन् ? स्पष्ट गरियोस्। अब जनताले थाहा पाउनुपर्छ। हैन भने देशी-विदेशीको जालमा फस्ने, चंगुलमा फस्ने निरीह नेतृत्व जनताले किन स्वीकार्ने ?

राष्ट्रीय सभा अध्यादेश प्रकरणले जटिल प्रश्नहरु उठाएको छ। विगतका गल्तीहरुबाट पाठ लिँदै, कोर्स करेक्सन गर्दै अघि बढ्नुपर्छ। त्यही गल्ती फेरि दोहोर्‍याउनुहुँदैन। कसैले पनि राष्ट्रपतिजस्तो गरिमामय संस्थालाई अनुचित प्रभावमा पार्ने, दबाब दिने र स्वार्थसिद्धको विषय बनाउनुहँदैन। तर राष्ट्रपति आफैं आफ्नो पदीय निष्ठा र संवैधानिक दायित्वबाट भाग्नुहुँदैन। राष्ट्रपति व्यक्ति हैन, संस्था हो भन्ने बुझ्नुपर्छ। राज्यका हरेक तह र तप्काका निकाय, सार्वजनिक संस्थाहरु, राज्यका अंगहरु, व्यक्ति सबैले संविधानलाई आफ्नो गन्तव्यको रुपमा ग्रहण गर्नुपर्छ। राजनीतिक स्थायित्व र समृद्धि त्यहींबाट शुरु हुन्छ।

*(लेखक बस्नेतले बेलायतबाट मानवअधिकार कानुनमा विद्यावारिधि गर्नुभएको हो।)*

> भर्खरै प्रमाणीकरण भएको राष्ट्रिय सभाको अध्यादेश र प्रदेशको राजधानी अनि प्रदेश प्रमुख तोक्ने जमर्को जुन देउवा सरकारले गरेको छ, यो पनि त नयाँ सरकारको लागि ठाउँ बनाइदिने कार्य होइन र ? गर्ने यही हैन र ? हरेक कुरालाई यो समाज किन नकारात्मक देख्छ ? देउवा सरकारले तोकेको प्रदेश प्रमुख मन्दैनौं भनेर सडक तताउनु राजनीतिकरुपमा कति व्यावहारिक हो, सोच्नुपर्छ।

## पाठक पत्र

### उदासीनता कहिलेसम्म ?

भूपरिवेष्टित हाम्रो देश नेपाल प्रचूर सम्भावना बोकेको देश हो। वास्तवमै भन्नुपर्दा हाम्रो देश नेपाल सबै कुरामा धनी छ। जलस्रोतको दोस्रो धनी देश भनेर हाम्रै देशलाई चिनिन्छ। परम्परा, धर्म, कला, संस्कृति, रीतिरिवाज, रहनसहन, भेषभूषा सबै कुरामा धनी छ हाम्रो देश। प्रचूर सम्भावना बोकेको वन क्षेत्र हाम्रै देशमा छ। हाम्रो देशमा अहिले वन क्षेत्रअन्तर्गन नै काठ, फर्निचर, जडीबुटी, पशुपालन, पर्यटन, कार्बन आदिजस्ता विषयमा १० हजारभन्दा बढीको हाराहारीमा उद्योग सञ्चालन गर्न सक्ने क्षमता छ। लाखौं नेपालीले रोजगारी पाउने सम्भावना उत्तिकै रहेको छ। तर यति धेरै सम्पदाहरुले भरिपूर्ण देशका हामी नागरिक सधैं गरिबको गरिब नै छौं। कारण हो हाम्रो देशमा प्रभावकारी कानुन बन्न नसक्नु।

यही मिति २०७४ माघ २ गते नेपाल समाचारपत्रमा कानुनको अभावमा ४० करोड फ्रिज भन्ने शीर्षकमा समाचार प्रकाशन भएको छ। आवश्यक ऐन, कानुन नबनेकै कारण वन विकास कोषमा जम्मा भएको ४० करोड रुपियाँभन्दा बढी रकम सदुपयोग हुन नसकेको कुरा उल्लेख गरिएको छ। सरकारका तर्फबाट प्रतिबद्धताअनुसारको रकम जम्मा नभएको र कानुन बनाउन गम्भीरता नदेखाइएको गुनासो पनि आएका छन्। यसरी ठूलो मात्रामा रकम फ्रिज हुनु भनेको देशको अर्थतन्त्रमा आँच आउनु हो। हाम्रो जस्तो विकासको क्षेत्रमा भर्खर बामे सर्दै गरेको देशमा विकासको क्षेत्रलाई बाधा पुर्‍याउनु हो। त्यसैले गर्दा आगमी दिनहरुमा कानुनको अभाव देखाएर रकम फ्रिजमा रहन नपुगोस् र यसतर्फ छिटोभन्दा छिटो प्रभावकारी कानुन बनाई कार्यान्वयन गरियोस्।

*- तुलसी न्यौपाने*
*ओखलढुंगा, खिजिदेम्बा गाउँपालिका-४*
*हाल : नरदेवी, काठमाडौं*

### मानव सभ्यता र आचरण

सृष्टिको प्रारम्भिक अवस्थामा सबै मान्छे उत्तम व्रतको पालना गर्ने र सत्यवादी थिए। उनीहरुले चाहेको फलविषयक संकल्प कहिल्यै व्यर्थ हुँदैनथ्यो। त्यति बेलाका सबै मान्छे ब्रह्मरुप, पुण्यात्मा र चिरञ्जीवी थिए। सबै मान्छे स्वच्छन्दतापूर्वक आकाशमार्गमा उडेर देवतासँग भेट गर्न जान्थे र स्वच्छन्दचारी भएका कारण इच्छा हुनेबित्तिकै पुन: त्यहाँबाट फर्किन्थे। उनीहरु इच्छानुसार मर्थे र इच्छानुसार नै जीवित रहन्थे अनि स्वतन्त्रतापूर्वक यत्रतत्र घुमघाम गर्थे। उनीहरु हिँड्ने मार्गमा बाधाव्यवधान अत्यन्त कम आउँथ्यो। उनीहरुलाई कुनै किसिमको डर थिएन। उनीहरुले कुनै उपद्रो गर्दैनथे। तसर्थ उनीहरुले आफ्ना काममा पूर्ण सफलता प्राप्त गर्दथे।

कालान्तरमा आएर पृथ्वीतलमा विचरण गर्ने मान्छे काम, क्रोध, लोभ र मोहले वशीभूत भए। उनीहरुले छलकपट र दम्भले आफ्नो जीविका चलाउन थाले। यिनै दोषहरुले गर्दा उनीहरु नचाहेर पनि आफ्नो शरीर त्याग्न वा मर्न विवश भए। त्यति मात्र होइन, उनीहरु पापपरायण भएकाले अशुभ कर्मको फलस्वरुप पशुपक्षी आदि योनिमा जन्मन र नरकमा खस्न थाले। विचित्र सांसारिक योनिमा बारम्बार जन्म लिएर उनीहरु दु:खले सन्तप्त हुन थाले। उनीहरुका इच्छा, संकल्पहरु र प्राप्त ज्ञानहरु पनि निष्फल हुन थाले। उनीहरुको स्मरणशक्ति क्षीण भयो। उनीहरु एक-आपसमा शंका गरेर एक-अर्कालाई दु:ख दिन थाले।

पापकर्मकै कारण उनीहरुका शरीरमा अशुभ कर्मका चिह्न वा कोर आदि रोगहरु प्रकट हुन थाले। फलस्वरुप कसैले अधर्म कुलमा जन्म लिन पुगे भने कोही धेरै रोगको सिकार भए। उनीहरुमध्ये कोही पनि पराक्रमी हुन सकेनन्। यसरी पापकर्ममा प्रवृत्त हुनेहरुको आयु पनि कर्मअनुसार अत्यन्त छोटो हुँदै गयो। उनीहरु आफ्ना सबै अभीष्ट वस्तुको प्राप्तिका लागि अर्काका अघि हात फैलाएर माग्न थाले। कति नास्तिक भए भने कति मनोरोगी हुन थाले।

विवेकी मनुष्यले कर्मको केही फल प्रारब्धवश प्राप्त गर्दछन्, केही कर्मको फल हठात प्राप्त गर्दछन् भने केही कर्मको फल आफ्नै पुरूषार्थद्वारा प्राप्त गर्दछन्। त्यसैले यस विषयमा कसैले पनि अन्यथा विचार गर्नु निरर्थक छ। कसैले यसै लोकमा परमसुख प्राप्त गर्छन्, परलोकमा प्राप्त गर्दैनन्। कसैलाई परलोकमा नै कल्याण प्राप्त हुन्छ, यस लोकमा प्राप्त हुँदैन। कसैलाई यो लोक र परलोक दुवैमा परमश्रेय प्राप्त हुन्छ भने कसैलाई न त परलोकमा सुख मिल्छ, न त यस लोकमा नै सुख प्राप्त हुन्छ। यो सबै पूर्वजन्म र यस जन्ममा आफैंले गरेका कर्मको फलबाहेक केही होइन।

जसका साथमा धेरै धन छ, तिनले आफ्नो शरीरलाई हरतरहले सजाएर नित्य विषयहरुमा रमाउँछन्, विषयसुख भोग्दछन्। सदैव आषना शरीरकै सुखमा आसक्त हुने त्यस्ता मनुष्यहरुलाई केवल यस लोकमा सुख मिल्छ तर परलोकमा त्यस्ता व्यक्तिका लागि सुखको सर्वथा अभाव हुन्छ। जुन व्यक्ति आफूले गर्नुपर्ने कर्तव्यको पालनाका साथ सर्वप्रथम धर्मको नै आचरण गर्दछन् र त्यस धर्मद्वारा नै न्याययुक्त धनको आर्जन गरी यथोचित समयमा विवाह गरी धर्मपत्नीका साथ यज्ञअनुष्ठान गर्दछन्, त्यस्ता व्यक्तिका लागि यो लोक र परलोक दुवै सुखद हुन्छ। यसका विपरीत जो मूर्ख व्यक्ति न विद्याका लागि, न तपका लागि र न दानका लागि प्रयत्न गर्दछन् अनि न धर्मपूर्वक सन्तान उत्पादनका लागि प्रयत्नशील रहन्छन् त्यस्ता व्यक्तिले न त सुख पाउँछन्, न भोग नै भोग्दछन्। त्यस्ता व्यक्तिका लागि न यस लोकमा सुख छ, न त परलोकमा नै सुख प्राप्त हुनेछ।

हामीले गरिरहेका दुष्कर्मको फल हामी आफैंले मात्र होइन हाम्रा सन्ततिहरुले पनि भोगिरहेका छन् भन्ने कुरामा हामीले हेक्का राख्दैनौं। हामीले आफूलाई फलानाले दु:ख दियो भनेर दु:खको कारण अर्कैलाई थोपर्छौं तर आफ्नो दु:खको कारण हामी आफैं हौं र हाम्रै कर्म हो भन्ने वास्तविकताको बोध गर्न हामी अग्रसर हुँदैनौं। नैतिकताका सीमाभित्र रहनुपर्दा हामीलाई जेलमा बसेजस्तै लाग्छ।

हाम्रा सुख र दु:खका विधाता र भोक्ता भनेका अरु कोही नभएर हामी आफै हौं अनि हाम्रा सुकर्मको मात्र होइन दुष्कर्मको फल पनि हामी आफैंले भोग्नुपर्छ भन्ने चेतना जति छिटो हामीमा पलाउँछ र दुष्कर्म छाडेर सुकर्मतर्फ हाम्रा पाइला जति छिटो अग्रसर हुन्छ, हामीलाई त्यति नै छिटो सत्कर्मको सुखद फल पनि प्राप्त हुन्छ भन्ने दिशातर्फ हामी सबैको गम्भीर ध्यानाकर्षण हुनु जरुरी देखिन्छ।

*- सुवर्ण उपाध्याय, सुर्खेत*
*(उत्तरमध्यमा, पहिलो वर्ष)*

## सामाजिक सञ्जाल



प्रदेशका अस्थायी केन्द्र तोक्ने क्रममा संघीयताको मर्म विपरीत दल र नेताका निजी स्वार्थ हाबी हुनु अत्यन्त दु:खद र खेदजनक छ। खासगरी प्रदेश १, ५ र ७ (केही हदसम्म ३) मा पञ्चायतकालको विकास क्षेत्रको अवधारणा जत्तिको सन्तुलन पनि नदेखिनु अत्यन्त आपत्तिजनक छ। अब बस्ने प्रदेशसभाले मिलाओस्।

**Baburam Bhattarai**
**@brb1954**



दलीय भागवण्डाको सरकारी नियुक्तिको ‘शान’ को भऱ्याङ चढ्दै गर्दा प्रबुद्ध नागरिकका रूपमा जे-जति आर्जन गरेको सामाजिक ‘मान’ साप-सिँढी खेलको सापको मुखमा पुग्दाजस्तै स्वाट्टै तल पुग्छ भन्ने कुरा देखिंदै छ। चेतना भया।

**Surya Raj Acharya**
**@SuryaRAcharya**

२०७४, माघ
शुक्रबार
५

प्रदेश प्रमुख नियुक्ति गरे लगतै प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवको अध्यक्षतामा बसेको आयोगको बैठकले सो नामावली सार्वजनिक गरेको हो। यसअघि प्रदेश प्रमुख नियुक्ति नहुँदा आयोगले प्रदेशसभाको समानुपातिकतर्फ परिणाम सार्वजनिक गर्न कानुनी अड्चन रहेको दोहऱ्याउँदै आएको थियो।

# नेपाल

## प्रदेशसभा समानुपातिकतर्फ निर्वाचित उम्मेदवारको नामावली सार्वजनिक

काठमाडौं, (नेस)

निर्वाचन आयोगले गत मंसिर १० र २१ गते दुई चरणमा सम्पन्न प्रदेशसभा सदस्य निर्वाचनको समानुपातिक तर्फका निर्वाचित उम्मेदवारको नामावली सार्वजनिक गरेको छ।

प्रदेश प्रमुख नियुक्ति गरे लगतै प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवको अध्यक्षतामा बसेको आयोगको बैठकले सो नामावली सार्वजनिक गरेको हो। यसअघि प्रदेश प्रमुख नियुक्ति नहुँदा आयोगले प्रदेशसभाको समानुपातिकतर्फ परिणाम सार्वजनिक गर्न कानुनी अड्चन रहेको दोहऱ्याउँदै आएको थियो।

नेपालको संविधानको धारा १ सय ६ अनुसार प्रदेशसभा सदस्य निर्वाचनमा ७ वटा प्रदेशमा गरी समानुपातिक निर्वाचन प्रणालीबाट जम्मा २ सय २० जना उम्मेदवार निर्वाचित हुने व्यवस्था छ। निर्वाचित हुने प्रदेशसभा सदस्यहरूलाई आज शुक्रबार दिउँसो प्रमाणपत्र वितरण गर्ने कार्यक्रम तय गरिएको आयोगले जनाएको छ। आयोगका अनुसार सार्वजानिक विजयी उम्मेदवारको नामावली यसप्रकार रहेका छन्।

**प्रदेश नं १**

नेकपा एमाले : प्राप्त सिट संख्या १५
वीनादेवी राई, सावित्री जोशी, उषाकला राई, कृष्णकुमारी राई, पदमकुमारी गुरुङ, होमकुमारी साँवा, आशारत्न जवेगु, यसोदा अधिकारी, अम्बिका थापा, सरिता थापा, सावित्राकुमारी रेग्मी, सुनिताकुमारी चौधरी, जसमाया गजमेर (विश्वकर्मा), बसन्तीदेवी यादव, गुलेफुन खातुन
नेपाली कांग्रेसः प्राप्त सिट संख्या १३
प्रतापप्रकाश हांगाम, विद्यानन्द चौधरी, चन्द्रप्रसाद श्रेष्ठ, सन्जाकुमारी दनुवार, लीला सुब्बा, ज्योति सुब्बा, शेखरचन्द्र थापा, लोकप्रसाद संग्रौला, शान्तादेवी पौडेल, विन्दिया कार्की, नवोदीता चौधरी, कल्पनाकुमारी सरदार, ओमप्रकाश सरावगी
नेकपा माओवादी केन्द्र, प्राप्त सिट संख्या ५
सीतादेवी थेबे (जबेगु), कुसुमकुमारी श्रेष्ठ, सौभाग्यवतीदेवी राई किराँत, सरस्वती पोखरेल, उमीता विश्वकर्मा
संघीय समाजवादी फोरम, नेपालः प्राप्त सिट संख्या २
रामचन्द्र लिम्बू, राधा थापा
राष्ट्रिय प्रजातन्त्र पार्टीः प्राप्त सिट संख्या १
इन्दिरा राई
संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चः प्राप्त सिट संख्या १
विष्णु तुम्बाहाङफे

**प्रदेश नं २**

नेपाली कांग्रेसः प्राप्त सिट संख्या ११
असियादेवी थरूनी, प्रमिलादेवी दास, श्यामपरी देवी, शिवचन्द्र चौधरी, ओमप्रकाश शर्मा, नरेशकुमार यादव, सरस्वती चौधरी, गीताकुमारी यादव, मञ्जु कुमारी, सेखरासिद अली, शोभा लामा
राष्ट्रिय जनता पार्टी नेपालः प्राप्त सिट संख्याः १०
रामनरेश राय, जानकीशरण साह, नेत्रविक्रम साह, बबिता कुमारी, निलमदेवी भूमिहारनी, अन्जु कुमारी, डिम्पल कुमारी, निराकुमारी साह, अलका कुमारी झा, रिना यादव
संघीय समाजवादी फोरम, नेपालः प्राप्त सीट संख्याः ९
सन्चमाया मोक्तान, सुनितादेवी मोची, चमेलीदेवी दास, उषा कुमारी, उपमा कुमारी देव, भिमा यादव, रागिनीदेवी वरनवाल, किरण कुमारी राय, करिमा वेगम
नेकपा एमालेः प्राप्त सिट संख्याः ७
सीता गुरुङ, रविन्द्र वैठा धोबी, मनोजकुमार सिंह, जगतारेनदेवी सुडीन, अनिता कुमारी, मञ्जुकुमारी यादव, हसिमा खातुन
नेकपा माओवादी केन्द्र, प्राप्त सिट संख्याः ५
जगतप्रसाद यादव, महम्मद समीर, रुवीकुमारी कर्ण, प्रमिलाकुमारी यादव, फुलयादेवी सदाय
नेपाल संघीय समाजवादी पार्टीः प्राप्त सिट संख्याः १
सावित्रीदेवी शाह

**प्रदेश नं ३**

नेकपा एमालेः प्राप्त सिट संख्याः १६
बेलीमैया घले, जुनेलीमायाँ श्रेष्ठ, सरस्वती बाटी, शान्ति थिङ, देवकी श्रेष्ठ, इन्द्रमाया गुरुङ, सीता लामा, आशामाया तमाङ, उर्मिला कर्माचार्य, रचना खड्का, मुनु सिग्देल, सरस्वती बस्नेत, गोमा भुर्तेल, मिना ज्ञवाली 'नेपाल', पार्वती सिलवाल, मैना आछामी
नेपाली कांग्रेसः प्राप्त सिट संख्याः १४
मिलनवावु श्रेष्ठ, राजेन्द्र गुरुङ, न्हुक्षेनारायण श्रेष्ठ, सन्तबहादुर प्रजा, राधा घले, जीवन डंगोल, विजया श्रेष्ठ (केसी), रजनी अमात्य, डा. राजाराम कार्की क्षेत्री, बलराम पौडेल, भीमसेन खत्री, गीता वाग्ले, विजुलाकुमारी बर्मा, कल्पना नेपाली
नेकपा माओवादी केन्द्र, प्राप्त सिट संख्याः ८
दिनेश महर्जन, आङदेण्डी लामा, ओमबहादुर ग्लान, हिमाली गोले, प्रतिमा श्रेष्ठ, सीता अधिकारी, भावना सुवेदी, कन्चन खनाल
विवेकशील साझा पार्टीः प्राप्त सिट संख्याः ३
विराजभक्त श्रेष्ठ, शोभा शाक्य, रमेश पौड्याल
नेपाल मजदुर किसान पार्टीः प्राप्त सिट संख्याः १
सृजना सायजू
राष्ट्रिय प्रजातन्त्र पार्टीः प्राप्त सिट संख्याः १
रिता माझी
राष्ट्रिय प्रजातन्त्र पार्टी प्रजातान्त्रिकः प्राप्त सिट संख्याः १
रिना गुरुङ

**प्रदेश नं ४**

नेकपा एमालेः प्राप्त सिट संख्याः १०
चन्द्रमोहन गौचन, मित्र कुमारी गुरुङ सुवेदी, साबित्रा राना, मिना गुरुङ, मायानाथ अधिकारी, श्रृजना शर्मा, प्रभा कोइराला, पुष्पा केसी (भण्डारी), लक्ष्मी सुनार, जुनादेवी नेपाली
नेपाली कांग्रेसः प्राप्त सिट संख्याः ९
मेखलाल श्रेष्ठ, ललीतकला गुरुङ, सरिता गुरुङ, मनकुमारी गुरुङ, मणिभद्र शर्मा, कुमार खड्का, ओमकला गौतम, डोबाटे विश्वकर्मा, कोपिला बोहोरा
नेकपा माओवादी केन्द्र, प्राप्त सिट संख्याः ३
गायत्री गुरुङ, मधु अधिकारी गुरुङ, दिलमाया रोकामगर गौतम
नयाँ शक्ति पार्टी, नेपाल, प्राप्त सिट संख्याः १
धन माया पोखरेल (लामा)
राष्ट्रिय जनमोर्चाः प्राप्त सिट संख्याः १
पियारी थापा

**प्रदेश नं ५**

नेकपा एमालेः प्राप्त सिट संख्या १३
रमा घर्ती, थानकुमारी थापा, विमला शर्मा पन्थी, सरस्वती गौतम, जाल्पा भुसाल, भगवतीदेवी भण्डारी, कृष्णी थारु, धमकली चौधरी, कमलादेवी विक, आशा स्वर्णकार, सुनिता कुमारी ठठेर, चिन्ताबती कुर्मी (बर्मा), फौजिया नसीम
नेपाली कांग्रेसः प्राप्त सिट संख्या १२
वीरबहादुर राना, अर्जुनकुमार श्रेष्ठ, वलदेव शर्मा पोखेल, निर्मला क्षेत्री, रमा अर्याल, भुवनेश्वर चौधरी, पुष्पा थरूनी, माला गोतामे (सुनार), रीना नेपाल, रून्धावती शर्मा, शान्तीदेवी स्वर्णकार, मोहम्मद याकुब अन्सारी
नेकपा माओवादी केन्द्रः प्राप्त सिट संख्या ६
गीता थापा, दामाकुमारी शर्मा, पार्वती पुन गहतराज 'उषा', लौटी थारु, दिपा विक, सुष्मा यादव
संघीय समाजवादी फोरम, नेपालः प्राप्त सिट संख्या २
पुर्मती ढेंगा, सुमन शर्मा रायमाझी
राष्ट्रियजनता पार्टी नेपालः प्राप्त सिट संख्या १
विना पन्त
राष्ट्रिय जनमोर्चाः प्राप्त सिट संख्या १
तारा जिसी

**प्रदेश नं ६**

नेकपा एमालेः प्राप्त सिट संख्या ६
मीना सिंह रखाल, वदमी क्वारी बोहोरा, पदमा खड्का, देवी वली, कौशिलावती खत्री, राजु नेपाली
नेपाली कांग्रेसः प्राप्त सिट संख्या ५
दीनबन्धु श्रेष्ठ, यज्ञबहादुर बुढा क्षेत्री, हीमबहादुर शाही, अमृता शाही, झोवा कामी
नेकपा माओवादी केन्द्र, प्राप्त सिट संख्या ४
पुष्पा घर्ती विष्ट, सीताकुमारी नेपाली, विमला केसी, कृष्ण शाह आचार्य
राष्ट्रिय प्रजातन्त्र पार्टीः प्राप्त सिट संख्या १
सोशीला शाही

**प्रदेश नं ७**

नेपाली कांग्रेसः प्राप्त सिट संख्या ८
गोविन्दराज बोहरा, देवराज पाठक, दिव्यश्वरी शाह, अम्बीकुमारी थापा, कुमारीनन्दा बम, श्यामलाल राना थारु, टेकबहादुर रैका आउजी, उमाकुमारी वादी
नेकपा एमालेः प्राप्त सिट संख्या ८
माया भट्ट, मनाकुमारी साउद, पूर्णा जोशी, माया तामाङ (बोहोरा), शुशिला बुढाथोकी, चुनकुमारी देवी चौधरी, अर्चना गहतराज, दुर्गाकुमारी कामी
नेकपा माओवादी केन्द्र प्राप्त सिट संख्या ४
निर्मला वडाल 'जोशी', कुन्ती जोशी, विनिता देवी चौधरी, शान्ती नेपाली
राष्ट्रिय जनता पार्टी नेपालः प्राप्त सिट संख्या १
मालमती राना थारु


**Government of Nepal**
**Ministry of Irrigation**
**Department of Water Induced Disaster Management**
**Water Induced Disaster Management Division No. 2**
**Biratnagar, Morang**

**INVITATION FOR BIDS (Notice No. 01/2074-075)**

**First date of Publication: 2074/10/05**

Government of Nepal, Ministry of Irrigation, Department of Water Induced Disaster Management (DWIDM) has been assigned with the responsibility of implementation for the construction of Embankment & Protection Works on the different River of Morang District. Water Induced Disaster Management Division Office No-2, Biratnagar, Morang, hereby invites sealed Bids from eligible Nepalese contractors under the following terms and conditions:

1. The bidders who are registered in Government of Nepal (GON) with permanent account number may submit E-Bid along with copies of Firm Registration Certificate, Tax and VAT clearance certificate (Fiscal Year 2073/074) and upon the payment of non-refundable amount as mentioned below for each package on or before 34th days from the first day of publication of this notice. The Bidder shall deposit the cost of bidding Document in the following Revenue (Rajaswa) Account of the office at Agriculture Development Bank, Biratnagar, Branch
   **Office code No. 10-357-02 Rajaswa Account No. Ka-1-1-0601601014070010**
2. All duly filled sealed TENDER must be accompanied by Bid security of Specified Amount below in the form of cash voucher deposited in A/C No. kh-3-0601601014070045 of Kolenika, Biratnagar. or Bid Bond in the form of Bank Guarantee issued by the bank recognized by GON as "A" class commercial Bank valid for a period of at least 120 days from the dead line of submission of the bid during the first submission of Technical Proposal.
3. The TENDER shall be enclosed in a sealed envelope clearly mentioning the name of the work, Contract No. as well as name and address along with the e-mail address and post box number of the bidders and should be e-submitted to Water Induced Disaster Management Division Office No 2, Biratnagar, Morang, on or before 12:00 hour of **34th** days from first date of publication of this Invitation for Bids. Any BID received after the above specified date and time will not be entertained.
   *Alternatively, interested eligible bidders may visit e-procurement section of PPMO's website* ***http://www.bolpatra.gov.np*** *and submit their bids electronically as instructed in Section XI: Notes for Guidance for E-Bidding.*
4. Bidders who submit the electronically should compulsorily submit hard copies (original printed copy) of their e-bids within 7 days from the date of bid opening.
5. Technical Bids will be opened at 13:00 hour on the last date of submission of TENDER and Financial Bidding time will be noticed later and opened in presence of the bidders or their authorized representatives who choose to attend or even in their absence at Water Induced Disaster Management Division Office No 2, Biratnagar, Morang. If the last date of TENDER purchasing, submission and opening falls on a public holiday then the next working day shall be considered as last day.
6. The contract will be awarded with qualification criteria as described in the bidding documents.
7. Processing of the Bidding Documents will be carried out as double envelope bidding procedure and as per Public Procurement Act 2063, Public Procurement Regulation 2064 and e-procurement guidelines.
8. Water Induced Disaster Management Division Office No 2, Biratnagar, Morang reserves the right to accept or reject any TENDER fully or partially and to annul the bidding process at any time without giving any reason whatsoever. Conditional TENDER will not be entertained.
9. Things not mentioned in this notice will be in accordance with the prevailing rules and regulations of Government of Nepal.
10. Bidders are advised to visit the site and assess the actual site condition, trend of river discharge and condition of access roads etc before submitting their bid.
11. For working in a Joint Venture, an agreement for the same should be submitted. In the case of JV bids it is compulsory for the lead partner to secure a minimum of 40% and that of all other partners to acquire 25% of the stipulated provision as specified in the bidding data, hence limiting the J/V partners to a maximum of three numbers.
12. The item rates without VAT, in Nepalese Currency shall be quoted in words and figures. If there exists any discrepancy between the rates in words and figures, the rates in words will govern.
13. All bidders must submit a written declaration according to clause 40(2)-e of Public Procurement Regulation, 2064. The bidders failing to do so shall not be included in the evaluation process.
14. Any further information can be obtained from this office during office hours.
15. Pre-Bid Meeting shall be held on 21st days of first Notice publication at 11:00 AM at **Water Induced Disaster Management Division Office No 2, Biratnagar, Morang**. If it falls on a public holiday then the next working day shall be considered.
16. Performance security money required as per amended public procurement Act 2073.
17. Bidder's may bid for one or several contracts, as defined in the Bidding Document. Bidders wishing to offer discounts in case they are awarded more than one contract will be allowed to do so provide those discounts are included in the letter of bid.
18. In case of discrepancy or error in Tender Notice, Bid document and other document, Water Induce Disaster Management Division Office No.2, Biratnagar reserves right to amend, correct at any time. Such amendment and correction shall be published in National Daily Newspaper, *website* ***http://www.bolpatra.gov.np*** and notice board of the Division Office in Biratnagar, Morang.

**River Training & Management Works.**

| S. N. | Contract No. | Description and location of work / Name of contract | Estimate Amount (Without VAT & Contingencies) (NRs.) | Bid Security Amount without VAT (Nrs) | Payment of non-refundable Amount (NRs) |
|---|---|---|---|---|---|
| 1. | CHSRTW-01/ 074-75 | Construction of Embankment with Revetment in Letang Municipality 2 (Kamalpur-Beldangi) & 3 Fadani Morang. | | 490000.00 | 5000.00 |
| 2. | BDKRTW-01/ 074-75 | Construction of Embankment with Revetment and RCC Porcupine, Budhi Ganga Gaun Palika 2 & 3, Morang | | 491000.00 | 5000.00 |
| 3. | BDKRTW-02/ 074-75 | Construction of Embankment with Revetment and Spur Itahari Sub-Metropolitan Ward No. 3, Sunsari | | 474000.00 | 5000.00 |
| 4. | LHNDRTW-01/ 074-75 | Construction of Embankment with Revetment, Katahari Gaun Palika 6, Morang | 12571871.78 | 350000.00 | 3000.00 |
| 5 | BKRTW-01/ 074-75 | Construction of Embankment with Revetment, Spur and Slab VRB Sunbarshi Municipality Ward No.7,Bardanga | | 825000.00 | 5000.00 |
| 6 | SNSRTW-01/ 074-75 | Construction of Embankment with Revetment and Spur , Bhokraha Gaun Palika Ward No.4, Muslimtole | | 513000.00 | 5000.00 |
| 7 | SNSRTW-02/ 074-75 | Construction of Revetment and RCC Porcupine, Bhokraha Gaun Palika, Ward No.7, Sukumbasitole | 11245543.58 | 310000.00 | 3000.00 |
| 8 | BRHCRTW-01/ 074-75 | Construction of RCC and Plumb Concrete Wall , Barahakshetra Municipality Ward No.1, Barahakshetra | | 825000.00 | 5000.00 |







## सिनेमा कर्नर











**अग्नि यातायात प्रा. लि.**
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-४२८५६३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

**माउन्ट मकालु यातायात सेवा**
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३


## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : पैसा लाभ, कार्यसिद्धि, परिवार-सुख, उत्तम भोजनको अवसर।
**वृष** : राज्यबाट लाभ, मान-प्रतिष्ठा, सरकारी कार्यमा सफलता।
**मिथुन** : कार्यबाधा भए पनि मध्याह्नबाट राज्य-सुख, यश-कीर्ति, लाभ।
**कर्कट** : धनलाभ, सम्मान तर दिउँसोबाट अस्वस्थता, कार्यमा बाधा।
**सिंह** : आर्थिक लाभ, विजय, काममा सफलता, पुरस्कारको सम्भावना।
**कन्या** : कार्य सफल, धन प्राप्ति, प्रतिस्पर्धामा विजय, पारिवारिक सुख।
**तुला** : पेटको समस्या, विवाद तर मध्याह्नपछि कार्य सफल, सन्तान-सुख।
**वृश्चिक** : लाभ, व्यावसायिक सफलता तर दिउँसोदेखि स्वास्थ्य समस्या।
**धनु** : धनलाभ, सुख-सन्तोष, मान-सम्मान, पराक्रम-उन्नति।
**मकर** : उपहार-पुरस्कार प्राप्ति, भाग्योदय, कार्य सफल, सन्तुष्टि।
**कुम्भ** : रोगव्याधि, निरर्थक खर्च तर मध्याह्नबाट खाद्यान्न प्राप्ति, भाग्योदय।
**मीन** : पैसा लाभ, उत्तम भोजन तर दिउँसोबाट नोक्सानी, वादविवाद।

# नेपाल

फलेबास नगरपालिकाले दिएको जानकारीअनुसार नगरपालिकाका ११ वटै वडामा बुधबारदेखि एकैपटक तालिम शुरू भएको छ। आगामी शैक्षिक सत्रदेखि कम्तीमा पनि कक्षा १ सम्म अंग्रेजी माध्यममा पठनपाठन शुरु गर्ने उद्देश्यले विद्यालयमा कार्यरत शिक्षकलाई तालिम दिन थालिएको हो।

## अस्थायी राजधानी तोकेकोमा समर्थन

**यमलाल भुसाल, बुटवल**

सरकारले रुपन्देहीलाई प्रदेश नं ५ को अस्थायी राजधानी तोकेपछि रुपन्देहीमा क्रियाशील राजनीतिक दल तथा विभिन्न संघसस्थाहरूले जनमतको कदर भएको र स्वागतयोग्य भएको ठहर गरेका छन्।

नेपाली कांग्रेस, नेकपा एमाले, राष्ट्रिय प्रजातन्त्र पार्टी, जनमुक्तिपार्टीलगायतका दल तथा निजी तथा व्यवसायिक संघसंस्थाहरूले सरकारको निर्णय रुपन्देही तथा लुम्बिनी अञ्चलबासीका लागि न्याय गरेको बताएका छन्।

राजनीतिक दल तथा व्यवसायिक संघसस्थाहरूले विज्ञप्ति नै निकालेर सरकारको निर्णय स्वागतयोग्य कदम भएको ठहर गरेका छन्। नेपाली कांग्रेसका जिल्ला सभापति अब्दुल रज्जाकले एक विज्ञप्ति जारी गरी सरकारको निर्णयको स्वागत गर्नुभएको हो।

नेपाली कांग्रेस नेतृत्वको सरकारले गरेको निर्णयले रुपन्देही तथा लुम्बिनी अञ्चलबासीका लागि न्याय गरेको भन्दै कांग्रेस कार्यकर्ता तथा सर्वसाधारणहरूलाई घरघरमा दिपावली गर्न पनि आग्रह गर्नुभएको छ। प्रशस्त पूर्वाधार विश्वशान्तिको मुहान लुम्बिनी रुपन्देही जिल्लामै रहेकाले ५ नम्बर प्रदेशको राजधानी रुपन्देही हुन अत्यन्तै व्यवहारिक रहेको पनि विज्ञप्तिमा उल्लेख गरिएको छ।

साथै रुपन्देहीलाई नै स्थायी राजधानी बनाउनका लागि नेपाली कांग्रेसले कुनै कसर बाँकी नराख्ने भन्दै त्यसका लागि पनि अब बन्ने प्रदेशसभामा दबाबमूलक भूमिका खेल्ने रज्जाकले विज्ञप्तिमार्फत व्यक्त गर्नुभएको छ। त्यस्तै एमाले रूपन्देहीका प्रचार विभाग प्रमुख तेजेन्द्र केसीले विज्ञप्ति जारी गर्दै यस क्षेत्रका जनताको चाहनाको कदर गर्दै रुपन्देहीलाई राजधानी तोकिएको भन्दै आ-आफ्नो घर र चोक-चोकमा दिपावली गर्न आग्रह गर्नुभएको छ।

त्यसै गरी बुटवल उद्योग वाणिज्य संघ, रुपन्देही उद्योग संघ, रुपन्देही व्यापार संघ, तिलोत्तमा व्यापार संघ, तिलोत्तमा उद्योग वाणिज्य संघ, सिद्धार्थनगर उद्योग वाणिज्य संघ, उद्योग व्यापार संगठन रुपन्देही, सैनामैना व्यापार संघ, सैनामैना उद्योग वाणिज्य संघ, देवदह उद्योग वाणिज्य संघ, नेपाल पत्रकार महासंघ रुपन्देही तथा रुपन्देही जिल्लामा सञ्चालित यातायात व्यवसायी संघसस्थाहरूले पनि सरकारको निर्णयको स्वागत गरेका छन्।

राष्ट्रिय जनमुक्ति पार्टी रुपन्देहीले बिहीबार पत्रकार सम्मेलन गरी सरकारले प्रदेश प्रमुख र प्रदेशको अस्थायी राजधानी तोकेको विषयमा स्वागत गरेको छ। पार्टीका जिल्ला अध्यक्ष झमबहादुर गुरुङले प्रदेश प्रमुख नियुक्तिमा समाबेसीतालाई ध्यान दिएकोसमेत धारणा राख्नुभयो। जिल्लाका विभिन्न स्थानमा खुसीयाली साट्दै बुधबारदेखि नै दीपावली गरिएको हो। यो खुसीयालीमा विभिन्न राजनीतिक दलहरूले जिल्लाभरि नै दीप प्रज्वलन गरेका छन्।

## अब सेवा लिन नेपालगन्ज जान नपर्ने

**शेरबहादुर थापा, सुर्खेत**

नेपाल सरकारले बुधबार सुर्खेतलाई प्रदेशको राजधानी तोकेपछि एकाएक जनता उत्साहित भएका छन्। सामर्थ्य र आन्दोलनको मुख्य केन्द्र रहेको सुर्खेतमा राजधानी घोषणा गरिनु स्वागतयोग्य भएको स्थानीयहरूको भनाइ रहेको छ। सरकारले संघीयतालाई कार्यान्वयन गरेको लामो समय बिते पनि धेरै सरकारी कार्यालयहरू प्रदेश नम्बर ६ मा स्थापित नहुँदा सेवाग्राहीहरूलाई समस्या भएको छ। तर अब संघीय व्यवस्थाअन्तर्गत जननिर्वाचित प्रतिनिधिहरू आइसेकपछि विभिन्न मन्त्रालय गठन हुने हुँदा प्रदेश नम्बर ६ का जनतालाई सहज हुने देखिएको छ।

'मोटरसाइकललाई आफ्नो नाममा दर्ता गराउन होस् वा कर तिर्न होस् प्रदेश ५ को नेपालगन्ज जानुपर्ने बाध्यता अहिले पनि छ।' स्थानीय तेजबहादुर शाही भन्छन्, 'सरकारले समयमै कार्यालय स्थापना गरिदिएको भए सेवाग्राहीले समस्या झेल्नुपर्ने अवस्था आउने थिएन।' मध्यपश्चिमाञ्चल विकास क्षेत्रको राजधानीका रुपमा रहेको सुर्खेतमा क्षेत्रीय कार्यालयहरू नेपालगन्जमा स्थापना गरिएका कारण वर्षौंदेखि यस क्षेत्रका जनताले सास्ती व्यहोर्नुपरेको सेवाग्राही सीता ओली बताउँछिन्। उनका अनुसार विगतमा सरकारी कार्यालय स्थापना नभए पनि अब प्रदेश सरकार बन्दै गरेको अवस्थामा तत्काल प्रदेशस्तरीय सरकारी कार्यालयहरू खोलिनुपर्छ।

क्षेत्रीय प्रशासक सुरेश प्रधानले अबको २ महिनाभित्र मन्त्रालय गठन हुने र त्यहि मन्त्रालयअन्तर्गतका सबै कार्यालयहरू सुर्खेतमा स्वतः स्थापना हुने बताए। विगतमा जस्तो यस प्रदेशका जनताले सेवा लिन नेपालगन्ज जानुपर्ने बाध्यता हटेको उनको भनाइ थियो।

यता, सुर्खेत जिल्ला निर्वाचन क्षेत्र नं. २ 'ख' बाट निर्वाचित प्रदेससभा सदस्य तथा नेकपा एमाले पोलिटब्युरो सदस्य यामलाल कंडेलले प्रदेश प्रमुखसमेत सरकारले तोकिसकेको अवस्थामा अबको केही दिनभित्रै मन्त्रालय गठन हुने र जनताले सुर्खेतबाटै सबै सेवा सुविधा पाउने बताए। यसका लागि अब धेरै दिन कुर्न नपर्ने उनको भनाइ थियो।

विगतमा, यातायात व्यवस्था विभागको कार्यालय, वनस्पति कार्यालय, नेपाल राष्ट्र बैंकको क्षेत्रीय कार्यालय, खानेपानी गुणस्तर मापन गर्ने क्षेत्रीयस्तरको ल्याब, नेपाल टेलिकमको क्षेत्रीय कार्यालय, विद्युत प्राधिकरणको क्षेत्रीय कार्यालय, खाद्य संस्थान, साझा प्रकाशन, आन्तरिक राजश्व विभाग, सूचना केन्द्र, सुपरिवेक्षण कार्यालयजस्ता महत्त्वपूर्ण क्षेत्रीय कार्यालयहरू नेपालगन्जमै रहेका कारण जनताले सास्ती व्यहोर्दै आएका थिए।

## अंग्रेजी माध्यममा पढाउन तालिम लिँदै शिक्षकहरु

**दुर्गाप्रसाद शर्मा, पर्वत**

पर्वतको फलेबास नगरपालिका भित्रका सबै सामुदायिक विद्यालयमा अनिवार्य अंग्रेजी माधयममा पठनपाठन शुरु गर्न शिक्षकलाई एकैपटक तालिम दिन शुरु गरिएको छ।

आगामी शैक्षिक सत्रदेखि सबै सामुदायिक विद्यालयमा अंग्रेजी माध्यममा अध्यापन शुरू गर्न नगरपालिकाले सबै विद्यालयका प्राथमिक तहका शिक्षकलाई एकैपटक तालिम दिन शुरु गरेको हो। नगरपालिका भित्रका ५७ सामुदायिक विद्यालयका १ सय ७० जना बढी शिक्षक तालिममा सहभागी छन्।



फलेबास नगरपालिकाले दिएको जानकारीअनुसार नगरपालिकाका ११ वटै वडामा बुधबारदेखि एकैपटक तालिम शुरू भएको छ। आगामी शैक्षिक सत्रदेखि कम्तीमा पनि कक्षा १ सम्म अंग्रेजी माध्यममा पठनपाठन शुरु गर्ने उद्देश्यले विद्यालयमा कार्यरत शिक्षकलाई तालिम दिन थालिएको हो। माघ ३ देखि शुरु भएको तालिम वैशाख १५ सम्म चल्ने नगरपालिकाका खरिदार पारस पौडेलले जानकारी दिए। शिक्षकहरूले बिहान र बेलुका तालिम लिने र दिउँसो आफू कार्यरत विद्यालयमा पढाउने गरी तालिमको व्यवस्थापन मिलाइएको छ।

सामुदायिक विद्यालयमा विद्यार्थी संख्या कम हुने र छोराछोरी पढाउन शहर झर्ने प्रवृत्ति बढेपछि सामुदायिक विद्यालयलाई नै सुधार गर्ने योजनाअनुसार सबै विद्यालयमा एकैपटक अभियान शुरु गरिएको नगरपालिकाका कार्यकारी अधिकृत मोतीराम सापकोटाले बताए। शिक्षकले अतिरिक्त समयमा तालिम लिने र काजसमेत नलिने गरी व्यवस्थापन गरिएको उनको भनाइ छ। यसअघि २२ जना माध्यामिक तहका शिक्षकलाई तालिम दिएर प्रशिक्षक तयार गरिएको छ। एउटा वडामा २ जना प्रशिक्षकले वडाभरका सामुदायिक विद्यालयका प्राथमिक तहका शिक्षकलाई तालिम दिनेछन्। शिक्षकले २ सय ३० तालिम लिनेछन्।

फलेबास नगरपालिकाको पहिलो नगरपरिषद्बाट सबै सामुदायिक विद्यालयमा शैक्षिक सुधार गर्ने र विद्यार्थी संख्या बढाउन अंग्रेजी माध्यममा पठनपाठन गर्ने योजनाअनुसार काम अघि बढाइएको नगरप्रमुख पदमपाणि शर्माले बताए। नगरपालिकाले शिक्षाको क्षेत्रमा सुधार गर्ने पहिलो कामको रूपमा यसलाई लिएको र क्रमशः सबै सामुदायिक विद्यालयलाई विद्यार्थीको आकर्षणको केन्द्र बनाउने उनको भनाइ छ। 'शैक्षिक सुधारका लागि पहिलो सर्त विद्यार्थी बढाउनुपर्ने देखिएकाले तल्लो तहदेखि अंग्रेजी माध्यममा पठनपाठन शुरु गराउन लागेका हौं' -उनले भने।

## दुर्घटनामा पाँच घाइते

राजविराज (नेस)

वाक्लो हुस्सुका कारण चालकले बाटो ठम्याउन नसक्दा सप्तरीको कञ्चनरुपस्थित सुन्दरी पुलमा ठोक्किएर बिहीबार बिहानै ट्रक दुर्घटना भएको छ। गोरु बोकेर पूर्व जाँदै गरेको ट्रक दुर्घटनामा चालकसहित ५ जना गम्भिर घाइते भएका छन् भने ८ वटा गोरु घटनास्थलमै मरेका छन्।

बिहान करिब साढे ५ बजे ना ६ ख १७०५ नम्बरको ट्रक पूर्वपश्चिम राजमार्गअन्तर्गत कञ्चनरुप-१२ रुपनगरस्थित पुलमा ठोक्किएर पल्टिएको स्थानीवासी उत्तम आचार्यले जानकारी दिए। दुर्घटनामा चालक रामेछाप लखनपुर-९ निवासी ३५ वर्षीय रत्न लामाको टाउको र सहचालक चितवन निवासी २० वर्षीय सुशिल थपलियाको छातिमा गम्भिर चोट लागेको छ भने गोरु ब्यापारी सर्लाहीका विर्ता निवासी ५५ वर्षीय किशोरी राय यादवको पिसाब नली काटिएको कञ्चनरुप-१२ धरमपुरस्थित धर्मेश्वर हस्पिटलका डाक्टर दिलिप कर्णले बताए।


## वर्गीकृत डिस्प्ले

बोरिङ्ग इनारको रातो पहेलो पानीलाई शुद्ध र सफा गरिन्छ।
जलपादेवी वाटर सोलुशन
फोन नं:- ९८५१०६९३९२, ९८५१०२१०३८

**जग्गा विक्रीमा**
का.म.पा १९ कंकेश्वरी मन्दिरसँगै, डल्लु पुलबाट टेकु जाने लिंकरोडमा जोडिएको स्कुल, कलेज, अस्पताल, व्यापारिक मल, हलको लागि अति उपयोगी ५ रोपनी जग्गा विक्रिमा छ।
सम्पर्क नं.:- ९८४१३१४७८१

**वर्गीकृत डिस्प्ले**
आइतबार, मंगलबार, बिहीबार र शुक्रबार
रू. १००० ।-
मूअकबाहेक
विस्तृत जानकारीका लागि
कामना न्युज पब्लिकेशन प्रा.लि. भीमसेनस्थान
फोन : ४२१९९८४, ४२१९०२६, ४२१९६२२, ४२१९४४५

## वर्गीकृत विज्ञापन

**डिप्रेशन र माईग्रेनको सफल उपचार !!!**

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प तात्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहींबाट नभएकाहरूलाई पनि निको पारिने।**

उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।

**युनिक मेडिटेशन सेन्टर**
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९, ९८१३१२५५५८

**मर्मत**

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्टकारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ । डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला ।

**उपलब्धी सुविधाहरू**
(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**

**मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।**
खान बस्नको सुविधासहित।
If you are satisfied,
tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक, काठमाडौं
फोन नं. ४४३१२८६, ५०१०५५०

**बाथ तथा दमको अचुक उपचार**

हिमाली जडीबुटीहरूको ११ वर्षको लगातार अनुसन्धानपश्चात् साध्य तथा असाध्य रोगमा अपूर्व सफलता।
बाथ एवं नसारोग : स्यालको बोसो, चौंरीको घियू, मूला बीउ, रायो बीउको तेलमा ५१ जडीबुटीलाई सिद्ध गरिएको मालिस तेल र ८१ जडीबुटीबाट निर्मित खाने औषधीबाट बाथमा सफलता।
दम : रूद्राक्षको जराको सत्व, कागतीको जराको सत्व, कण्टकारीको जराको सत्व, दशौं वर्ष पुरानो सख्खर (गुड) का साथमा १३ जडीबुटीलाई सिद्ध गरिएको औषधीबाट दममा सफलता।
मधुमेह : मधुमेह धातु (वीर्य क्षीण हुने) रोग पनि भएकाले वीर्य पुष्टिका लागि- गुर्जोको सत्व, कृष्णब्राम्ही, विमिरोको जराको सत्व, ओखरको तेल, बाँसको जराको सत्व, नीर बाबरीको दानालगायत ११ जडीबुटीबाट वीर्य पुष्टि एवं मधुमेहमा सफलता साथै ग्यास्ट्रिक, अल्सर, पुरानो आउँ, अल्काई, पिनास, पुरानो खोकी, प्यारालाईसिस, साइटिका, कम्मर-घुँडा दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको, महिनावारीमा तल्लो पेट दुख्ने, श्वेतप्रदर, शीघ्रपतन, यौन अक्षमता, गानोगोला जस्ता सबै खाले पुराना रोगको सफल उपचार गरिन्छ।

**विशाल आयुर्वेद तथा ध्यान-दर्शन योगाभ्यास प्रशिक्षण आश्रम**
**महाराजगन्ज चक्रपथ, नारायणगोपाल चोक परमेश्वर मार्ग, आस्था कला केन्द्रसँगै (अमेरिकन एम्बेसीको अपोजिट साइडबाट ५-७ घर माथि आएपछि परमेश्वर मार्गमा छिर्ने)**
**फोन : ४७२००४६**
**मोबाइल : ९८५१०७३५००**

नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

**काठमाडौं** गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोनः ३७०७०५, फ्याक्सः ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोनः ३५३९४१, फ्याक्सः ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोनः ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोनः ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्र्याक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिब्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोनः ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोनः २८२४५१, २८०६७३, फ्याक्सः २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोनः २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोनः ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोनः ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६९३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्र) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोनः ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२, फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२९१७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर** हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोनः ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोनः ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोनः ९८४१७६९५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर** सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मलः स्टेसनरी गठाघर, फोनः ६३०७५७ ● बेबिस आर्ट इटाछें : ६१२७२४

२०७४, माघ
शुक्रबार
५

दैनिक ज्यालामजदुरी गरेर गुजरा चलाउनुपर्ने बाध्यताका उनी जस्तै उक्त बस्तीका ३० घरधुरी रहेका छन्। बालबालिकाहरु विद्यालय जान पाएका छैनन्। उनीहरुको रोग लागे अस्पताल जाने सामर्थ्य छैन। यस्तो अवस्थामा शीतलहरबाट उनीहरु पीडित बन्दै आएका छन्।

# नेपाल

## बाल हेल्पलाइनमा २ सय ३९ घटना
# ४२ हराए, ३७ जना फेला

**नेपाल समाचारपत्र**

हेटौंडा

बाल हेल्पलाइनमा सन् २०१७ मा २ सय ३९ वटा घटना दर्ता भएका छन्। जसमध्ये १ सय ३ बालक र १ सय ३६ बालिका छन्। ४२ जना हराएकोमा ३७ जना फेला परेका छन्। बेवारिस फेला परेका २०, शैक्षिक सहायताका लागि ७० जना, श्रम शोषण १९ परेका उद्धार गरी जरिवाना २९ हजार, क्षतिपूर्ति १ लाख २६ हजार ८ सय भराइएको थियो।

जिल्ला संयोजक झवीन्द्र ज्ञवालीले बालविवाह ११ वटामध्ये ८ वटा रोक्न सफल भएको, स्वास्थ्य उपचार सम्बन्धि १५, बालबालिका बेचबिखन तथा ओसारपसार २७, जन्मदर्ता र नागरिकता सम्बन्धि समस्या ४, बाल दुर्व्यवहार तथा हिंसा सम्बन्धि १८ वटा रहेको बताउनुभयो। यसमध्ये बलात्कार तथा यौन शोषणको घटना ९ वटा, ९ वटा शारीरिक दण्ड सजाय सम्बन्धि छन्।

बालबालिकाको बेवास्ता ४, बाल बिभ्याइँ २, पारिवारिक द्वन्द्व १४, आमाबाबु जेलमा रहेका ४ छन्। उमेर समूह हेर्दा १४-१६ वर्षका ९३ जना छन्। १०९८ मा प्राप्त टेलिफोन कल संख्या ३ हजार ५ सय ७८ थियो। जसमा पुरुषले गरेका १ हजार ४ सय ४८, महिलाले गरेका १ हजार ७ सय ७२ र बालबालिका स्वयम्ले गरेका ५ सय १८ छन्।

जिल्लागतरूपमा हेर्दा २२ वटा जिल्लाका केश बाल हेल्पलाइनमा दर्ता भएका छन्। त्यसमा सबभन्दा बढी मकवानपुरका ६४ बालक र १ सय २६ बालिका गरी १ सय ९० केश दर्ता भएको बाल हेल्पलाइन जिल्ला संयोजक ज्ञवालीले जानकारी दिनुभयो।

बाल हेल्पलाइन जिल्ला समन्वय समितिको बैठकले वार्षिक प्रतिवेदन सार्वजनिक गरेको हो। मकवानपुरका प्रमुख जिल्ला अधिकारी तथा जिल्ला बाल कल्याण समिति अध्यक्ष चक्रबहादुर बुढाको सभाध्यक्षतामा बसेको बैठकमा समितिका २१ सदस्यको सहभागिता रहेको बाल हेल्पलाइनले जनाएको छ।

बाल हेल्पलाइन जिल्ला समन्वय समिति र सिविन नेपालद्वारा सञ्चालित बाल हेल्पलाइन नेपाल मकवानपुरको आयोजनामा सञ्चालित समितिको बैठकमा जिल्ला समन्यव समिति उपप्रमुख भगवती पुडासैनी र हेटौंडा उपमहानगर उपप्रमुख मीना लामाको आतिथ्यता थियो।

कार्यक्रममा मकवानपुरकी जिल्ला बाल कल्याण अधिकारी विष्णुकुमारी लामिछाने, हेटौंडा उपमहानगर प्रबन्धक भीम तिमल्सिना, नेपाल शिक्षक महासंघ अध्यक्ष जिधराज ढकाल, प्याब्सन मकवानपुर अध्यक्ष मदन दाहाललगायत सदस्यको सहभागिता थियो।

बैठकमा सहभागी सदस्यहरूले बाल हेल्पलाइनको दीगो प्रवर्द्धनका निम्ति सबैको सहयोग, सहकार्यको निम्ति प्रतिबद्धता व्यक्त गरेका थिए। उपमेयर लामाले हेल्पलाइनको कोष व्यवस्थापनमा हेटौंडा उपमहानगरका तर्फबाट सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो।

# डा. केसी रौतहटको मुसहर बस्तीमा

**सञ्जय कार्की, गौर, रौतहट**

गडिमाई नगरपालिका-३ लक्ष्मीपुरस्थित मुसहर बस्तीकी दुलियादवी माझीको अवस्था नाजुक रहेको छ। उनको भत्केको सानो घर छ। सन्तानमा उनका दुई छोरी पनि छन् तर दैनिक जीवीको पार्जनमा उनलाई समस्या छ।

दैनिक ज्यालामजदुरी गरेर गुजरा चलाउनुपर्ने बाध्यताका उनी जस्तै उक्त बस्तीका ३० घरधुरी रहेका छन्। बालबालिकाहरू विद्यालय जान पाएका छैनन्। उनीहरूको रोग लागे अस्पताल जाने सामर्थ्य छैन। यस्तो अवस्थामा शीतलहरबाट उनीहरू पीडित बन्दै आएका छन्।

यसवर्ष कसैबाट न्यानो कपडा पर्याप्त नआएको गुनासो उनीहरूको रहेको छ। यसबीचमा १४ पटकसम्म अनसन बसेका डाक्टर गोविन्द केसीले बिहीबार भने रौतहटको गढीमाई नगरपालिकाको हरैया र लक्ष्मीपुरको मुसहर बस्तीका शीतलहरपीडितलाई न्यानो कपडा बितरण गर्नुभएको हो। उहाँले बितरण गरेको न्यानो कपडासमेत सबै घरधुरीलाई नपुगेपछि उनीहरू झनै चिन्तित बनेका छन्।

त्रिवि शिक्षण अस्पतालका हाडजोर्नी विशेषज्ञ डाक्टर गोविन्द केसीले सशस्त्र र नेपाल प्रहरीको गाडी प्रयोग गरेर शीतलहरपीडितलाई कम्बल बितरण गर्नुभएको हो। १ महिनादेखि तराईमा चलेको शीतलहरबाट रौतहटमा मात्रै २३ जनाको ज्यान गए पनि राज्यबाट कुनै न्यानोका लागि पहलकदमी हुन सकेको छैन। रौतहटको विभिन्न स्थानमा बसोबास गर्ने विपन्न मुसहर, चमार, दुसाध एवम् डोमसमुदायका बासिन्दा बढी प्रभावित हुँदै आएका छन्।



# दुर्गा भवानीमा आगलागी

बैतडी, (नेस)

बैतडीको दशरथचन्द नगरपालिका ३ दुर्गाभवानीमा एक घरमा आगलागी भएको छ। दुर्गाभवानीका केशव क्षेत्रीको घरमा आगलागी हुदाँ ५५ हजार नगदसहित जलेर १ लाख ५५ हजार रुपियाँ बढीको क्षति भएको देहिमाण्डौं प्रहरीचौकीका प्रहरी सहायक निरीक्षक राजबहादुर पालीले जानकारी दिनुभयो।

विद्युत् तार सर्ट भएर आगलागी भएको र आगलागीबाट घरभित्र रहेका नगदसहित लुगाकपडा, मोबाइल सेट, रेडियो, खटिया, सोफा, टेबुल, दराज जलेर नष्ट भएका हुन्। घटनाको मुचुल्का तयार गरी जिल्ला प्रशासन कार्यालयमा पेश गरिएको प्रहरीचौकी देहिमाण्डौंले जनाएको छ।

हार्दिक श्रद्धाञ्जली



जन्म मिति:
२०११/०७/११

स्वर्गारोहण:
२०७४/०९/२३

स्व. डा. बाबुराम पोखरेल

यस नि:सहाय सेवा सदनका संस्थापक सदस्य तथा वर्तमान कार्यसमितिका सचिव डा. **बाबुराम पोखरेल** ज्यूको दु:खद् निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तीको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दु:खद् घडिमा शोकसन्तप्त परिवार जनप्रति परमात्माले धैर्य धारण गर्ने शक्ती प्रदान गरुन भनि कामना गर्दछौं ।

अध्यक्ष
तथा
नि:सहाय सेवा सदन परिवार

हार्दिक श्रद्धाञ्जली



जन्म :
वि.सं. २०११ कार्तिक ११ गते

स्वर्गारोहण :
वि.सं. २०७४ पौष २३ गते

स्व. बाबुराम पोखेल

यस परिवारका सक्रिय सदस्य श्रीमती उर्मिला पोखेलज्यूका पति, हाम्रा अभिभावक, निवर्तमान सभासद, प्याब्सनका पूर्व अध्यक्ष, हिसानका वरिष्ठ उपाध्यक्ष तथा भि.एस.निकेतन फाउण्डेसनका संस्थापक अध्यक्ष **डा. बाबुराम पोखेल**को असामयिक निधन भएको आज **१३**औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दु:खद घडीमा शोक सन्तप्त परिवारजन प्रति धैर्य धारण गर्न सक्ने शक्ति प्रदान गरुन् भनि श्री पशुपतिनाथसँग प्रार्थना गर्दछौं ।

श्रीमान्/श्रीमती शिवराज पन्त
एल.आर आई स्कूल, कलंकी

श्रीमान्/श्रीमती राजेश खड्का
जेम्स स्कूल, धापाखेल

श्रीमान्/श्रीमती महेश श्रेष्ठ
पुष्पसदन आ.मा.वि., किर्तिपुर

श्री उमेश श्रेष्ठ
श्रीमान्/श्रीमती अ.प्रा. रथी फत्ते बहादुर लिम्बु
श्रीमान्/श्रीमती राजेश श्रेष्ठ
लिटिल एन्जलस स्कूल, हातीवन

श्रीमान् ज्ञानु तुलाधर
निर्भना एकेडेमी, किमडोल स्वयम्भू

श्रीमती इन्दिरा याकथुम्वा
श्रीमान्/श्रीमती निराकार याकथुम्वा
ज्ञानोदय बाल बाटिका, भैसीपाटी

श्रीमान्/श्रीमती दयाराम थापा
श्रीमान्/श्रीमती मोहन कुमार कार्की
ब्राईट फ्यूचर मा.वि., नैकाप

श्रीमती प्रमिला सिंह
श्रीमान्/श्रीमती भाइराजा श्रेष्ठ
श्रीमान्/श्रीमती क्या.श्री अनिल श्रेष्ठ
ई.पि.एस. स्कूल, मिनभवन

श्रीमान्/श्रीमती सुरेन्द्र सिटौला
वाग्मती आ.मा.वि., सुकेधारा

श्रीमान्/श्रीमती गोपाल कृष्ण श्रेष्ठ
बुकफिल्ड स्कूल, सिनामंगल

तथा

गोसाईकुण्ड गुठी परिवार



# विश्व

**छापा**

इटालीका विभिन्न स्थानमा चिनियाँ माफियाका सदस्यहरूलाई पक्रिन छापा मार्दै गरेका प्रहरी।



**अनुसन्धान**

मकाउको एउटा क्यासिनोबाट ६० लाख अमेरिकी डलर बराबरको चिप्स चोर्ने एक डिलरको खोजी भइरहेको छ।



2018, JAN
Friday
19

विश्व २ मिनेट

**चीन**

## चिप्स चोरिया

मकाओ, (एजेन्सी)

चीनको विशेष प्रशासकीय क्षेत्र मकाओका प्रहरीले ६० लाख अमेरिकी डलर बराबरको चिप्स चोरेको आरोपमा एक क्यासिनो डिलरको खोजी गरिरहेको जनाएको छ। प्रहरीले पीडित क्यासिनोको नाम उल्लेख गरेको छैन। तर रोयटर्स समाचार निकाय र स्थानीय सञ्चार माध्यमले यसै साता वायन मकाउको भीआईपी रुममा यो चोरी भएको दाबी गरेका छन्। विश्वकै सबैभन्दा ठूलो जुवा अखडा मानिने मकाउमा छवटा क्यासिनो सञ्चालित छन्। चीनमा भने जुवा खेलाउने क्यासिनो प्रतिबन्धित छ। वाइन मकाउ क्यासिनो लस भेगासमा मुख्यालय रहेको वाइन रिसोर्टको हो।

**इटाली**

## आशंकित पक्राउ

रोम, (एजेन्सी)

चिनियाँ माफियाको सदस्य रहेको आशंकामा बिहीबार इटालीमा प्रहरीले ३३ जनालाई गिरफ्तार गरेको छ। इटालीमा रहेका चिनियाँहरूबाट चिनियाँ उत्पादित वस्तुहरू युरोपभरि वितरण हुने कार्यमाथि नियन्त्रण राख्ने उद्देश्यले बिहान सबेरै प्रहरीले विभिन्न सथानमा छापा मारेको बताइएको छ। 'चाइना ट्रक' नाम दिइएको यो अभियान सन् २०११ देखि नै शुरू गरिएको थियो। पक्राउमा परेका तिनीहरू एउटा आपराधिक समूहसँग आबद्ध रहेको बताइएको छ। प्रहरीले अन्य २१ जनामाथि भने यस विषयमा अनुसन्धान भइरहेका बताएको छ।

**चीन**

## कुरान पढ्न रोक

बेइजिङ, (एजेन्सी)

चिनियाँ सरकारका अधिकारीहरूले पश्चिम चीनको एक काउन्टीका मुस्लिम बच्चाहरूलाई हिउँदे बिदामा कुनै पनि धार्मिक कार्यक्रममा सहभागी बन्न रोक लगाएको छ। उक्त इलाकामा प्रायः मुस्लिम आवादी रहेको छ। उक्त प्रतिबन्धको सूचना शिक्षा निकायले अनलाइनमा पोस्ट गरेको थियो। यसलाई धार्मिक स्वतन्त्रताको दमन गर्ने सरकारी कदमका रूपमा लिइएको छ। गान्सु प्रान्तको लिन्सिय काउन्टीका स्कुले छात्रछात्रालाई बिदामा कुनै पनि धार्मिक भवनमा छिर्न रोक लगाएको स्थानीय शिक्षा ब्युरोले जनाएको छ। विद्यार्थीले कक्षा कोठा वा धार्मिक स्थलमा समेत धार्मिक ग्रन्थ कुरान पढ्न नपाउने ब्युरोले जनाएको छ।

**भारत**

## चुनाव तिथि घोषणा

नयाँदिल्ली, (एजेन्सी)

भारतको चुनाव आयोगले तीन उत्तरपूर्वी राज्य मेघालय, त्रिपुरा र नागाल्यान्डमा विधानसभा चुनावको तिथि घोषणा गरेको छ। मुख्य चुनाव आयुक्त एके जोतीले चुनाव दुई चरणमा हुने बताए। पहिलो चरण फेब्रुअरी १८ मा त्रिपुरामा चुनाव हुनेछ। दोस्रो चरणमा मेघालय र नागाल्यान्डमा फेब्रुअरी २७ मा चुनाव हुने आयोगले जनाएको छ। तीनैवटा राज्यको मतगणना मार्च ३ मा हुनेछ। मतदानका लागि इभिएम र भीभीपीएटीको प्रयोग गरिने बताइएको छ। तीनवटा राज्यमा ६० वटा मतदान केन्द्र रहने र इभिएमको नतिजालाई भीभीपीएटी मेसिनबाट प्राप्त जानकारीसँग मिलान गरिने बताइएको छ

# साँढे जुधाइ खेलमा पाँच मारिए



चेन्नाइ, (एजेन्सी)

दक्षिण भारतीय राज्य तमिलनाडुमा स्थानीय भाषामा 'जाल्लीकात्तु' भनिने साँढे जुधाइ हेरिरहेका ५ जनाको साँढेको प्रहारका कारण मृत्यु भएको बुधबार प्रहरीले जनाएको छ। यस विवादास्पद खेलको दौरान हजारौं युवक साँढेको तीखा सिङमा बाँधिएको पुरस्कार थुत्ने जोखिम उठाउने गर्दछन्।

जनावरमाथि निर्मम व्यवहार हुने गरेको आधारमा सन् २०१४ मा भारतको सर्वोच्च अदालतले जाल्लीकात्तुमाथि प्रतिबन्ध नै लगाएको थियो। तर उक्त राज्यभरि नै यस प्रतिबन्धविरुद्ध व्यापक जनआवाज उठ्न थालेपछि सरकारले अन्ततः प्रतिबन्ध हटाएको थियो।

दुई वर्षपछि यसपालि निकै धुमधामसँग यो खेलको आयोजना गरिएको हो। सरकारी अधिकारीहरूले मंगलबार भएको उक्त घटनामा अन्य कम्तीमा साठी जना घाइते भएको बताएका छन्। यस प्रतियोगितामा अहिलेसम्ममा धैरै व्यक्तिको अकालमा ज्यान गइसकेको छ।

यस प्रतियोगितामा सयौं संख्यामा दर्शकहरू पनि घाइते हुने गरेका छन्। जनावर अधिकारवादीहरूले खुला चौरमा छोडिएका साँढेहरूलाई भिडले बिनाकारण जिस्काउँदै लखेट्दै आक्रोसित पार्नु अनावश्यक काम भएको प्रतिक्रिया दिएका छन्। तर सरकारले सफाइमा सांस्कृतिक परम्परा र स्थानीय नश्लका साँढेहरूको महत्त्वलाई जोगाइराख्न पनि यो खेलको आवश्यकता रहेको जनाएको छ। यो खेल २ हजार वर्षभन्दा पुरानो मानिन्छ।

# नाङ्गा प्रदर्शनकारी पक्राउ



वार्सा, (एजेन्सी)

अस्कवित्जस्थित नाजी मृत्यु शिविरसामु नाङ्गिएर एउटा भेंडा मारी सो स्थानको अपमान गरेको अभियोगमा प्रहरीले १२ जनालाई गिरफ्तार गरेको छ। पोलिस शहर ओस्विएसिमस्थित एक अदालतले तिनीहरूमध्ये दुई जनालाई जनही एक वर्षभन्दा लामो कारवास सजाय सुनाएको छ भने बाँकीलाई आर्थिक दण्ड तोकेको छ।

गत मार्चमा घटेको सो घटनाको दौरान तिनीहरूले 'कामले तिमीहरूलाई मुक्ति दिन्छ' भन्ने अलोकप्रिय नारा पनि लगाएका थिए। सो यातना शिविरमा नाजीहरूले करिब ११ लाख मानिसको हत्या गरेका थिए। उक्त घटनाको उद्देश्य स्पष्ट नभए पनि पछि सो समूहले आफूहरूले युक्रेनको युद्धविरुद्ध प्रदर्शन गरेको बताएको थियो।

अस्कवित्ज संग्रहालयका निर्देशक पियोटर सिविन्सिकीले तिनीहरूले सो शिविरमा मारिएका लाखौं व्यक्तिका नातेदारहरूलाई चोट पुऱ्याएको आरोप लगाएका छन्। २० देखि २७ वर्ष उमेरका सो समूहमा छ जना पोलिस, चारजना बेलारुसी र एक जना जर्मन रहेको प्रहरीले बताएको छ।

तिनीहरूले त्यहाँको कार पार्कमा पटाका पड्काइसकेपछि संग्रहालयका गार्डहरूले हस्तक्षेप गर्नुअघि आफूहरूलाई गेटमा सिक्रीले बाँधेका थिए। स्थानीय सञ्चार माध्यमले तिनीहरूले आफूमाथि भएको हस्तक्षेपको भिडियो खिच्न ड्रोन विमानको प्रयोग गरेको जनाएको छ।

# ट्रम्पद्वारा 'फेक न्युज अवार्ड' विजेताको घोषणा

### पहिलो स्थानमा नोबेल पुरस्कार विजेता

वासिङ्टन, (एजेन्सी)

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले 'फेक न्युज अवार्ड' पाउनेहरूको नाम घोषणा गरेका छन्। उनले ती नाम सन् २०१७ मा गलत समाचार दिने काम गरेका पत्रकारहरूको भएको बताएका छन्।

राष्ट्रपतिले आफ्नो पार्टी रिपब्लिकन नेसनल कमिटीको ब्लगमा पोस्ट गरेको उक्त नामावलीमा ११ जना पत्रकार तथा अखबारको नामलाई सूचीकृत गरेका छन्। यसमा सबैभन्दा पहिला पल क्रुगम्यानलाई राखिएको छ। उनले ट्रम्पले जितेपछि न्युयोर्क टाइम्समा ट्रम्पको शासनकालमा बजार कहिले पनि सुधार नहुने लेखेका थिए।

उनीबाहके सूचीमा समावेश गरिएका नाममा एबीसी न्युजका ब्रायन रोस, सीएनएन, टाइम, वासिङ्टन पोस्टका पत्रकार डेव विगल, न्युज विकलाई समावेश गरिएको छ।

ट्रम्पले सूचीमा सबैभन्दा माथि राखिएका व्यक्ति क्रुगम्यान सन् २००८ का अर्थशास्त्रमा नोबेल पुरस्कार विजेता हुन्। नोबेल सोसाइटीका अनुसार पल क्रुगम्यानलाई उक्त पुरस्कार व्यापार प्याटर्न तथा आर्थिक गतिविधिका विश्लेषणका लागि प्रदान गरिएको थियो।

सन् १९५३ फेब्रुअरीमा जन्मेका क्रुगम्यानका बारेमा द वासिङ्टन पोस्ट मण्डलीले उनी अमेरिकाको सबैभन्दा महत्त्वपूर्ण राजनीतिक स्तम्भकार बताएका थिए।

सन् २०१७ डिसेम्बरमा छापिएको एक लेख 'अमेरिका इज नट यर लास्ट'मा उनले भनेका थिए- 'दिनहुँ जस्तो ट्रम्प आफै यस कार्यालयका लागि नैतिक र बौद्धिक रूपमा पूर्ण अयोग्य साबित गरिरहेका छन्।'



पल क्रुगम्यानले कुल २३ किताब लेखिसकेका छन् भने २ सयभन्दा बढी जर्नल लेख प्रकाशित गरिसकेका छन्। उनले एमआईटी, येल र स्टेनफोर्ड युनिभर्सिटीमा पनि पढाइसकेका छन्।




# बस आगलागीमा ५२ को मृत्यु

इर्गिज, (एजेन्सी)

उत्तर-पश्चिमी कजाखस्तानमा बिहीबार एउटा यात्रुवाहक बसमा भएको आगजनीमा ५२ जनाको ज्यान गएको त्यहाँको गृहमन्त्रालयले जनाएको छ। सो दुर्घटनमा बसबाट फुत्किन सफल ५ जनाको अस्पतालमा उपचार भइरहेको उद्धारकर्मीहरूले बताएका छन्।

स्थानीय समयअनुसार बिहीबार बिहान साढे १० बजे आक्तोबे क्षेत्रको इर्गिज जिल्लामा यो दुर्घटना भएको हो। स्थानीय सञ्चारमाध्यमले सो बसले उज्वेक जनतालाई सामारा सिम्केन्ट मार्गबाट रसियाबाट ओहोरदोहोर गराउने गरेको जनाएको छ।

पर्यवेक्षकहरूका अनुसार रसियाको निर्माण क्षेत्रमा जाने उज्वेक आप्रवासी श्रमिकहरूले करिब २ हजार २ सय किमि लामो यो मार्ग प्रयोग गर्ने गरेका छन्। आपत्कालीन मन्त्रालयले सो बसमा २ जना ड्राइभर र ५५ जना यात्रु सवार रहेको एएफपी समाचार निकायलाई जानकारी दिएको छ। यसरी एक्कासि बसमा भयानक आगो लाग्नाको कारण अझै खुल्न सकेको छैन।



# सेल्फीका कारण अपराधी पक्राउ



टोरन्टो, (एजेन्सी)

क्यानाडाकी एक महिला सामाजिक सञ्जालमा राखिएको एउटा सेल्फी तस्वीरको कारण आफ्नै साथीको हत्याको अभियोगमा प्रहरीको फन्दामा परेकी छिन्। प्रहरीले सो सेल्फीमा हत्यामा प्रयोग गरिएको हतियार देखेपछि अनुसन्धानलाई बल पुगेको थियो।

दुई वर्षअघि क्यानाडामा १८ वर्षीया साथी बिटनी ग्यारगोंलको हत्या गरेको अभियोगमा अदालतले २१ वर्षीया चेएन्ने रोज एन्टोइनलाई दोषी ठहर गरेको छ। सास्कात्चेवानको सास्कातुनस्थित एउटा ल्यान्डफिल्डनजिक घाँटी थिचेर मारिएको अवस्थामा ग्यारगोंलको शव फेला परेको थियो। शवनजिकै एन्टोइनको पेटी भेटिएको थियो।

हत्याको अभियोगमा एन्टोइनलाई सात वर्ष लामो कारावास सजाय सुनाइएको छ। ग्यार्गोल मारिएको केही घण्टा अघिमात्र उनीसँग सोही पेटी लगाएर खिचिएको तस्वीर फेसबुकमा राखेकाले उनी सजिलैसँग पक्राउमा परेकी हुन्।

शुरूमा उनले सो घटनाका बेला आफू अकैं साथीको घरमा रहेको कहानी सुनाएर ढाँट्न खोजेकी थिइन्। तर पछि उनले रक्सीको नशामा विवाद हुँदा पिटेर घाँटी अठ्याई ग्यारगोंलको हत्या गरेको स्विकारेकी थिइन्।

# अग्नी ५ अन्तरमहाद्विपीय क्षेप्यास्त्रको सफल परीक्षण

नयाँ दिल्ली, (एजेन्सी)

भारतले बिहीबार लामो दूरीको अन्तरमहाद्विपीय ब्यालिस्टिक क्षेप्यास्त्र ( आईसीबीएम)को सफल परीक्षण गरेको रक्षा मन्त्रालयले जनाएको छ।

आणविक क्षमताको अग्नी ५ क्षेप्यास्त्र भारतको सबैभन्दा अत्याधुनिकआईसीबीएम मानिन्छ। उक्त क्षेप्यास्त्र भारतको पूर्वी राज्य उडिसाको तटीय टापु अब्दुल कलामबाट बिहीबार बिहान प्रहार गरिएको मन्त्रालयले ट्विटमा उल्लेख गरेको छ। उक्त सफल परीक्षणले देशको सुरक्षा क्षमतामा उल्लेखनीय वृद्धि भएको मन्त्रालयले जनाएको छ।

फेडरेसन अफ अमेरिकन साइन्टिस्टका अनुसार भारतसँग करिब १ सय २० देखि १ सय ३० परमाणु हतियार रहेको विश्वास गरिन्छ। अमेरिकासँग यसको तुलनामा हजारौं संख्यामा परमाणु हतियार रहेको छ।

एमआईटीमा परमाणु प्रसार विषय पढाउने राजनीतिक विज्ञानका सहप्राध्यापक विपिन नारागले बिहीबारको परीक्षणले नयाँ क्षमता प्रदर्शन नगरेको बताउँदै यो भारतले खोजेको विस्तार क्षमता हासिल गर्नुअगाडिको विकासकै चरणमा रहेको सामान्य परीक्षण मात्र भएको बताए।




सन् २०१२ देखि अहिलेसम्ममा अग्नी ५ पाँचपटक परीक्षण भइसकेको छ। यसअघि पछिल्लो परीक्षण गत वर्ष डिसेम्बरमा भएको थियो। यो क्षेप्यास्त्रको विस्तार क्षमताले भारतका दुई प्रमुख भौगोलिक प्रतिद्वन्द्वी पाकिस्तान र चीनलाई चिन्तित बनाएको छ।

२०७४, माघ
बिहीबार
४

नेपाल

संविधानअनुसार प्रदेश प्रमुखले प्रदेशसभामा बहुमत प्राप्त संसदीय दलका नेतालाई मुख्यमन्त्री नियुक्ति गर्नेछन् भने मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश मन्त्रिपरिषद्को गठन हुनेछ। प्रदेशसभामा कुनै पनि दलको स्पष्ट बहुमत नभएको अवस्थामा दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेशसभाको सदस्यलाई प्रदेश प्रमुखले मुख्यमन्त्री नियुक्त गर्नेछन्।

# अस्थायी राजधानी र प्रदेश प्रमुख पुनर्विचार हुन्छ : ओली

**नेपाल समाचारपत्र**

काठमाडौं

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले सरकारले तोकेको प्रदेश प्रमुख र अस्थायी राजधानीको बारेमा नयाँ सरकार बनेपछि पुनर्विचार हुने बताउनुभएको छ। सरकारले एकलौटी ढंगले अस्थायी राजधानीतोकेको भन्दै असन्तुष्टि व्यक्त गर्दै उहाँले नयाँ सरकारले अस्थायी राजधानी र प्रदेश प्रमुखको बारेमा पुनर्विचार हुने बताउनुभएको हो।

नियमित स्वास्थ्य परीक्षण गराई बिहीबार बैंककबाट स्वदेश फर्केपछि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पत्रकारसँग कुरा गर्दै अध्यक्ष ओलीले कहाँ-कहाँ अस्थायी राजधानी तोक्ने, कहाँ-कहाँ प्रदेशको राजधानी तय गर्ने भन्ने विषयमा प्रदेशसभाले तय गर्ने बताउनुभयो। उहाँले भन्नुभयो,- 'अहिले स्थायी राजधानीको घोषणा गरेकै कारण विपक्षमा आन्दोलित हुन आवश्यक छैन।'

निर्वाचनबाट ताजा जनादेश आइसकेको अवस्थामा नयाँ सरकार गठनमा भएको ढिलाइ लोकतन्त्र र संविधान अनुकूल बताउँदै अध्यक्ष ओलीले माओवादी केन्द्रसँगको एकता प्रक्रिया तीव्रताका साथ अगाडि बढेको बताउनुभयो। उहाँले भन्नुभयो- 'पार्टी एकताको सम्बन्धमा कुनै भ्रम र अन्योलता छैन, छिट्टै पार्टी एकता हुन्छ।'

सरकारले ढिलै भए पनि अस्थायी मुकाम तोकेर अप्ठेरो फुकाएको भन्दै अध्यक्ष ओलीले प्रदेशको राजधानी तोक्ने अधिकार प्रदेशसभालाई भएको बताउनुभयो। उहाँले परीक्षणको प्रतिवेदनबाट आफ्नो स्वास्थ्य ठीक रहेको पाइएको र बैंककमा रहँदा कुनै अन्य भेटघाट नभएको जानकारी दिनुभयो। अध्यक्ष ओली स्वास्थ्य परीक्षणका लागि गत पुस २६ गते बैंकक जानुभएको थियो।

# नगरपालिका दिवससँगै धुलिखेल महोत्सव

काभ्रे, (नेस)

आउँदो फागुन ३ गते बिहीबारदेखि १० गतेसम्म धुलिखेल महोत्सव आयोजना गरिने भएको छ। धुलिखेल नगरपालिका, धुलिखेल उद्योग वाणिज्य संघ, धुलिखेलमा रहेका विभिन्न सामाजिक संघ-संस्था, राजनीतिक दल र जनप्रतिनिधिहरूको उपस्थितिमा भएको छलफलमा उक्त निर्णय भएको हो।

नगरपालिकाका प्रमुख अशोक व्याञ्जुको प्रमुख आतिथ्यतामा भएको छलफल कार्यक्रममा धुलिखेल नगरभित्रका उद्योगी व्यवसायी तथा विभिन्न संघ-संस्थाका प्रतिनिधिहरूले धुलिखेलको विकास, सम्वृद्धका लागि आन्तरिक र बाह्य विकासका लागि विभिन्न कार्यक्रम गर्न सुझाव दिएका थिए। नगरपालिकाले शुरु गरेका विभिन्न योजनाको कार्यान्वयनका लागि धुलिखेलबासीको एकता, विकासमा सहभागिता र योजना कार्यान्वयनमा महत्त्वपूर्ण भूमिका रहनुपर्ने नगर प्रमुख व्याञ्जुले बताए। नगरपालिकाको ३१औं स्थापना दिवस तथा धुलिखेल महोत्सव एकैसाथ मनाउने गरी तयारी गर्न नगर प्रमुख व्याञ्जुले सहभागीलाई अनुरोध गरेका थिए।

धुलिखेल उद्योग वाणिज्य संघका अध्यक्ष मञ्जुकुमार कोंजुले धुलिखेलका उद्योगी व्यवसायीको हितका लागि विगत वर्षहरूमा शुरु गरिएको धुलिखेल महोत्सवलाई निरन्तरता दिनुपर्ने बताए। नगरपालिकाका हरेक योजनामा उद्योग वाणिज्य संघ सहयोगी बन्ने र कार्यान्वयनमा सक्रिय सहभागिता जनाउने कोंजुले बताए।

नगरपालिकाको ३१औं स्थापना दिवसको अवसरमा धुलिखेल नगर क्षेत्रभित्र रही नगर र राष्ट्रको विकासमा विशेष योगदान पुऱ्याउनुहुने विभिन्न क्षेत्रका विशिष्ट व्यक्तिहरूको सम्मान गर्ने नगर प्रमुख व्याञ्जुले बताए। महोत्सवको तयारी र नगरपालिका स्थापना दिवसको थप तयारीका लागि विभिन्न उपसमिति गठन गर्ने तयारी गरिएको छ।

# प्रदेश प्रमुखको काम राष्ट्रपतिको जस्तै

काठमाडौं, (नेस)

प्रदेश प्रमुखको नियुक्ति मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले गर्ने हो। संविधानको धारा १६३ मा प्रदेश प्रमुखको नियुक्तिका बारेमा उल्लेख गरिएको छ। संविधानमा प्रत्येक प्रदेशमा नेपाल सरकारका प्रतिनिधिका रूपमा प्रदेश प्रमुख रहने उल्लेख छ। प्रदेश प्रमुखले नै मुख्यमन्त्रीको नियुक्ति गर्नेछन्।

संविधानअनुसार प्रदेश प्रमुखले प्रदेशसभामा बहुमत प्राप्त संसदीय दलका नेतालाई मुख्यमन्त्री नियुक्ति गर्नेछन् भने मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश मन्त्रिपरिषद्को गठन हुनेछ। प्रदेशसभामा कुनै पनि दलको स्पष्ट बहुमत नभएको अवस्थामा दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेशसभाको सदस्यलाई प्रदेश प्रमुखले मुख्यमन्त्री नियुक्त गर्नेछन्।

संविधानको धारा १६८ को उपधारा ९ अनुसार प्रदेश प्रमुखले मुख्यमन्त्रीको सिफारिसमा प्रदेशसभाको सदस्यमध्येबाट समावेशी सिद्धान्तबमोजिम मुख्य मन्त्रीसहित कुल सदस्य संख्याको २० प्रतिशतभन्दा बढी नहुने गरी प्रदेश मन्त्रिपरिषद् गठन गर्ने संविधानमा उल्लेख छ। तर, संविधानको धारा १७० मा भने धारा १६८ को उपधारा ९ मा जुनसुकै कुरा लेखिएको भए पनि प्रदेश प्रमुखले मुख्यमन्त्रीको सिफारिसमा प्रदेशसभाको सदस्य नभएको कुनै पनि व्यक्तिलाई मन्त्री पदमा नियुक्ति गर्न सक्ने उल्लेख छ। यस्तो अवस्थामा नियुक्त मन्त्रीले शपथ ग्रहण गरेको ६ महिनाभित्र प्रदेशसभाको सदस्यता प्राप्त गर्नुपर्नेछ। प्रदेश प्रमुखको जिम्मेवारी राष्ट्रपतिको जस्तै हुने भएकाले सकेसम्म विवादरहित व्यक्तिलाई प्रदेश प्रमुख बनाउन जोड गरिन्छ। संवैधानिक व्यवस्थाअनुसार मुख्यमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेमा वा मुख्यमन्त्री नियुक्ति हुन नसकेमा प्रदेश प्रमुखले प्रदेशसभालाई विघटन गरी ६ महिनाभित्र प्रदेशसभाको निर्वाचन सम्पन्न हुने गरी निर्वाचनको मिति तोक्ने अधिकारसमेत दिइएको छ।

## बलेरो पल्टिँदा तीनको मृत्यु

काठमाडौं, (नेस)

सिन्धुपाल्चोकमा बलेरो जिप पल्टिँदा ३ जनाको मृत्यु भएको छ। तातोपानीबाट बाह्रबीसेतर्फ आउँदै गरेको ना१च ९९५० नम्बरको बलेरो गाडी बिहीबार अपराह्न बाह्रबीसे नगरपालिका-६ सखुवास्थित अरनिको राजमार्गमा दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय सिन्धुपाल्चोकका प्रहरी नायव उपरीक्षक विमलराज कँडेलले नेपाल समाचारपत्रलाई जानकारी दिनुभयो।

उहाँका अनुसार बाह्रबीसे-८ मानेश्वराकी गोमा तामाङ, वडा नं ६ की पासाङ तामाङ र वडा नं ९ की समीक्षा गुरुङको मृत्यु भएको हो।

सो गाडी आफैं अनियन्त्रित भई पल्टिँदा घाइते भएका यात्रुमध्ये गम्भीर तीन जनाको धुलिखेल अस्पतालमा उपचार भइरहेको र सामान्य घाइते भएका ७ जना डिस्चार्ज भएको प्रहरीले जनाएको छ।

# गाउँपालिकामा पहिलो महोत्सव

हेटौंडा, (नेस)

मकवानपुरको बकैया गाउँपालिकामा पहिलोपटक ऐतिहासिक बकैया सांस्कृतिक महोत्सव हुने भएको छ। बुद्ध युवा क्लब हात्तीसुँढेको आयोजनामा हुन लागेको महोत्सव फागुन १७ देखि २७ सम्म हुने आयोजकले बताएको छ।

आयोजकले हेटौंडामा पत्रकार सम्मेलन गरी महोत्सवबारे जानकारी दिएको हो। मकवानपुरको पूर्वी क्षेत्रमा रहेको गाउँपालिका क्षेत्रलाई प्राथमिकतामा राख्दै त्यहाँको कला, संस्कृति, कृषि, पर्यटन, व्यापार तथा खेलकुद प्रवर्द्धनका लागि महोसत्व गर्न लागिएको क्लब अध्यक्ष विजय लामा थिङले बताउनुभयो।

थिङका अनुसार महोत्सवमा ढिँडो खाने, माछा मार्ने र भाले छुने प्रतियोगिता पनि हुनेछ। बकैया खोलातिरमा हुने महोत्सवका लागि करिब ५७ लाख खर्च हुने र १ लाख दर्शकले मेला अवलोकन गर्ने आयोजक समितिका सदस्य धर्मेन्द्र दाहालले बताउनुभयो।

२ सय वटा स्टल रहने महोत्सवमा सस्तो बजार, कृषि तथा पर्यटनका स्टल, उद्योग तथा प्रविधिका विषयमा जानकारीलगायत स्टलहरू रहनेछन्। मकवानपुर जिल्लाको झण्डै आधा जनसंख्या रहेको पूर्वी मकवानपुरको क्षेत्रलाई महोत्सवले प्रवर्द्धन गर्ने उहाँको भनाइ छ। महोत्सवलाई भव्य बनाउन राष्ट्रिय तथा स्थानीय कलाकारको प्रस्तुति रहने आयोजकको भनाइ छ। कार्यक्रममा पत्रकारिता जगत्बाट बकैयाको विकासमा महत्त्वपूर्ण भूमिका खेल्ने पत्रकारलाई प्रथम बकैया पत्रकारिता पुरस्कारबाट सम्मानित गरिने पत्रकार सम्मेलनमा जानकारी गराइएको छ। महोत्सवका लागि करिब ५७ लाख खर्च हुने आयोजकले जानकारी दिएको छ। महोत्सवमा छिमेकी गाउँपालिका बागमती, मकवानपुरगढी, हेटौंडा उपमहानगर, छिमेकी जिल्लाहरू बारा, रौतहट, सिन्धुली, काभ्रे, ललितपुर, काठमाडौं, सर्लाहीलगायत क्षेत्रबाट अवलोकनका लागि आउने उहाँले बताउनुभयो।

## कायस्थको प्रमुख चयनसँगै गाउँलेहरू खुसी

महोत्तरी, (नेस)

प्रदेश नम्बर २ अन्तर्गत महोत्तरी जिल्लाको जलेश्वर नगरपालिकास्थित सुगामा गाउँलेहरूले रत्नेश्वरलाल कायस्थ राज्यपालमा चयनसँगै खुसीयाली मनाएको छ। सरकारले बुधबार प्रदेश नम्बर २ को प्रदेश प्रमुखमा कायस्थको नियुक्ति गरेसँगै सो गाउँका गाउँलेले आफ्नो गाउँमा जन्मेका, हुर्केका व्यक्ति यस्तो गरिमामय प्रमुख पदमा चयन भएपछि उनीहरूले खुसी मनाएका छन्।

कायस्थ संघीय समाजवादी फोरम नेपालका केन्द्रीय सचिव तथा नेपाल सरकारका पूर्वसचिवसमेत रहेका छन्। उनी धेरै वर्षदेखि काठमाडौंकै बासिन्दा रहे पनि मातृभूमि भने महोत्तरी जिल्लाको सुगा नै रहेको छ। हाल सुगा गाउँ विकास समिति जलेश्वर नगरपालिकाअन्तर्गत पर्दछन्। सो गाउँका गाउँलेहरूले खुसीयालीमा एक-अर्कासँग शुभकामना आदान-प्रदान गरेका छन्। उनको चयनसँगै सम्मानको कार्यक्रमसमेत राख्ने चित्रांश सेवा समितिका सचिव अर्पणकुमार कर्णले बताउँदै उनले आफूले पाएको जिम्मेवारी इमान्दारीसाथ निभाउन आग्रहसमेत गरेको जनाएको छ।

# नौ किलो मिटर सडक कालोपत्रे हुने

**नेपाल समाचारपत्र**

रुकुम

रुकुम पश्चिमको चौरजहारी नगरपालिकाभित्र आर्थिक वर्ष ०७४/०७५ मा ९ किलोमिटर सडक कालोपत्रे गरिने भएको छ।

चौरजहारी नगरपालिका रुकुम र सल्यानको सीमाना रहेको बाँसखोलादेखि एयरपोर्ट पुरानो बजार नयाँबजार त्रिवेणी बजार घारीकापाखा हुँदै स्यालखोला र विजयश्वरीसम्मको सडक पिच हुने भएको हो।

नयाँ शहरी कार्यालयले उक्त सडक खण्डमा ७ मिटर सडक पिच र साइडमा एक-एक मिटरको नाली निर्माण गर्ने भएको छ। यसअघि ११ मिटरको बाटो कालोपत्रे गर्ने निर्णय गरिएको भए तापनि बीच सडक छेउछाउमा रहेका घरमा क्षति पुग्ने भएपछि सर्वपक्षीय छलफलले नयाँ निर्णय गरेको हो। एक-एक मिटर नालीका लागि दुई साइड छाडेर ७ मिटर सडक कालोपत्रे गर्ने निर्णय गरिएको छ।

नयाँ शहरले आयोजना गरेको सर्वपक्षीय वैठकमा चौरजहारी नगरप्रमुख विशाल शर्मा उद्योग वाणिज्य संघका अध्यक्ष तेजबहादुर विष्ट पूर्व नगर विकास समिति अध्यक्षद्वय प्रेमबहादुर वली र ज्ञानु बुढाथोकीको उपस्थिति रहेको थियो।

त्यसै गरी बैठकमा स्थानीय राजनीतिक दलका प्रमुख एवं प्रतिनिधि शिक्षक बुद्धिजीवी व्यापार व्यावसायीलगायत स्थानीयबासीको उपस्थिति रहेको थियो। एक साताभित्र टेन्डर गरी काम तत्कालन शुरु गरिने शहरी कार्यालयले बताएको छ।

सडक कालोपत्रेका लागि ३० करोड रकमको स्टमेट गरिएको नयाँ शहर आयोजना प्रमुख इन्जिनियर राजेन्द्र दासले जानकारी दिनुभयो। योसँगै चौरजहारी नगरपालिकाभित्र नयाँ शहर आयोजनाले रिङरोड बसपार्क निर्माण तथा अन्य ग्रामीण सडक निर्माण एवं ग्रावेलको काम सञ्चालन गरिरहेको छ।

### हतारको...

बढुवाको पहिलो नम्बरमा रहेका भट्टराई अर्थमन्त्रीका नातेदार हुन् भने अधिकारी मुख्यसचिव लोकदर्शन रेग्मीका बहिनीज्वाइँ हुन्। शाह प्रधानमन्त्री पत्नी आरजु देउवाका आफन्त हुन चौधरी भने कांग्रेस नेता विजय गच्छदारका आफन्त हुन्। उनीहरू आउँदो चैत १५ गतेबाट पदावधिका कारण स्वत: अवकाश पाउने सूचीमा रहेका थिए। अब उनीहरू एआईजीमा बढुवा भए अर्को १ वर्ष सेवा गर्ने मौका पाउने छन्।

बढुवाको सूचीमा रहेका सुरज श्रेष्ठ भने सशस्त्र प्रहरी बलका ११औं आईजीपीका दाबेदारको रूपमा हेरिएका व्यक्ति हुन्। उनलाई अहिले बढुवा गरेर भोलि प्रदेशमा एआईजीको दरबन्दीलाई फाजिलमा राख्ने निर्णय गरिए उनी स्वत: एआईजीबाट अवकाश पाउने छन्।

सशस्त्र प्रहरी बलभित्र लामो समयदेखि दरबन्दी मिलान नहुँदा त्यहाँ ठूलो समस्या उत्पन्न भएको छ। माओवादी युद्धका बेला स्थापना भएको सशस्त्र प्रहरी बलमा दरबन्दी मिलान हुन नसक्दा संगठनभित्र विद्रोह हुने अवस्था सिर्जना भएको छ।

सशस्त्र प्रहरी बलमा खुला प्रतिस्पर्धाबाट आएका प्रहरी अधिकृत र विभागीय टोलीबीचमा नै अहिलेसम्म बढुवाको विषयलाई लिएर विवाद हुँदै आएको छ।

दरबन्दी मिलान हुन नसक्दा खुला प्रतिस्पर्धाबाट आएका सशस्त्र प्रहरी निरीक्षकको चौथो ब्याजका १ सय २ जनाको टोलीबाट ६३ जना ४ वर्षअघि नै सशस्त्र प्रहरी नायव महानिरीक्षकमा बढुवा भएका थिए भने ३९ जना अझै पनि सशस्त्र प्रहरी निरीक्षकमै कार्यरत रहेका छन्। सशस्त्र प्रहरी बलभित्र अहिले एउटै पदमा १५ वर्षसम्म कार्यरत रहन बाध्य हुनुपर्ने अवस्था उत्पन्न भएको छ। सशस्त्र प्रहरी प्रवक्ता सशस्त्र प्रहरी नायव महानिरीक्षक बाबुराम पाण्डेले एआईजीको ५ दरबन्दी थप गर्ने निर्णय भए पनि अन्य अन्य पदमा दरबन्दी थप गर्ने कुनै निर्णय नभएको बताउनुभयो।

उहाँले भन्नुभयो- 'संगठनभित्र दरबन्दी मिलानको समस्या छ। सरकारले यस विषयमा केही न केही निर्णय गर्ला नि।'

लामो समयसम्म एउटै पदमा काम गर्नुपर्ने अवस्थाको अन्त्य गर्नेतिर संगठन प्रमुखले ध्यान दिनुपर्नेमा ५ जना एआईजीको मात्रै नयाँ दरबन्दी थप गरेकाले संगठनभित्र विद्रोह हुनसक्ने सशस्त्रका एक उच्च अधिकारीले नेपाल समाचारपत्रलाई जानकारी दिए।

### नेतृत्वको...

देउवा पक्षका केही नेताले भने नेतृत्वको बचाउ गर्दै आरोप प्रत्यारोप गरेर पार्टी कमजोर बनाउन नहुने धारणा राखेका थिए।

सभापति देउवा निकट केन्द्रीय सदस्य डा. प्रकाशशरण महतले सभापतिलाई मात्र दोष दिएर हुँदैन भन्दै एकताबद्ध भएर अघि बढ्नुपर्ने बताउनुभएको थियो। हालै सम्पन्न निर्वाचनको बारेमा बोल्दै उहाँले अहिले कांग्रेसको मत प्रतिशत बढेको भए पनि सन्तोषजनक नभएको बताउनुभएको थियो। मत प्रतिशत बढे पनि ठूलो पार्टीको हैसियत कायम गर्न सकेनौं भन्दै डा. महतले भन्नुभयो- 'अर्को निर्वाचनमा कम्तीमा पनि ४५ प्रतिशत मत पुऱ्याउनुपर्छ।' पहिलेको नेतृत्वको भन्दा नराम्रो काम भएको छैन भन्दै उहाँले कांग्रेसमा आन्तरिक एकता जरुरी भएको बताउनुभएको थियो।

आज बस्ने बैठकमा प्रत्येक प्रदेशमा भएका केन्द्रीय सदस्यहरूले राष्ट्रिय सभा निर्वाचनको सन्दर्भमा समष्टिगतरूपमा प्रस्तुत गर्न भनिएको छ। राष्ट्रिय सभा निर्वाचनमा कांग्रेसका मतभार कम भएकाले कसरी अगाडि बढ्ने भन्नेबारेमा आजको बैठकले निर्णय लिने बताइएको छ। हालै सम्पन्न निर्वाचनको हारको बारेमा वितृत समीक्षा राष्ट्रिय सभा निर्वाचन निर्वाचनपछि गरिने सभापति देउवाले बताउनुभएको छ।

### आन्दोलनले...

प्रादेशिक राजधानीको माग राख्दै मंगलबारदेखि शुरु गरिएको आन्दोलन जारी रहेको छ। आन्दोलनलाई अझ बृहत् बनाउने भन्दै उद्योग वाणिज्य संघको नेतृत्वमा रहेको प्रादेशिक राजधानी सरोकार समितिले गर्दै आएको आन्दोलनको जिम्मा बिहीबारदेखि दलहरूले लिएका छन्।

सर्वपक्षीय बैठकले आन्दोलनको नेतृत्व दलहरूले गर्ने निर्णय गरेको हो। जसअनुसार संयुक्त संघर्ष समितिको संयोजकमा नेकपा एमाले अध्यक्ष टीकाराम खड्का, उपसंयोजकमा नेपाली कांग्रेसका सभापति कृतिबहादुर खड्का र सचिव नेकपा माओवादी केन्द्रका जिल्ला सहइन्चार्ज निर्मल आचार्यलाई तोकिएको छ। त्यस्तै सदस्यहरूमा राष्ट्रिय जनमोर्चा, राष्ट्रिय प्रजातन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पाटी 'प्रजातान्त्रिक', नेकपा माले, दाङ जिल्ला उद्योग वाणिज्य संघ, तुलसीपुर उद्योग वाणिज्य संघ, नेपाल पत्रकार महासंघ, नागरिक समाज, सामुदायिक वन उपभोक्ता महासंघ प्याब्सन एनप्याब्सनलाई सदस्यमा राखिएको छ।

संघर्ष समितिले आन्दोलन राजमार्ग केन्द्रित बनाउने निर्णय गरेको छ। पूर्वपश्चिम राजमार्गअन्तर्गत धानखोलादेखि पश्चिम शिवखोलासम्म हड्ताल केन्द्रित गरिएको संघर्ष समितिका सचिव आचार्यले जानकारी दिनुभयो। आन्दोलनमा जनप्रतिनिधि पनि आएका छन्। दाङ क्षेत्र नं. १ का प्रतिनिधिसभा सदस्य मेटमणि चौधरीले दाङबासीले बाध्यतावश संघर्ष गर्नुपरेको बताउनुभयो। यो प्रदेशको केन्द्रबिन्दुमा पर्ने भएकाले दाङमै मुकाम हुनुपर्ने यहाँका बासिन्दाको माग छ।

त्यसै गरी २ नबर प्रदेशको राजधानी वीरगन्ज हुनुपर्ने भन्दै शुरु भएको आन्दोलनले तीव्रता लिएको छ। वीरगन्ज राजधानी नबनाएसम्म आन्दोलन जारी राख्ने निर्णय स्थानीय राजनीतिक दलले गरेका छन्।

### तयारी...

यसै गरी सातै प्रदेशका उच्च अदालत रहेको जिल्लाको सदरमुकाममा निर्वाचन अधिकृत कार्यालय स्थापना र मुख्य निर्वाचन अधिकृत नियुक्ति गरिसकेको छ।

प्रदेश तहमा स्थापना भएको निर्वाचन अधिकृतको कार्यालयमा आवश्यकताअनुसार १० देखि १२ जना कर्मचारी खटाइसकिएको जनाइएको छ। आयोगका प्रवक्ता नवराज ढकालका अनुसार प्रदेश तहमा पनि निर्वाचनको व्यवस्थापन कार्य गरिएको छ। उहाँले निर्वाचनपछि मतगणना कार्य जटिल हुने भएकाले गणनालाई सहयोग गर्न र सहज बनाउन केन्द्रले सातै प्रदेशमा प्राविधिक टोली पनि खटाउने जानकारी दिनुभयो।

आयोगले राष्ट्रिय सभा निर्वाचनका लागि १० देखि १५ करोड रुपियाँ खर्च लाग्ने प्रारम्भिक अनुमान गरेको छ। निर्वाचनका लागि आवश्यक निर्देशिका र कार्यविधि निर्माण, राजनीतिक दल, उम्मेदवार र मतदातालाई मतदाता शिक्षाबारे तालिम र प्रशिक्षण दिने, मतपत्र छाप्ने, ढुवानी गर्ने, मतदान केन्द्र निर्धारण र मतगणना गर्नेलगायत कार्यबारे योजना बनाइरहेको प्रवक्ता ढकालले बताउनुभयो।

उहाँका अनुसार एकल संक्रमणीय र बहुमतीय निर्वाचन दुवै प्रणालीबमोजिम हुने निर्वाचनमा मतदान प्रक्रिया, मतगणना र मतभारका विषयमा २ हजार ५६ मतदातालाई प्रादेशिकरूपमा तालिम र प्रशिक्षण दिनेसमेत तयारी भइरहेको छ। आयोगले सार्वजनिक गरेको कार्यतालिकाअनुसार माघ ७ गते मतदाता नामावली सार्वजनिक, १० गते उम्मेदवारी मनोनयन र १५ गते चुनाव चिह्न प्रदान गर्ने कार्यक्रम छ।

सो निर्वाचनमा स्थानीय तहका पदाधिकारी र प्रदेशसभा सदस्यका लागि बेग्लाबेग्लै मतदान केन्द्र बनाइनेछ। राष्ट्रिय सभा सदस्य निर्वाचनमा १२ हजार थान मतपत्र छपाइ हुनेछ। यसका लागि चारखाले मतपत्रको ढाँचाको तयारी भइरहेको आयोगले जनाएको छ। राजनीतिक दलसँग छलफल गरी माघ १५ गतेपछि मतपत्रको नमुना तयार गरिने बुझिएको छ।

राष्ट्रिय सभा सदस्य निर्वाचनको मतपरिणाम ३ दिनभित्र सार्वजनिक गर्ने आयोगले जनाएको छ। मतपरिणाम सार्वजनिक भएसँगै प्रतिनिधिसभाको समानुपातिकतर्फको सिट बाँडफाँड शुरु गर्ने बताइएको छ। त्यसको सातदेखि १० दिनभित्र अर्थात् (फागुन ७ देखि १० गते) सम्ममा प्रतिनिधिसभा सदस्यको समानुपातिकतर्फको निर्वाचनको अन्तिम परिणाम सार्वजनिक हुन सक्ने आयोगको अनुमान छ। संविधानमा राष्ट्रिय सभाको मत सार्वजनिक नभएसम्म प्रतिनिधिसभाको समानुपातिकतर्फको मतपरिणाम सार्वजनिक गर्न नहुने प्रावधान रहेको छ।

# 'सिजोफ्रेनिया' ले परिवार नै ग्रसित

शिवहरिप्रसाद भट्टराई
राजविराज

एकैपटक परिवारका ४ जना सदस्यको मानसिक उपचार गराइरहेकी राजविराज ४ की रामपरीदेवी शर्मा समस्यामा परेकी छिन्।

रामपरीका पति ४५ वर्षीय गणेश, छोरा २२ वर्षीय मनोज र छोरीहरू १९ वर्षीया पुनमकुमारी र १७ वर्षीया कोशिलाकुमारीलाई 'सिजोफ्रेनिया' भएको छ। वीरगन्ज मेडिकल कलेजका नशा तथा मानसिक रोग विशेषज्ञ भरतकुमार गोइतले ६ वर्षअघि उनीहरूको जाँच गरेर सिजोफ्रेनिया भएको पुष्टि गरेका हुन्।

गोइतका अनुसार वंशाणुगतरूपमा सर्ने यो रोग अत्यन्त जटिल प्रकारको मानसिक रोग हो। यो विश्वका करिब एक प्रतिशत मानिसमा पाइएको छ। चारै जनाले डा. गोइतले नै सिफारिस गरेको औषधि नियमित खाँदै थिए। तर, औषधि सकिएपछि फेरि भारतको सिलिगुडी र त्यसपछि धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार हुँदै आएको थियो। तर, पछिल्लो समय औषधि खानेसम्मको पैसा नभएपछि आफू अप्ठेरोमा परेको उनले सुनाइन्।

उनका पति गणेश लोहारको काम गर्छन्। 'मुड चलेको बेला १/२ सय कमाउनु हुन्छ, नत्र ठेगान हुँदैन।' -उनले भनिन्। मासिक ६ हजार तलबमा अर्काकोमा काम गर्ने गरे पनि परिवारको स्याहार गर्दै काममा जान नभ्याउँदा मुस्किलले २ हजार हात पर्ने गरेको उनको भनाइ छ।

**प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारीको सिलसिलामा रायसुझावको लागि पुन: जारी गरिएको सार्वजनिक सुचना**

पुन प्रकाशित मिति २०७४/१०/०५

**प्रस्तावकको नाम**: मिडिल मोदी हाइड्रोपावर लिमिटेड, चौधरी हाउस, सानेपा २, ललितपुर ।
**प्रस्तावको नाम**: मिडिल मोदी जलविद्युत आयोजनाको १३२ के.भी. बिद्युत प्रसारण लाईन आयोजना ।

पर्वत जिल्लाको मोदी गाउँपालिका वडा नं. २ (साबिक देउपुर गाविस) भएर बग्ने मोदी खोलामा मिडिल मोदी हाइड्रोपावर लिमिटेडद्वारा निर्माणाधिन १५.१ मेगावाट क्षमताको मिडिल मोदी जलविद्युत आयोजनाबाट उत्पादन हुने बिद्युतलाई यसै आयोजनाको बिद्युतगृह/स्वीचयार्डदेखि सोही गाउँपालिकाको वडा नं. २ केरूङ्गामा ने.बि.प्रा. द्वारा प्रस्तावित नयाँ मोदी सबस्टेसनसम्म जोड्ने करिब ३ कि.मि. लामो मिडिल मोदी जलविद्युत आयोजनाको १३२ के.भी. बिद्युत प्रसारण लाईन आयोजना निर्माणको लागि प्रस्ताब गरिएको हुँदा सोको अध्ययन कार्य भइरहेको जानकारी गराईन्छ ।

यस आयोजनाको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारीको क्रममा रहेको छ । आयोजना निर्माण गर्दा वातावरण तथा स्थानीय बासीहरूमा पर्नसक्ने प्रभाव एवं सो सम्बन्धमा कुनै रायसुझाव भए यो सुचना पुन प्रकाशित भएको मितिले १५ दिनभित्र निम्न ठेगानामा आईपुग्ने गरि उपलब्ध गराई दिनुहुनको लागि वातावरण संरक्षण नियमावली २०५४ को नियम ७ (२) अनुसार यो सुचना प्रकाशित गरिएको छ । रायसुझावको प्रतिलिपी सम्बन्धित मन्त्रालयमा पनि पठाउन सकिनेछ ।

**प्रभाव पर्न सक्ने स्थानहरू** : पर्बत जिल्लाको मोदी गाउँपालिका वडा नं. २ (साबिक देउपुर गाविस)

**रायसुझाव पठाउने ठेगाना**:

**प्रस्तावक**
**मिडिल मोदी हाइड्रोपावर लिमिटेड**
चौधरी हाउस, सानेपा, ललितपुर, पोबनं १०७२ काठमाण्डौ
फोन नं. ०१ ५५२१९९४, ५५२५०४१
Email: mail@middlemodi.com.np

**परामर्शदातृ संस्था**
**इनर्जी रिसोर्सेज एण्ड सलुसन्स् प्रा.लि. (ERS Nepal)**
न्यू प्लाजा, पुतलीसडक, काठमाण्डौं ।
इमेल : info@ersnepal.com



# अर्थ

संस्थानलाई गुणस्तर चेकजाँचको कार्य जिम्मेवारी सुम्पिँदा खाद्य स्वच्छतामा सकारात्मक प्रभाव देखिने खाद्य संस्थानका सूचना अधिकारी शंकर सापकोटाको भनाइ छ।


ज्योति हिमाल स्टील आजको भाउ

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ७९.८५ | ७८.८५ | ८१.३५ | ८०.३५ | ७७.३५ | ७९.८५ | ७९.६५ | ८९.२२ |
| बीरगंज | ७७.९५ | ७६.९५ | ७९.४४ | ७८.४५ | ७५.४५ | ७७.९४ | ७७.७५ | ८७.४२ |
| विराटनगर | ७८.४५ | ७७.४५ | ७९.९४ | ७८.९५ | ७५.९५ | ७८.४४ | ७८.२५ | ८८.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • १००० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।

RHINO GUARANTEED DUCTILITY 500D

बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरू | राईनो स्टील ८ एम. एम | १०-२० एम.एम | २५ एम.एम | २८-३२ एम.एम |
|---|---|---|---|---|
| काठमाडौं, भक्तपुर, ललितपुर, बनेपा | ८५ | ८२ | ८५ | ८५ |
| सिमरा, वीरगञ्ज, कलैया, हेटौंडा | ८३।४० | ८०।४० | ८३।४० | ८३।४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ८४ | ८१ | ८४ | ८४ |
| लाहान, विराटनगर, धरान, इटहरी, बुटवल, भैरहवा, कृष्णनगर | ८४ | ८१ | ८४ | ८४ |
| विर्तामोड, दमक, नेपालगञ्ज, धनगढी | ८५ | ८२ | ८५ | ८५ |
| पोखरा, स्याङ्जा | ८५ | ८२ | ८५ | ८५ |

नोट: उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के. जी. अन्तशुल्क र १३% मु.अ.कर थप लाग्नेछ।
नेपालमा पहिलो पटक, नेपालकै लागि

Available at : Samakhushi (01-4384786), Sanobharang (9841356008), Satungal (9841687562), Dhumbarai (01-4446169), Sanepa (01-5555259, 01-5525049 ), Bhaktapur (01-6616205), Banepa (9851054994), NGT (056-570695), Parsa Chitwan (9855055795), Bardibas (044-550702), Birtamode (9842871718), Balkhu (01-4450166, 9851120096), Pokhara (9845494757), Gwarko (01-5200333, 9851027694), Dakshindhoka, Jorpati (9851007467), Sallaghari (9851118515), Janakpur (9844104194, 9854020183, 9854026965), Birgunj (9855025151), Sitapaila (9851133746), Kalanki (9851152480), Melamchi (9851058093), Sukute (9851089323), Dharan (9852056372), Biratnagar (9852020186, 9842360444), Itahari (9852020953), Hetauda (9855067550, 9845030450)


## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७४ माघ ५, जनवरी १९, २०१७

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रूपियाँ १०० को रू. | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर १ का रू. | १०१।८७ | १०२।४७ |
| युरो १ को रू. | १२४।६७ | १२५।४० |
| पाउन्ड स्टर्लिङ १ को रू. | १४१।३८ | १४२।२१ |
| स्विस फ्रन्क १ को रू. | १०६।१७ | १०६।७९ |
| अस्ट्रलियन डलर १ को रू. | ८१।४३ | ८१।९१ |
| क्यानाडियन डलर १ को रू. | ८१।८५ | ८२।३३ |
| सिङ्गापुर डलर १ को रू. | ७७।०८ | ७७।५४ |
| जापानी यन १० को रू. | ९।१६ | ९।२१ |
| चिनियाँ युआन १ को रू. | १५।८६ | १५।९५ |
| साउदी अरब रियाल १ को रू. | २७।१६ | २७।३२ |
| कतारी रियाल १ को रू. | २७।९७ | २८।१४ |

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| थाई भाट १ को रू. | ३।१९ | ३।२१ |
| सं. अरब इमिरट दिराम १ को रू. | २७।७४ | २७।९० |
| मलसियन रिङ्गिट १ को रू. | २५।७५ | २५।९१ |
| दक्षिण कारियन वन १०० को रू. | ९।५४ | ९।६० |

**खरिद दर**

| | खरिद दर |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १२।६९ |
| डेनिस क्रानर १ का रू. | १६।७४ |
| हङकङ डलर १ का रू. | १३।०३ |

**नोट** : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

# खाद्य संस्थानलाई प्रयोगशाला सञ्चालन गर्न समस्या

हेमन्त जोशी, काठमाडौं

खाद्य वस्तुको गुणस्तर तथा स्वच्छता परीक्षणका लागि नेपाल खाद्य संस्थानले आफ्नै प्रयोगशाला सञ्चालनमा ल्याउने तयारी गरे पनि केही नीतिगत समस्याका कारण सञ्चालनमा ल्याउन समस्या देखिएको छ।

अहिले खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले मात्र खाद्य वस्तुको गुणस्तर जाँच्ने अख्तियारी पाएको छ। संस्थानले प्रयोगशाला सञ्चालनमा ल्याउन तथा खाद्य वस्तुको परीक्षणका लागि अख्तियारीका लागि आपूर्ति मन्त्रालयसँग स्वीकृति मागेको भए पनि मन्त्रालयले स्वीकृति दिएको छैन। संस्थानलाई गुणस्तर चेकजाँचको कार्य जिम्मेवारी सुम्पिँदा खाद्य स्वच्छतामा सकारात्मक प्रभाव देखिने खाद्य संस्थानका सूचना अधिकारी शंकर सापकोटाको भनाइ छ।

अत्याधुनिक प्रविधि र उपकरणसहितको प्रयोगशाला हाल निर्माणको अन्तिम चरणमा रहेको छ। भारतीय राजदूतावासको करिब ५ करोड रुपियाँ सहयोगमा संस्थानको भद्रकालीस्थित केन्द्रीय कार्यालयमा उक्त प्रयोगशाला निर्माण भइरहेको छ। सापकोटाका अनुसार दूतावासले केही समय अघिमात्र प्रयोगशालाको स्वामित्व संस्थानलाई हस्तान्तरण गरेको हो।

बजारमा आउने खाद्य पदार्थमा मिसावटको अवस्था र गुणस्तर परीक्षणका लागि प्रयोगशालाले ठूलो सहयोग पुर्‍याउने सापकोटाको भनाइ छ। नेपाल समाचारपत्रसँग कुरा गर्नुहुँदै सापकोटाले भन्नुभयो- 'प्रयोगशाला सञ्चालनका लागि हामीले मन्त्राललाई अनुमति मागेको लामो समय भइसकेको छ। तर, मन्त्रिपरिषद्को निर्णयले टुङ्गाउनुपर्ने निर्णय भएकाले ढिलो भइरहेको छ।' प्रयोगशाला सञ्चालनमा ल्याउने अनुमति पाए पनि वस्तु अनुगमन गर्ने, गुणस्तर तथा मापदण्ड निर्धारण गर्ने अनुमति खाद्य संस्थानले पाएको छैन। यसका लागि संस्थानलाई नयाँ कार्य जिम्मेवारी तोकिनुपर्ने देखिन्छ।

प्रयोगशालामा एकै ठाउँबाट सबैखालका खाद्युवस्तुको परीक्षणका गर्न सकिने सापकोटाको भनाइ छ। खाद्य पदार्थमा हुने विभिन्न प्रकारका विषादी, रासायनिक पदार्थको अध्ययन अनुगमनका साथै खाद्यजन्य रोगब्याधी, मिसावट, दूषित खाद्य पदार्थको प्रभाव तथा विश्लेषण तथा खाद्य स्वच्छता र गुणस्तर सम्बन्धि अध्ययन गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। यसअघि संस्थानसँग खाद्यान्न परीक्षणका लागि आफ्नै प्रयोगशाला नहुँदा गुणस्तर परीक्षणका लागि समय र मूल्य पनि बढी लाग्ने गरेको छ।

> प्रयोगशाला सञ्चालनमा ल्याउने अनुमति पाए पनि वस्तु अनुगमन गर्ने, गुणस्तर तथा मापदण्ड निर्धारण गर्ने अनुमति खाद्य संस्थानले पाएको छैन। यसका लागि संस्थानलाई नयाँ कार्य जिम्मेवारी तोकिनुपर्ने देखिन्छ। आफ्नै प्रयोगशाला सञ्चालनमा आएपछि समयमै खाद्यान्न परीक्षण गर्न सकिने तथा उपभोक्तालाई दिईने सेवाको गुणस्तरमा समेत सकारात्मक प्रभाव पार्ने संस्थानले जनाएको छ।

संस्थानले अहिले खाद्यान्नको परीक्षण गर्न खाद्यप्रविधि तथा गुण नियन्त्रण विभागसँग रहेको अन्तर्राष्ट्रिय मान्यताप्राप्त प्रयोगशालामा पठाउँदै आएको छ। आफ्नै प्रयोगशाला सञ्चालनमा आएपछि समयमै खाद्यान्न परीक्षण गर्न सकिने तथा उपभोक्तालाई दिईने सेवाको गुणस्तरमा समेत सकारात्मक प्रभाव पार्ने संस्थानले जनाएको छ।

भारतीय राजदूतावासको आर्थिक सहयोग तथा जिल्ला विकास समिति काठमाडौंको समन्वयमा निर्माण भएको प्रयोगशालामा अहिले उपकरण जडानलगायतका काम अन्तिम चरणमा रहेका छन्। प्रयोगशालाको निर्माणको क्रममा पनि ढिलाइ भएको थियो।

प्रयोगशालाको स्थापनासँगै त्यसको सञ्चालनका लागि संस्थानले चाँडै प्रक्रिया पूरा गरेर आवश्यक जनशक्तिका लागि पनि पहल गर्ने जनाएको छ। खाद्य संस्थानले आफूले बेच्दै आएको खाद्यान्न वस्तु मात्र नभई निजी क्षेत्रले बेच्दै आएका वस्तुलाई पनि परीक्षण गर्नेछ।

विश्वमा अस्वच्छ खाद्य वस्तुका कारण वर्षेनी ४ लाख मानिसको मृत्यु हुने गरेको छ। तर, नेपालमा भने हालसम्म पनि अस्वच्छ खाद्यान्नका कारण मानव स्वास्थ्यमा पर्न गएको असरबारे अध्ययन हुन सकेको छैन। प्रयोगशालाको स्थापनापछि सो विषयमा अध्ययनका लागि पनि सहज हुने खाद्य संस्थानले जनाएको छ।

खाद्यान्नको गुणस्तर तथा मापदण्ड परीक्षणका लागि हाल खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागसँग मात्र प्रयोगशाला रहेको छ। विभागसँग रहेको प्रयोगशाला पनि सानो क्षमताको भएका कारण सबैखालका खाद्य वस्तुको परीक्षणका लागि कठिनाई हुने गरेको थियो। मुलुकभित्र खाद्यान्न परीक्षण गर्न आधुनिक प्रविधिसहितको प्रयोगशाला स्थापनापछि खाद्य सामग्रीको गुणस्तर संस्थानले पनि परीक्षण गर्नेछ।

## दैलेखमा औद्योगिक ग्राम स्थापना हुने

हिक्मत नेपाली , दैलेख

ठूलो औद्योगिक क्षेत्र स्थापना नभएको दैलेखमा औद्योगिक ग्राम स्थापनाको लागि तयारी थालिएको छ। जिल्लामा साना उद्योगलाई लक्षित गरी औद्योगिक ग्राम नारायण नगरपालिका-१ मा स्थापना हुने भएको हो।

घरेलु तथा साना उद्योग विकास समिति तथा नारायण नगरपालिकाको सहकार्यमा औद्योगिक ग्राम स्थापना हुन लागेको हो। लघु उद्यमी समूह संघ, दैलेखका अध्यक्ष झवि खत्रीका अनुसार औद्योगिकग्राम स्थापना अन्तिम चरणमा पुगेको छ। पहिलो चरणमा औद्योगिकग्राममा १० वटा उद्योग स्थापना गरिने अध्यक्ष खत्रीले जानकारी दिनुभयो। औद्योगिक ग्राममा हाते कागज, दालमोठ, अल्लो प्रशोधन, सिस्नो प्रशोधन, बाँस मुढा, दूध डेरी, दुना टपरीलगायतका उद्योग स्थापना हुने तथा तालिम सेन्टर पनि सञ्चालन गरिने छ।

त्यसैगरी औद्योगिक ग्राम स्थापनामा नारायण नगरपालिका तथा वडाले सहयोग गर्ने वडा नं. १ का अध्यक्ष तीर्थनारायण श्रेष्ठले बताउनुभयो। उहाँले औद्योगिक ग्राम स्थापनाले जिल्लालाई औद्योगिक क्षेत्रको विकासमा टेवा पुग्ने र औद्योगिक क्षेत्रको दीर्घकालीन सञ्चालनमा नगरपालिकाले आवश्यक पूर्वाधारमा सहयोग पुर्‍याउने दाबी दिनुभयो। उहाँले जिल्लामा कृषिजन्य तथा वनजन्य उद्योग स्थापना हुनुपर्नेमा जोड दिनुभयो। जिल्लालाई सम्मुनत बनाउन र रोजगारी सिर्जना गर्न उद्योग स्थापना नै मुख्य काम भएको श्रेष्ठको बुझाइ रहेको छ।

औद्योगिक ग्रामका लागि नारायण नगरपालिकाले जग्गा उपलब्ध गराइसकेकोले छ। ग्राम जिल्लास्थित आत्मनिर्भर लघु उद्यम सहकारी संस्था लिमिटेड, नारायण नगरपालिका र जिल्ला लघु उद्यमी समूह संघले सञ्चालन गर्ने जनाइएको छ।

## चार उद्यमी सम्मानित

खोटाङ, (नेस)

लामो समयदेखि निरन्तर घरेलु तथा साना उद्योगको माध्यमबाट स्वावलम्बी तथा आत्मनिर्भर बनिरहेका खोटाङका चार उद्यमी सम्मानित भएका छन्। लघु, घरेलु तथा साना उद्योगको प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान भन्दै घरेलु तथा साना उद्योग विकास समितिले उनीहरूलाई सम्मानित गरेको हो।

२०४२ सालदेखि निरन्तर दिक्तेल बजारमा साना किसान होजियारी उद्योग सञ्चालन गर्दै आउनुभएको रूपाकोट मझुवागढी नगरपालिकाका हैकमसिंह राई र २०५७ सालदेखि सयपत्री अगरबत्ती उद्योग सञ्चाल गर्दै आउनुभएको साकेला गाउँपालिकाका शिवकुमार सम्मान गरिएको छ। त्यसैगरी २०६७ देखि दिक्तेलमा सिर्जनशील सिलाई कटाई उद्योग सञ्चालन गर्दै आउनुभएको रूपाकोट मझुवागढी नगरपालिकाको देवीकुमारी गेलाल र २०६८ सालदेखि जिल्लाको पहिजान झल्कने कलात्मक लौरोलगायतको सामग्री निर्माण गर्ने दिक्तेल हेण्डीक्राप्ट उद्योकाका सञ्चालक भिम बिक पनि सम्मानित हुनुभएको छ। सम्मानित चारैजनालाई दोसल्ला ओढाई सम्मानपत्र तथा नगद तीन हजार रुपियाँसहित सम्मान गरिएको हो।

## PRESS RELEASE

### अब सिजी वासिङ मेसिनमा वासर र ड्रायर



काठमाडौं, (नेस)

सिजी इलेक्ट्रोनिक्सले वासर र ड्रायर भएको फ्रन्टलोड वासिङ मेसिनहरू ल्याएको बजारमा छ। यी विशेषता भएको वासिङ मेसिनले अब सजिलै एकपटक बटन थिचेर थोरै समयमा नै लुगा धुने र आफैं सुकाइदिने कम्पनीको दाबी छ।

यसमा नयाँ प्रविधिको टच प्यानल र इन्भटर मोटर पनि जडान गरिएको छ। यो वासिङ मेसिन सिजीका आधिकारीक बिक्रेता तथा सिजी डिजिटलमा सजिलै पाउन सकिनेछ। यी वासिङ मेसिन बजारमा ८ किलोको क्षमतामा १० वर्षको वारेन्टी मोटरमा सहित उपलब्ध भएको सिजीका प्रोडक्ट म्यानेजर रितेश चौधरीले बताउनुभयो।

### ग्लोबल आईएमई बैंकद्वारा सहयोग

काठमाडौं, (नेस)

ग्लोबल आईएमई बैंकले आफ्नो ११औं वार्षिकोत्सवको अवसरमा पर्वत जिल्लाको कुस्मामा रहेको श्री शिवालय माध्यमिक विद्यालयमा अध्ययनरत दृष्टिविहीन तथा फरक क्षमता भएका विद्यार्थीलाई ज्याकेट वितरण गरेको छ। बैंकले आफ्नो सामाजिक उत्तरदायित्वअन्तर्गत उक्त विद्यालयमा अध्ययनरत पारिवारिक आर्थिक अवस्था अत्यन्त कमजोर रहेका ३५ जना दृष्टिविहीन तथा फरक क्षमता भएका विद्यार्थीहलाई ज्याकेट वितरण गरेको हो।

बैंकले ११३ शाखा, १२७ एटीएम, ४ वटा एक्टेन्सन काउन्टर, ५९ शाखारहित बैंकिङ सेवामार्फत् ८ लाखभन्दा बढी ग्राहकलाई सेवा दिँदै आइरहेको छ। त्यस्तै बैंकले मोबाइल बैंकिङ सेवा, इन्टरनेट बैंकिङ सेवाको साथै युके, अष्ट्रेलिया, मलेसिया, भारत, दक्षिण कोरिया, जापान, कतार, युएई, बहराइनलगायतका मुलुकबाट रेमिट्यान्स सेवासमेत प्रदान गर्दै आएको छ।

### टाटा नेक्सनको फेसबुक अभियानमा ५ तोला सुन जित्ने मौका




काठमाडौ, (नेस)

टाटा मोटर्सले फेसबुकमार्फत् ग्राहकका लागि टाटा नेक्सनमा ५ तोला सुन जित्ने मौका प्रदान गर्ने भएको छ। यस फेसबुक अभियानअन्तर्गत ५ जना विजेताले १/१ तोला सुन जित्ने अवसर प्राप्त गर्ने कम्पनीले जनाएको छ। यस अभियानमा सहभागी हुनको लागि प्रतियोगीले फेसबुकमा आफ्नो नामको बीचमा ...नेक्सन' राखी टाटा मोटर्स्को फेसबुक पेज लाइक गर्नुपर्ने छ।

त्यसैगरी टाटा नेक्सनले अर्को उत्साहजनक अभियान ल्याएको छ जसमा फेसबुक प्रयोगकर्ताले नयाा स्मार्टफोन जित्न सक्नेछन्। फेसबुक प्रयोगकर्ताले आफ्नो प्रोफाइल पिक्चरमा टाटा नेक्सन फ्रेम राखेर अफडेट गर्नुपर्नेछ। सो अफडेट गरिएको प्रोफाइल पिक्चरमा वा अफडेट गरिएको प्रोफाइल पिक्चरको स्क्रिनसटमा ह्यास टाटा नेक्सन गरेर कमेन्ट गर्नुपर्नेछ। तीन जना भाग्यशाली विजेताले स्मार्टफोन जित्नुहुनेछ। टाटा नेक्सनको यस फेसबुक अभियान फेब्रुअरी २०१८ मा अन्त्य हुने कम्पनीले जनाएको छ।

### ज्योति लाइफ इन्स्योरेन्सको शाखा ४५ पुग्यो

काठमाडौं, (नेस)

ज्योति लाइफ इन्स्योरेन्स कम्पनीले बाराको कलैया र सिमरा-जीतपुर, पर्साका पोखरिया, महोत्तरीको बर्दीबास, उदयपुरको गाईघाट, सिराहाको लाहान, कैलालीको धनगढी र सुखड, कञ्चनपुरको पुनर्वास, बर्दियाको राजापुर, झापाको भद्रपुर तथा काठमाडौको रविभवनमा गरी जम्मा १२ स्थानबाट सेवा शुभारम्भ गरेको छ।

सञ्चालनमा आएको छोटो अवधिमा नै कम्पनीको शाखा सञ्जाल ४५ पुगेको छ। शाखा सञ्जाल विस्तारसँगै कम्पनीले बीमाको सचेतना अभिवृद्धि कार्यक्रम, नयाँ जीवन बीमा योजना, उच्चस्तरीय प्रविधिको प्रयोगमार्फत् ग्राहक सेवालाई प्रभावकारी बनाउँदै नेपालको बीमा बजारको विकास तथा विस्तारमा विशेष ध्यान दिने कम्पनीको दाबी छ।

### नाडाद्वारा मोटरसाइकल प्रदान



काठमाडौं, (नेस)

नाडा अटोमोबाइल डिलर्स एसोसिएसनले सामाजिक उत्तरदायित्व नाडाको तर्फबाट आईएमई अटोमोटिभ्स प्रालिबाट प्राप्त भएको एएम रिचेज्ड कमान्डो २३० सीसीको मोटरसाइकलको साँचो नाडाका अध्यक्ष अन्जन श्रेष्ठले महानगरीय प्रहरी परिसरका प्रहरी उपरीक्षक रामदत्त जोशीलाई हस्तान्तरण गर्नुभयो।

नाडाबाट प्रत्येक वर्ष प्रदर्शनीमार्गस्थित भृकुटीमण्डपमा आयोजना गर्दै आएको नाडा अटो शोको शान्ति सुरक्षा तथा ट्राफिक व्यवस्थापन लगायतका विषयमा सिंहदरबार प्रहरी वृत्तबाट गरिएको व्यवस्थापनप्रति नाडाले आभार व्यक्त गर्दै यसबाट नाडा र प्रहरी संगठनबीच पारस्परिक सहयोगको सम्बन्ध विस्तार हुने मात्र नभई त्यस प्रहरी वृत्तलाई आफ्नो जिम्मेवारी अनुरूप आम जनताको सेवा गर्न थप सहयोग पुग्ने अपेक्षा समेत नाडाले राखेको जनाएको छ।

उक्त कार्यक्रममा नाडाका पूर्वअध्यक्ष सौर्य राणा, महासचिव कृष्णप्रसाद दुलाललगायतको सहभागिता रहेको थियो।

### राइनो ५०० डी फलामे डण्डी प्रविधिक भेट

काठमाडौं, (नेस)

शंकर ग्रुपअन्तर्गतको जगदम्बा स्टिल्स्ले नेपाली बजारमा ग्यारेन्टिड डक्टिलिटीसहित एफई ५००डी ग्रेडमा राइनो ५००डी फलामे डण्डी उत्पादन गर्दै आएको छ।

उक्त उत्पादन सम्बन्धी प्राविधिक जानकारी उपलब्ध गराउने उद्देश्यका साथ कम्पनीले विभिन्न स्थानमा टेक्निकल मिट ( प्रविधिक भेट) को सञ्चालन गरिरहेको छ। यसै क्रममा कम्पनीले सतुंगलमा टेक्निकल मिट सम्पन्न गरेको कम्पनीले जनाएको छ।

'राइनो ५००डी नयाँ पुस्ताको उच्च शक्ति र डक्टाइल रिब्ड रिइन्फोर्समेन्ट बार हो। उत्पादन प्रक्रिया र यसमा मिसाइने भौतिक तथा रसायनिक गुणका कारण राइनो अन्य फलामे डण्डीका तुलनामा फरक छ।' कम्पनीद्वारा आयोजित टेक्निकल मिटमा बोल्दै जगदम्बाका प्रमुख कार्यकारी अधिकृत आनन्द नेपालले भन्नुभयो-'एफई ५००डी ग्रेडको राइनो स्टिल फलामे डण्डीमा सल्फर र फोसफरसको मात्रा अधिकतम ०.०७५ प्रतिशतमा सीमित गरिएको छ। यसले गर्दा फलामे डण्डीलाई उच्च शक्ति र डक्टिलिटी प्राप्त हुन्छ।' यसमा रहेको डक्टिलिटी र शक्तिका कारण राइनो ५००डी फलामे डण्डी उच्च सिसमिक जोखिमसहितको नेपालमा प्रयोगका लागि उपयुक्त भएको कम्पनीले जनाएको छ। यसले भूकम्पीय जोखिम न्यूनीकरण गर्नुका साथै भूकम्प प्रतिरोधी सुरक्षित निर्माणको सुनिश्चितता समेत प्रदान गर्ने कम्पनीको दाबी छ।

कम्पनीका अनुसार राइनो ५००डी फलामे डण्डी बिक्री केन्द्रमार्फत् ८ एमएमदेखि ३२ एमएममा उपलब्ध छ। साथै उपभोक्ताको माग तथा तिनका योजनाअनुसार कम्पनीले ३६ एमएम तथा ४० एमएम आकारमा पनि फलामे डण्डी उपलब्ध गराउने गरेको छ। फेब्रिकेशनका क्रममा फलामे डण्डी खेर नजाओस् भन्ने सोचका साथ कम्पनीले यसलाई १२ मिटरको स्थिर लम्बाइमा उपलब्ध गराउने गरेको छ। उपभोक्ताले आफ्नो आवश्यताअनुसार ८ एमएमदेखि ४० एमएम आकारमा राइनो ५०० डी खरिद गर्न सक्ने कम्पनीले जानकारी दिएको छ।

### जगदम्बा सिमेन्टद्वारा डिलरलाई विदेश यात्रा

काठमाडौं, (नेस)

देशकै सबैभन्दा विश्वासिलो र अधिक रुचाइएको सिमेन्ट, जगदम्बा सिमेन्टले आफ्ना डिलरलाई मनोवैज्ञानिक रूपमै उत्प्रेरित गर्ने उद्देश्यले १३ जना डिलरलाई पाँच दिने बैंकक यात्रामा पठाएको थियो भने १७ जनालाई ११ दिने युरोप यात्रामा पठाएको छ। यस्ता जानकारीमुलक भ्रमण तथा सामाजिक घुलमिलले व्यावसायिक ज्ञानलाई थप हौसला प्रदान गर्ने कंम्पनीको विश्वास रहेको छ।



२०७४, माघ
शुक्रबार
५

विगतको अनुभव हेर्दा फागुन महिनातिर विद्युत् माग बढ्ने र विद्युत् गृहबाट अहिलेको भन्दा पनि कम विद्युत् उत्पादन हुने प्रवक्ता अधिकारीको भनाइ छ।

अर्थ

एनसेल बिक्री प्रकरण

# टेलियाद्वारा कर तिर्ने अल्टिमेटमको उपेक्षा

## स्वीडेनमै पुगेर भए पनि उठाउँछौं : ठूला करदाता कार्यालय

रोविन पौडेल, काठमाडौं

ठूला करदाता कार्यालयले एनसेल बिक्रीवापतको लाभकर तिर्न दिएको १५ दिने अल्टिमेटम बुधबार सकिएको छ। समय सीमा सकिँदा पनि लाभकर तिर्न बाँकी रहेको टेलिसोनेरा कम्पनीले कुनै प्रतिक्रिया नदिएको ठूला करदाता कार्यालयले जनाएको छ।

कार्यालयले तोकेको समयमा स्वीडेनको उक्त कम्पनीले कर चुक्ता नगर्नाले निर्देशनको उपेक्षा भएको कार्यालयले ठहर गरेको ठूला करदाता कार्यालय प्रमुख गंगाराम गेलालले बताउनुभयो। कार्यालयले पुस १९ गते अंग्रेजीमा सूचना प्रकाशित गर्दै तिर्नुपर्ने ६५ अर्ब रुपियाँभन्दा बढी बक्यौताको रूपमा रहको पुँजीगत लाभकर चुक्ता गर्न १५ दिने समय सीमा तोकेको थियो।

नेपाल समाचारपत्रसँग कुरा गर्दै गेलालले एनसेल बिक्रिवापतको बक्यौता रकम उठाउने विषयमा कुनै प्रगति नभएको जानकारी दिनुभयो। उहाँले भन्नुभयो- 'कार्यालयले निर्दिष्ट गरेको समय सीमामा सो कम्पनीले बेवास्ता गरेको देखिएको छ। यसअघि पनि पटकपटक पत्राचार तथा सूचना प्रकाशित गर्दै कर भुक्तानी गर्न ताकेता गरिए पनि कम्पनीले अटेर गरेको थियो। अब कडा रूपमा प्रस्तुत हुनु बाहेक कुनै विकल्प छैन।'

एनसेलको शेयर बिक्री गरी नेपालबाट बाहिरिएको टेलिया सोनेरा कम्पनीको स्वीडेनस्थित मुख्यालयको नाममा कर कार्यालयले १५ दिनअघि कार्यालयले सूचना जारी गरेको थियो। सूचनामा तोकिएको समयभित्र कर भुक्तानी नगरे आयकर ऐन २०५८ को दफा १०४ देखि १११ ले भने बमोजिमका प्रक्रिया अबलम्वन गरी कर असुल उपर गर्न कर कार्यालय बाध्य हुने कार्यालयले जनाएको थियो। यसअघि पनि कार्यालयले ७ महिनाअघि टेलियालाई एनसेल बिक्रीवापतको लाभकर तिर्न पत्राचार गरेको गेलालले जानकारी दिनुभयो।

गेलालले भन्नुभयो- 'कार्यालयको अल्टिमेटमलाई सो कम्पनीले उपेक्षा गरेको हाम्रो बुझाइ छ। पुँजीगत

**टेलिया सोनेराको नाममा स्वीडेन र नेपाल दुवै देशको अदालतमा मुद्दा चलाउने तयारी छ। कम्पनीले नेपालको कर प्रणालीको नीतिगत कमजोरी पत्ता लगाउँदै अनेक चोरबाटो अपनाउने, उच्च राजनीतिक पुहुँचको प्रयोग गर्नेलगायत काम गरेको ठूला करदाता कार्यालय प्रमुख गंगाराम गेलालले बताउनुभयो।**

लाभकरको बक्यौता रकम नतिरे सो कम्पनीसँग सम्बन्धित हरेक व्यक्तिलाई कारबाही गर्न ठूला करदाता कार्यालयले कुनै कसुर बाँकी राख्दैन।' सो कम्पनीबाट लाभकर चुक्ता गराउन अप्ठेरो परिरहेको अवस्थामा कार्यालय टेलिया सोनेराको नाममा स्वीडेन र नेपाल दुवै देशको अदालतमा मुद्दा चलाउने तयारी छ। उहाँले भन्नुभयो- 'नेपाली भाषामा सूचना जारी गर्दा कम्पनीले अटेरी गरेकाले हामीले अंग्रेजीमा सूचना जारी गरेका हौं। अहिले सूचना जारी गर्दा पनि अटेरी गरेको छ। हाम्रो अर्को विकल्प भनेको स्वीडेनका पत्रिकामा स्वीडिस र अंग्रेजी भाषामा सूचना निकाल्ने हो। त्यसबाट पनि कुने सीप नचले कानुनले निर्दिष्ट गरेअनुसार नेपाल र स्वीडेन दुवै देशको अदालतमा मुद्दा चलाउने छौं।'

कार्यालयका अनुसार कार्यालयको प्रतिनिधिमण्डल स्वीडेनमै पुगेर त्यहाँका उच्चपदस्थ सरकारी अधिकारी तथा टेलियाका उच्चकर्मचारीसँग वार्ता गरेर करबारे सम्झाउने, बुझाउने मनस्थिति बनाएको छ। कार्यालय तथा नेपाल सरकारका लागि यति ठूलो रकमको कर उठाउने यो पहिलो अवसर भएको कार्यालयको दाबी छ। कम्पनीले नेपालको कर प्रणालीको नीतिगत कमजोरी पत्ता लगाउँदै अनेक चोरबाटो अपनाउने, उच्च राजनीतिक पहुँचको प्रयोग गर्नेलगायत काम गरेको कार्यालय प्रमुख गेलालको दाबी छ।

टेलिया सोनेरा टेलिकम्युनिकेसनबाहेक नेपालमा कुनै कारोबार नगर्ने कम्पनी हो। यसको कारोबार विषयमा उठेका सवाल नेपालका कुनै कानुनी तथा भौतिक दायरामा पर्दैन। कम्पनीले नयाँ प्रविधि अपनाउने तथा विदेशी लगानीबाट सञ्चालित कम्पनी भएकाले यसले बेइमानी गर्ने गरेको ठूला करदाता कार्यालयले जनाएको छ। सरकारले डेनमार्कस्थित नेपाली दूतावासलाई पनि कर असुलीका लागि स्वीडेनमा कूटनीतिक पहल गर्न हालसालै निर्देशन दिइसकेको कार्यालयका एक कर्मचारीले बताए।

अनेक उपाय लगाउँदा पनि कुनै सीप नचले कार्यालयले सो कम्पनीसँग सम्बन्धित जोकोहीलाई नेपालमा कुनै कारोबार गर्न नपाउनेसम्मको कारबाही गर्ने भएको हो। कार्यालयको अनुसार सो कम्पनीसँग सम्बन्धित कोही व्यक्ति नेपाल आउने वित्तिकै समातेर प्रहरीलाई बुझाउने गरी कारबाही गरिनेछ। यसका लागि कार्यालयले अध्यागम विभागसँग समन्वय गर्नेछ। त्यस्तै उनीहरूको सम्पत्ति तथा नेपालका अन्य क्षेत्रमा गरेको लगानीबारे अध्ययन तथा छानविन गर्न कम्पनी रजिस्टार कार्यालय, उद्योग विभाग तथा सरोकारवाला सबै निकायसँग समन्वय गर्ने कार्यालयको योजना रहेको छ।

कार्यालयले एनसेलको पुरानो कम्पनी टेलिया सोनेरालाई पुस १८ गतेसम्मको चुक्ता गर्न बाँकी ६५ अर्ब ४० करोड रुपियाँ कर तिर्न सूचना जारी गरेको थियो। २०७२ चैतमा टेलिया सोनेरालाले मलेसियाको एक्जियाटालाई एनसेलको स्वामित्व हस्तान्तरण गरेको थियो।

# औद्योगिक क्षेत्रमा पाँच घण्टा लोडसेडिङ हुन सक्ने

काठमाडौं, (नेस)

नेपाल विद्युत प्राधिकरणले औद्योगिक क्षेत्रमा दैनिक पाँच घण्टासम्म लोडसेडिङ हुनसक्ने जनाएको छ। सुख्खायाममा नदीको बहाव कम हुने हुँदा विद्युत् उत्पादन घट्ने र विद्युत् भार व्यवस्थापनका लागि औद्योगिक ग्राहकलाई पाँच घण्टासम्म विद्युत कटौती गरिने प्राधिकरणले जनाएको छ।

नेपाल विद्युत प्राधिकरणको विद्युत् व्यवस्थापनको अवस्था अहिले अत्यन्तै चुनौतीपूर्ण मोडमा पुगेको प्रवक्ता प्रवल अधिकारीले बताउनुभयो। अहिले औद्योगिक क्षेत्रमा विद्युत् खपत बढी हुने साँझको समयमा ३ घण्टा विद्युत् कटौती गरिरहेको छ। तर, विगतको अनुभव हेर्दा फागुन महिनातिर विद्युत् माग बढ्ने र विद्युत् गृहबाट अहिलेको भन्दा पनि कम विद्युत् उत्पादन हुने प्रवक्ता अधिकारीको भनाइ छ। त्यस्तो अवस्थामा औद्योगिक क्षेत्रमा पाँच घण्टासम्म लोडसेडिङ हुनसक्ने उहाँले बताउनुभयो।

हाल सञ्चालनमा रहेका सरकारी मातहतका आयोजनामा कुलेखानी-१ र कुलेखानी-२ गरी १ सय ९२ मेगावाट विद्युत् बाहेक सबै नदी प्रवाहमा आधारित विद्युत आयोजना हुन्। नदी प्रवाहमा आधारित आयोजनाबाट सुख्यायाममा निकै कममात्र विद्युत् उत्पादन हुने गरेको छ। अहिले विद्युत्को माग करिब १३ सय मेगावाटको हाराहारीमा रहेको छ। मुलुकभित्रै ३ सय ४८ मेगावाट विद्युत प्राधिकरणअन्तर्गतका आयोजनाबाट र १ सय ९६ मेगावाट निजी क्षेत्रका तर्फबाट गरी कुल ५ सय ४४ मेगावाट विद्युत् उत्पादन भइरहेको छ। त्यसैगरी ४ सय ४८ मेगावाट विद्युत् भारतबाट आयात गर्दा पनि प्राधिकरणले २ सय ८० मेगावाट विद्युत् कटौती गरिरहेको छ। जुन उद्योगधन्दामा कटौती गरिएको छ।

आगामी फागुनमा प्राधिकरणअन्तर्गतका आयोजनाबाट ४ सय २० मेगावाट र निजीक्षेत्रबाट १ सय ६० मेगावाट विद्युत् उत्पादन हुने अनुमान गरिएको प्रवक्ता अधिकारीको भनाइ छ। उक्त समयमा प्राधिकरणले भारतबाट ४ सय ७० मेगावाट विद्युत् ल्याउने तयारी गरिरहेको छ। १३ सय ८० मेगावाट विद्युत् मागको अवस्था पुग्दा नपुग विद्युत् व्यवस्थापनका लागि प्राधिकरणले औद्योगिक क्षेत्रमा थप विद्युत् कटौती गर्ने तयारी गरेको हो।

# पर्यटन प्रवर्द्धनमा जोड

काठमाडौं, (नेस)

डेनमार्कमा नेपाली पर्यटनबारे अन्तर्क्रिया कार्यक्रम आयोजना गरिएको छ। अन्तर्क्रिया कार्यक्रम डेनमार्कको नेपाली राजदूतावास र नेपाल पर्यटन बोर्डको संयुक्त आयोजनामा कोपनहेगनको एसिया हाउसमा आयोजना गरिएको हो। कार्यक्रममा ट्राभल, टुरिजम तथा एयरलाइन्स उद्यमी तथा प्रतिनिधिको सहभागिता रहेको थियो।

कार्यक्रममा बोल्दै डेनमार्कका लागि नेपाली राजदूत युवराज लम्सालले नेपाली पर्यटनको वर्तमान अनुकुल स्थितिमाथि प्रकाश पार्दै नेपाली व्यवसायीलाई पर्यटनबाट लाभ लिन अनुरोध गर्नुभएको थियो।

कार्यक्रममा नेपाली राजदूतावासका नियोग उपप्रमुख डोलराज अर्याल, डेनमार्क नेपाल समाजका अध्यक्ष लार्स गुन्डेर्सेनलगायतले सम्बोधन गर्नुभएको थियो। कार्यक्रमका वक्ताहरूले नेपालका पर्यटकीय आर्कषणका केन्द्र तथा विशेषताका बारेमा धारणा राखेका थिए। भिजिट नेपाल-यूरोप अभियान २०१७ को समापन समारोहको रूपमा कार्यक्रम आयोजना गरिएको हो।

# महाबौद्ध सहकारीको वार्षिक साधारणसभा सम्पन्न

काठमाडौं, (नेस)

महाबौद्ध बचत तथा ऋण सहकारी संस्थाको १७औं वार्षिक साधारणसभा सम्पन्न भएको छ। सहकारीका अध्यक्ष प्रमिल स्थापितको अध्यक्षतामा सम्पन्न साधारणसभामा अध्यक्षले सहकारीको वार्षिक प्रगति विरण प्रस्तुत गर्नुभएको थियो।

सहकारीको प्रगति विरण प्रस्तुत गर्दै स्थापितले गत आर्थिक वर्ष २०७३/७४ मा सहकारीको निक्षेप संकलन १३ दशमलव १५ प्रतिशतले वृद्धि भएको जनाकारी दिनुभयो। उआँका अनुसार अघिल्लो वर्ष सहकारकिो निक्षेप संकलन २७ करोड ७ लाख ३७ हजार ८ सय १५ रुपियाँ रहेकोमा आव २०७३/०७४ मा ३० करोड ६३ लाख ५० हजार ४ सय २ रुपियाँ पुगेको जनाकारी दिनुभयो।

त्यस्तै संस्थाले गतवर्ष २८ करोड ६६ लाख ५७ हजार १ सय ५ रुपियाँ कर्जा लगानी गरेको छ भने आम्दानी व्याज ४ कोड ५२ लाख ११ हजार ४ सय २५ रुपियाँ उठाएको छ।

संस्थाले आव २०७३/७४ मा १९ लाख ४३ हजार ७ सय ६० रुपियाँ खुल मुनाफा गरेका छ। सहकारी मापदण्ड २०६८ बमोजिम कर्जा नोक्सानी व्यवस्थामा थप ३२ लाख ३४ हजा र ९ सय १६ छुट्याएको कारण खुद मुनाफामा कमी आएको स्थापितले बताउनुभयो। गतवर्ष संस्थाको सदस्य १ हजार ३ सय ६९ बाट कम भइ १ हजार २ सय १३ जना पुगेको थियो।



माछाको व्यापार : राजधानीको कालिमाटीस्थित तरकारीबजारमा माछाको व्यापार गर्दै माछा व्यवसायी। तस्वीर : अनिल आङदेम्बे


## बालक हक दाबी गर्न आउने बारे ३५ दिने सार्वजनिक सूचना

यस सूचना साथ प्रकाशित फोटो तथा विवरण अनुसार मिति २०७४।९।२५ गते बेलुकी अन्दाजि ६:१५ बजेको समयमा यस बालगृहको गेटमा बेवारिसे तथा अलपत्र अवस्थामा रोइरहेको अन्दाजि २३।२४ महिनाको जस्तो देखिने, गहुँगोरो, कपाल लामो भएको मैलो निलो रंगको फुल टिशर्ट तथा भित्रपट्टि भोटो लगाएको बालक देखिएको र सोधखोज गर्दा कोही कतै अभिभावक फेला नपरेको तथा उक्त बालक आफ्नो नाम, थर, ठेगाना र परिवारको बारेमा केही पनि भन्न बोल्न नसक्ने समेत हुँदा यस बालगृहले आफ्नो आश्रयमा लिएको छ। बालकलाई संरक्षण दिनको लागि बालबालिका खोजतलास केन्द्र, भृकुटिमण्डप काठमाण्डौको मिती २०७४/०९/२८ गतेको पत्रसंख्या ०७४।०७५ को चलानी नं. ३३६ को सिफारिस पत्रकासाथ यस नेपाल असहाय बालघर, शाखा कार्यालय, गोदावरी ३, ललितपुरमा अभिभावक सम्पर्क नहुन्जेल सम्म आवश्यक सहयोग तथा संरक्षणको लागि जिम्मा दिएकोले हाल उक्त बालकलाई यस संस्थाले संरक्षणको लागि आश्रीत गराएको छ। साथै यस संस्थाले बालकको नाम शुबम् बालक नामाकरण गरिदिएको छ। यदि सो बालकको आमा, बुबा, नातेदार वा अन्य हक पुग्ने कोही संरक्षक, अभिभावक भए, बालकको चल अचल सम्पती भए सो थाहा पाउने ब्यक्ति संघ,संस्था वा जो कोहीले यो सूचना प्रकाशीत भएको मिति ले ३५ दिनभित्र सबुद प्रमाण सहित यस नेपाल असहाय बालघर, ललितपुरमा दावीगर्न आउनुहोला, अन्यथा प्रचलित नेपाली कानूनअनुसार उक्त बालक स्वदेशमा नै धर्मपुत्रमा दिन सिफारीस गर्न सकिने ब्यहोरा सूचित गरिन्छ।

फोटो



सम्पर्क ठेगाना
नेपालअसहाय बालघर
शाखाकार्यालय,गोदावरी ३, ललितपुर,
फो नं ५५६०७२०


# अझै ४ सय २१ स्थानीय तह बैंकको पहुँच बाहिर

नेपाल समाचारपत्र

काठमाडौं

आधाभन्दा बढी स्थानीय तह अझै बैंकिङ पहुँचभन्दा बाहिर रहेको देखिएको छ। नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थितिअनुसार ४ सय २१ वटा स्थानीय तह अझै बैंकिङ पहुँच बाहिर रहेको देखिएको हो।

मंसिर मसान्तसम्ममा ७ सय ५३ स्थानीय तहमध्ये ३ सय ३२ स्थानीय तहमा मात्र वाणिज्य बैंकहरूको उपस्थिति रहेको राष्ट्र बैंकले सार्वजनिक गरेको तथ्यांकमा उल्लेख गरेको छ।

यसअघि अर्थ मन्त्रालयले चालू आर्थिक वर्षभित्र सबै स्थानीय तहमा 'क' वर्गका वाणिज्य बैंकको पहुँच पुऱ्याउन निर्देशन दिएको थियो। स्थानीय तहमा जाने वार्षिक बजेट, वृद्धभत्ता, पेन्सनलगायत सबै प्रकारका भुक्तानी वाणिज्य बैंकमार्फत् गर्नुपर्ने व्यवस्था गरेको छ।

वाणिज्य बैंकको उपस्थिति भएका स्थानीय तह

| प्रदेश | स्थानीय तहको संख्या | वाणिज्य बैंकहरुको उपस्थिति भएका स्थानीय तह |
|---|---|---|
| प्रदेश १ | १३७ | ६४ |
| प्रदेश २ | १३६ | ५७ |
| प्रदेश ३ | ११९ | ६३ |
| प्रदेश ४ | ७७ | ३५ |
| प्रदेश ५ | १३३ | ६८ |
| प्रदेश ६ | ६३ | १५ |
| प्रदेश ७ | ८८ | ३० |
| **कुल** | **७५३** | **३३२** |

स्रोत: नेपाल राष्ट्र बैंक


॥ संस्थाको छाप तथा लोगो संसोधन सम्बन्धिको सुचना ॥

वि.स.२०५४ सालमा स्थापना भएको **पहुँच र सृजनाका लागी सहकार्य (वाक) नेपाल** अछाम जिल्लामा क्रियाशिल नाफा रहित गैरसरकारी विकास साझेदार संस्था हो। संस्थाले विभिन्न साझेदारहरु संग मिलेर दिगो जिविकोपार्जन, स्वास्थ्य स्वच्छ खानेपानी तथा सरसफाई, शिक्षा र अधिकार, जलवायु अनुकुलन तथा प्रकोप व्यवस्थापन, संस्थागत विकास र सुसाशनका क्षेत्रमा विभिन्न परियोजना मार्फत जिल्लाको विकासका लागि योगदान पुऱ्याउँदै आईरहेको छ। यही भाद्र ३० गते सम्पन्न संस्थाको २० औं साधारण सभाको बैठकले संस्थाको विधानका केही दफाहरु र संस्थाको लोगो तथा छाप संस्थाको उद्देश्य संग मेलखानेगरि संसोधन प्रस्ताव पारित गरि स्थानिय अधिकारीको स्वीकृतिको लागि पेश गरेकाले जिल्ला प्रशासन कार्यालय अछामबाट २०७४ पौष २५ गते स्वीकृति प्राप्त भएकाले संस्थाको लोगो तथा छाप संसोधन भएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशन गरिएको छ।

| साविकको छाप तथा लोगो | संशोधित छाप तथा लोगो | |
|---|---|---|
| | अंग्रेजीमा छाप तथा लोगो | नेपालीमा छाप तथा लोगो |
| Working for Access and Creation-Nepal **(WAC-Nepal)** ESTD: 1997 | WAC NEPAL WORKING FOR ACCESS & CREATION NEPAL | WAC NEPAL पहुँच र सृजनाको लागि सहकार्य नेपाल |

## धरहरा

### प्रतिक्षा गरौं



निकै लामो रस्साकसीका बीच सरकारले बुधबार प्रदेश प्रमुख र प्रदेशको अस्थायी मुकाम तोकेको छ। तर ठूलै असन्तुष्टी जनाउँदै मुलुकका धेरै स्थानमा आन्दोलन भइरहेको छ। दाङका सांसद एवं पूर्वमन्त्री कृष्णबहादुर महराले मन्त्री परिषद्को निर्णय सार्वजनिक हुने बित्तिकै सरकारको कदमप्रति आफ्नो गम्भिर ध्यानाकर्षण भएको भन्दै प्रेस विज्ञप्ति नै जारी गरे।

प्रशासन पुनःसंरचना आयोगको सिफारिस, सरकारी उच्च निकाय र राष्ट्रिय/अन्तर्राष्ट्रिय सुझावलाई लत्याउँदै मनोमानी र स्वार्थ प्रेरित ढंगले सरकारले मुकाम तोकेको विज्ञप्तिमा उल्लेख छ। तर धरहरा अन्यौलमा छ महराज्यू, कुन अन्तर्राष्ट्रिय निकाय वा मुलुकले दाङलाई प्रदेश मुकाम तोक्न त्यस्तो सल्लाह दिएको थियो, लौन प्रष्ट पार्नुपर्‍यो। अन्य मुकामबारे पनि सरकारले अन्तर्राष्ट्रिय सुझावलाई लत्याएको पो छ कि ?

बिहीबार स्वदेश फर्किएका एमाले अध्यक्ष ओलीले पनि विमानस्थमै सरकारी कदम सही नभएको भन्दै असन्तुष्टी पोखे। अनुकूलता, आवश्यकता र सम्भाव्यताका आधारमा नयाँ सरकारले प्रदेशका स्थायी मुकाम तोक्ने उनले बताएका छन्। प्रतिक्षा गरौं, नयाँ सरकारले क-कसको अनुकूलता र आवश्यकताका आधारमा स्थायी मुकाम तोकिने हो ? पक्कै पनि हरेक जिल्लाका सदरमुकाममा तोकिने त हैन होला ?

# ओलम्पियन निशालाई स्वर्ण



काठमाडौं, (नेस)

ओलम्पियन खेलाडी निशा रावलले राखेप च्याम्पियनसिपअन्तर्गत १४औं राष्ट्रिय तेक्वान्दो प्रतियोगिताको महिला ७३ केजीमाथिको तौल समूहमा बिहीबार स्वर्ण जितेकी छन्। सातदोबाटोस्थित नेपाल तेक्वान्दो एकेडेमीमा भएको फाइनलमा नेपाल आर्मीकी निशाले फाइनलमा मध्यमाञ्चलकी सुष्मा गुरुङलाई पराजित गरिन्। त्यस्तै ७३ केजीमुनिमा एपीएफकी अप्सरा कार्की तथा ६७ केजीमुनिमा नेपाल प्रहरीकी सीता तामाङले पहिलो स्थान हात पारे।

पुरुष ८७ केजीमाथि प्रहरीका अनोज पुजारी पहिलो भए। फाइनलमा उनले आर्मीका मोहम्मद वेशको चुनौती समाप्त पारे। ८७ केजीमुनि मध्यमाञ्चलका भुपेन पुनले फाइनलमा प्रहरीका दुर्गा थापालाई पाखा लगाउँदै शीर्षस्थान हात पारे। ८० केजीमुनि प्रहरीका जेम्स प्रधानले स्वर्ण जिते। उनले फाइनलमा आर्मीका उज्ज्वल गुरागाईंलाई पन्छाए।

## अधिवेशनमा पदाधिकारी नै आएनन्

रोशन पराजुली, हेटौंडा

बिहीबारका लागि तय गरी पत्राचार गरिएको जिल्ला फुटबल संघ मकवानपुरको अधिवेशनमा जिल्ला फुटबल संघका पदाधिकारीहरू उपस्थित भएनन्।

अधिवेशनका लागि हेटौंडा-४ मा रहेको बालकुमारी पार्टी प्यालेसमा बोलाइएकोमा आयोजक नै उपस्थित भइदिएन। माघ ४ गते अधिवेशन गर्ने निर्णय गरिसकेको अवस्थामा किन नआएको भन्ने प्रश्नमा जिल्ला फुटबल संघका अध्यक्ष राजेन्द्र श्रेष्ठले केन्द्रसँग अनुमति माग गरिएको तर प्रतिनिधि नै नआएको बताए।

अधिवेशनमा सहभागी हुन आएका फुटबल क्लबका प्रतिनिधिले भने अधिवेशन गराउन पदाधिकारी नआएको भन्दै प्रहरीलाई पदाधिकारी खोजिदिन आग्रह गरेका छन्। उनीहरूले मकवानपुर फुटबल संघ खारेज गर्न पदाधिकारी लागेको आरोप लगाएका छन्। पुस २७ गतेका लागि तोकिएको अधिवेशन जिल्लाका क्रियाशील १८ क्लबको आन्दोलनका कारण रोकिएको थियो। तर, सहमतिपछि हिजो मिति तय भएको अधिवेशन पनि रोकिएको छ।

एन्फाले मकवानपुरका २ वटा मतदान अधिकार भएको क्लबहरू पिप्ले युवा क्लब तथा महावीर क्लबबारे नयाँ निर्णय लिने भन्दै जिल्ला अधिवेशन रोकिएको थियो। तर, एन्फाले सुनियोजित ढंगबाट मकवानपुरमा चलखेल गर्न खोजेको क्लबका पदाधिकारीले दाबी गरे।

## नेपाल उपाधिबाट चुक्यो

पोखरा, (नेस)

१२औं संस्करणको दक्षिण एसियाली सेभेन ए साइड फुटबल प्रतियोगिताको उपाधि विदेशिएको छ। नेपाल टाइब्रेकरमा हारेपछि बंगलादेशले उपाधि उचालेको हो। पोखराको बाराहीघाट मैदानमा बिहीबार सम्पन्न फाइनलमा निर्धारित समयमा १–१ गोल भएपछि टाइब्रेकरमा नेपाल ३–२ गोल अन्तरले हारेको थियो। काउन्टर एट्याकमा खेलको ११औं मिनेटमा उज्वल खानले बंगलादेशको लागि अग्रता दिलाए। उपाधि उचाल्ने सपनालाई बोकेको नेपालले बराबरी भने दोस्रो हाफ कुर्नुपर्‍यो। ३६ औं मिनेटमा बिनोद गुरुङले गोल गर्दै नेपाल खेलमा फर्किएको थियो।

प्रतियोगिताको उपाधि जितेको बंगलादेशले नगद २ लाख रूपियाँ पायो। उपविजेतामा चित्त बुझाएको नेपालले १ लाख नगद पुरस्कारस्वरूप पायो।












कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ